# नेपालः दुइटा सेनाबाट एउटा

एसिया रिपोर्ट नं. २११ — १८ अगस्ट २०११

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोलाः

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोनः ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


सारसङ्क्षेप र सुझाउ ....................................................................................... i

१. परिचय ........................................................................................................ १

२. हालका सम्झौतावार्ताहरू ................................................................................ २

३. अविश्वास र अन्योल ...................................................................................... ५

 क. २००५-मे २००९ ....................................................................................... ५

 ख. मे २००९-फेब्रुअरी २०११ ............................................................................ ८

४. प्रतिस्पर्धाको बाध्यता ....................................................................................... १०

 क. माओवादी पार्टी र जनमुक्ति सेनाको सम्बन्ध .................................................... १०

  १. सैद्धान्तिक विचार र छवि, रणनीति र कार्यनीति ............................................ १०

  २. लडाकूहरू के सोच्छन्? ........................................................................... १२

 ख. नेपाली सेना ............................................................................................. १४

५. समायोजन, पुनःस्थापना र अवकाश ................................................................... १६

 क. समायोजन ................................................................................................ १६

  १. प्रस्ताव ................................................................................................. १६

  २. लक्ष्मण रेखा, सहमतिका बिन्दुहरू र जोखिम ................................................ १८

 ख. पुनःस्थापना र अवकाश ............................................................................... १९

  १. विगतको अनुभवः वाइसीएल र अयोग्य लडाकूहरू ........................................... २२

  २. नगद दिंदाको फाइदा बेफाइदा .................................................................... २४

 ग. राष्ट्रिय सुरक्षा र सुरक्षा बलहरू ...................................................................... २५

६. निष्कर्ष ......................................................................................................... २७

अनुसूचीहरू

 क. नेपालको नक्सा .......................................................................................... २८

 ख. इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ............................................................ २९

 ग. इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००७ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ......... ३०

 घ. इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ................................... ३२

एसिया रिपोर्ट नं. २११ १८ अगस्ट २०११

# नेपालः दुइटा सेनाबाट एउटा

## सारसङ्क्षेप र सुझाउहरू

नेपालको शान्ति प्रक्रियाको केन्द्रीय विषय भनेको माओवादी जनमुक्ति सेनाका केहीलाई नेपाली सेनामा समायोजन गर्नु र बाँकीलाई "पुनःस्थापना" गर्नु हो। यी कदमहरू शान्ति प्रक्रिया तथा नयाँ संविधान निर्माणमा जुटेको संविधानसभाको भविष्यसित जोडिएका जटिल सम्झौतावार्ताकै हिस्सा हुन्। लडाकूहरूलाई ससम्मान निकास दिनु र प्रारम्भिक युद्धविरामपछि उनीहरूले माओवादी सेनामा बिताएका वर्षहरूलाई औपचारिक रूपमा पछाडि छाडेर उनीहरूलाई अघि बढ्न दिनु जरुरी छ। संविधानसभालाई जोगाउनु र दुई सेनालाई घटाएर एउटा बनाउनु पनि त्यत्तिकै जरुरी छ। सम्बन्धित सबै पक्षहरूले दिगो शान्तिको मर्ममा रहेको यस विषयलाई किनारा लगाउन गहिरो सुझबुझ देखाउनु परेको छ।

हुन त मे २०११ मा संविधानसभाको म्याद थपिए यता यस विषयमा सम्झौतावार्ताहरू फाट्टफुट्ट मात्रै भएका छन्, तैपनि सहमतिमा पुग्न सम्भव छ। निर्णय गर्नुपर्ने मुख्य बुँदाहरू निम्न छन्: समायोजन गरिने लडाकूहरूको सङ्ख्या तोक्ने, समायोजनका आधार तय गर्ने, दर्जा तोक्ने र पदोन्नतिको बाटो प्रस्ट्याउने तथा नेपाली सेनामा जनमुक्ति सेनाका पहिलेका सदस्यहरूको भूमिका के हुनेछ त्यो ठेगान गर्ने। पुनःस्थापनाको बाटो वा "स्वेच्छिक अवकास" रोज्नेहरूका सन्दर्भमा कति जना सीपमूलक तालिम लिन इच्छुक हुनेछन्, कति जना नगद लिन चाहने छन् वा दुवै थोक लिन खोज्ने छन् भन्ने विषय जोडिएर आउँछन्। अनि उनीहरूलाई नगद भुक्तानी कसरी दिइनेछ, माओवादी पार्टी संरचनाभित्र उनीहरूलाई कसरी मिलाइनेछ र उनीहरूमा उठ्न सक्ने असन्तुष्टिलाई कसरी बेहोरिनेछ भन्ने विषय पनि विचारणीय हुनेछन्।

समायोजन र पुनःस्थापनालाई प्राविधिक विषय भनी ठान्नु सजिलो छ। तर यो गहन राजनीतिक विमर्शको विषय हो। शान्ति प्रक्रियाले दुवै सेनालाई समान हैसियतमा हेरेको थियो, कसैलाई पनि पराजित ठानेको थिएन। सबै पार्टीहरूले जनमुक्ति सेनालाई राष्ट्रिय सेनामा ल्याउने र राष्ट्रिय सेनामा सुधार गरेर यसलाई सानो, समावेशीमूलक र अझ बढी जवाफदेही बनाउने भनेर हस्ताक्षर गरेका थिए।

नेपाली काङ्ग्रेस (नेका) र परम्परावादी कित्ताका पात्रहरूका लागि यो प्रक्रिया माओवादीहरूलाई चुमुक्र्याएर ठाउँमा ल्याउने र नयाँ संविधान बन्नुअघि नै जनमुक्ति सेनालाई ठेगान लगाउने मौका हो। अझ कट्टर अनुदारवादीहरूका दृष्टिमा जनमुक्ति सेनालाई दिइने सहुलियत सुविधा भनेको हिंसालाई पुरस्कृत गर्नु हो। यसको ठीक विपरीत उता माओवादीको विचारमा भने जनमुक्ति सेनाका कारण नै अहम् महत्त्वको राजनीतिक परिवर्तन आउन सकेको र नेपाल धर्मनिरपेक्ष गणतन्त्र हुन सकेको हो।

माओवादीहरू निजी तवरमा नेपाली सेनामा प्रवेशका सबै नभए पनि केही नियम पूर्वलडाकूहरूले मान्नुपर्ने र थोकमा लडाकूहरूलाई समायोजन गर्न गाह्रो हुने कुरा स्वीकार्छन्। सैद्धान्तिक तवरमा त्यस पार्टीले नेपाली सेनाअन्तर्गतको नयाँ निर्देशनालय मातहत लडाकूहरू समायोजन हुने कुरालाई स्वीकारेको छ, यद्यपि त्यस्तो निर्देशनालयको अधिकारक्षेत्र स्पष्ट छैन र त्यसको नेतृत्व पनि सुरुमा जनमुक्ति सेनाको पूर्वकमाण्डरलाई सम्भवतः दिइने छैन। यसो गर्नु कुनै पनि अर्थमा दुवै सेना मिसाएर एउटै बनाउनु होइन, जसको माग माओवादीहरूले राख्दै आएका छन्। माओवादी पार्टी फेरि युद्धमा फर्कन चाहँदैन र जनमुक्ति सेनालाई सन् २००७ देखि नै राजनीतिक जीवनबाट क्रमबद्ध ढङ्गले अलग्याइएको छ। तर माओवादीहरूले संवैधानिक विषयहरूमा निकै ठूला सम्झौताहरू गर्दै गएबाट यी सबै कुराबारे पार्टीभित्रकै केहीको र जनमुक्ति सेनाको चित्त बुझाउन गाह्रो छ। माओवादीहरूको आफ्नै रूपान्तरणका लागि समेत जनमुक्ति सेनालाई सम्मानपूर्ण व्यवहार गरिएको देखिनु वाञ्छनीय छ। त्यस पार्टीले साङ्केतिक नै भए पनि सहुलियत पाउनुपर्छ चाहे त्यसबाट नेपाली सेना र नेकाको टाउको किन नदुखोस्।

साङ्केतिक वा अन्यथा जे भए पनि जनमुक्ति सेनासामु उपस्थित विकल्पहरूसित १९,००० लडाकूहरूको सोझो सरोकार छ। पूर्वलडाकूहरू आपराधिक गिरोहहरूमा लाग्ने, उनीहरूले आफ्ना आक्रोसको लक्ष्य आफ्नै पार्टीका नेताहरूलाई बनाउने वा नेपाली सेनामा रहेर अन्तरध्वंशात्मक गतिविधिमा संलग्न हुने जस्ता यस प्रक्रियाका सम्भावित जोखिमहरूलाई घटाउने उपायबारे पार्टीहरूले निधो गर्ने नै छन्। तर त्यसो गर्दा लडाकूहरूको समूह विविधतायुक्त समूह हो भन्ने कुरा बिर्सन हुँदैन। भिन्नभिन्न तहका लडाकूहरूलाई बेग्लाबेग्लै खालका व्यवहार गरिनु आवश्यक हुन्छ र एउटै तहका समूहमा पनि विभिन्न विकल्प उपलब्ध हुनुपर्छ।

समायोजन नेपाली सेनाका लागि आफूलाई सकारात्मक खेलाडीका रूपमा प्रस्तुत गर्ने एउटा परीक्षा पनि हो। नेपाली सेनाले अनौपचारिक तवरमा सरकारसामु राखेको प्रस्तावले सम्झौतावार्ताका लागि एउटा ढाँचा प्रस्तुत

गरेको छ र त्यसका केही अंशले अघि बढ्नका लागि मोटामोटी हिसाबले स्वीकार्य हुन सक्ने बाटो पनि दिएको छ। थाहा नपाउँदो गरी नेपाली सेनाले यसप्रकार एजेन्डा तय गर्नु सेनामाथि नागरिक नियन्त्रण हुनुपर्ने सिद्धान्तको प्रतिकूल छ। तर व्यावहारिक हिसाबले हेर्दा यसबाट सेनाको स्वार्थको राम्रो प्रतिनिधित्व भएको पाइन्छ, जो उनीहरू प्रक्रियामा सामेल रहिरहनका लागि जरुरी छ।

आवश्यकताअनुरूप संविधानसभाको म्याद फेरि थप्नेदेखि लिएर अन्य संवैधानिक मुद्दाहरूमा पार्टीहरू सहमतिमा पुग्नका लागि पनि समायोजन र पुनःस्थापनाको विषयलाई तत्काल सल्टयाउनु जरुरी छ। समायोजन र पुनःस्थापना यस्ता विषय हुन् जसबारे जनसाधारणको रुचि सीमित छ। तर यसबारे देखिएको सुस्तताले जनतामा मूलधारका पार्टीहरूउपर वितृष्णा बढाउने काम गरेको छ र अझ त्यसभन्दा पर्तिर प्रजातान्त्रिक प्रक्रियाको वैधानिकता नै उल्टिन सक्ने काममा योगदान पुर्‍याइरहेछ। यसका कारण सन् २००६ बाट आएका राजनीतिक परिवर्तनहरूलाई उल्टाउन खोज्ने भुरेटाकुरे पात्रहरूले टेक्ने ठाउँ पाइरहेका छन्। शिविरहरूलाई कायम राखिरहँदा राज्यलाई पनि ठूलो आर्थिक भार उठाउनु परिरहेको छ र विगत चार वर्षदेखि यो भार राज्यले वहन गरिरहेको छ। अन्त्यमा, नेपाली सेनाभित्रको अवस्था पनि अहिले अपेक्षाकृत अनुकूल छ, सेनाप्रमुख पार्टीहरूसित मिलेर काम गर्न तत्पर छन्। युद्धलाई औपचारिक र पूर्णरूपले पटाक्षेप गर्ने काम अहिल्यै थालिन सक्छ र थालिनु पनि पर्छ।

## सुझाउहरू

समायोजन र पुनःस्थापनाको कार्यले एकाधिक उद्देश्यहरू अनिवार्यतः पूरा गर्नुपर्ने हुन्छः यसले दस वर्षे युद्धको अन्त्य र पाँच वर्ष लामो सङ्क्रमणकालको अन्त्य जनाउनुपर्छ; यसले केही वर्ष यताको इतिहास र राजनीतिक परिवर्तनहरूलाई आत्मसात् गर्नुपर्छ; र यसले स्थानीय प्रकृतिको द्वन्द्व वा राजनीतिक हिंसाको खतरालाई घटाउनुपर्छ। विशेषतः

- नेपाली सेनामा समायोजन भएका लडाकूहरूले उनीहरूको उमेर र सेवाअवधिअनुरूप सुहाउँदिलो सेवावृत्ति र नेपाली सेनामा तिनका सहकर्मीहरूको स्तरमा पुग्न सक्ने अवसर पाउनुपर्छ। उनीहरूबीचको अन्तरलाई पुर्ने खालको एक वा दुई वर्षे अध्ययन कोर्स दिनुपर्ने विषयमा छलफल सुरु भइसकेको छ। केही लडाकूहरूलाई आफ्नो शैक्षिक योग्यता बढाउन केही थप समय आवश्यक पर्नेछ भने केहीलाई प्रशासनिक प्रतिष्ठानमा अध्ययनार्थ पठाउन सकिन्छ। नेपाली सेनामा पदोन्नति कहिलेकाहीँ आशीर्वादका भरमा हुने भएकाले माओवादी लडाकूहरू त्यसबारे निश्चय नै सशङ्कित छन्। समायोजित सेनाका पद बहालीमा प्रतिस्पर्धा हुन नसके त्यसबाट असन्तुष्टि फैलनेछ।

- जनमुक्ति सेनाबाट गएकाहरूलाई “असैनिक” वा निस्शस्त्र मानिएमा त्यसले उनीहरूमा समस्या खडा गर्न सक्छ। यदि नेपाली सेनाअन्तर्गतको निर्देशनालयलाई नै समायोजन स्थल बनाउने हो भने त्यसको क्षेत्राधिकारबारे प्रस्ट सोचाइ रहनुपर्छ। जनमुक्ति सेनालाई सीमा सुरक्षा कार्यमा खटाइनुपर्छ भन्ने माओवादीहरूको सुझाव मान्य हुन सक्तैन; नेपाली सिमानालाई सैनिकीकरण गर्नु आवश्यक छैन। पार्टीहरूले नयाँ बन्ने निर्देशनालयले शान्ति सेना र राष्ट्रिय निकुञ्जहरूको सुरक्षा गर्ने जस्ता नेपाली सेनाको इज्जतिलो काममा भाग लिन पाउने नपाउनेबारे छलफल गर्नुपर्छ। अहिलेसम्मको वादविवाद नेपाली सेनालाई मध्यनजर राखेर हुँदै आएको छ, तर प्रहरी र सशस्त्र प्रहरी अझै पनि विकल्प हुन सक्छन् र पार्टीहरूले ती सम्भावनाहरूको पनि विश्लेषण गर्नुपर्छ।

- स्वतन्त्र तवरमा गरिएका केही मूल्याङ्कनहरूबाट बहुतायत मात्रामा लडाकूहरूले पुनःस्थापना र राजनीतिक कार्यको विकल्प रोज्नेछन् वा आकर्षक नगद अथवा नगद र व्यावसायिक तालिम मिलाइएको प्याकेज दिइएको खण्डमा “स्वेच्छिक अवकास” रोज्नेछन् भन्ने देखिएको छ। धेरैका लागि यो विकल्प रुचिकर हुन सक्छ, तर पहिलेबाटै राम्रो बन्दोबस्त मिलाउन नसकेमा त्यस्तो नगद भुक्तानी माओवादीहरूको ढुकुटी भर्ने काम मात्रै हुन जानेछ जो अरू पार्टीहरूका लागि राजनीतिक तनावको स्रोत बन्न जानेछ। त्यसो नहोस् भन्नाखातिर नगद भुक्तानी निश्चित समयावधिभित्र खण्डखण्ड गरेर दिनुपर्छ। भुक्तानीको केही खण्ड कुनै तालिम पूरा गरेपछि मात्र वा प्रहरीमा रेकर्ड सफा भएपछि मात्र दिने गर्नुपर्छ। त्यस्तै केही खण्डलाई निर्ब्याजी वा न्यून ब्याजमा ऋणस्वरूप दिने, वैदेशिक रोजगारमा जान चाहनेका लागि सोझै रोजगार एजेन्सीलाई शुल्क तिरी दिने वा सरकारी निक्षेप बोन्ड खरिद गरिदिने आदि काम गर्न सकिन्छ। उपर्युक्तमध्ये केही विकल्पहरूबारे कुरा उठिसकेका छन् तिनलाई औपचारिकता प्रदान गरिनुपर्छ।

- सन् २०१० मा गरिएको अयोग्य लडाकूहरूलाई निष्कासन गर्ने त्रुटिपूर्ण अभ्यासबाट केही पाठ सिक्न सकिन्छ। व्यावसायिक तालिमको विकल्प दिँदाखेरि लडाकूहरूको रुचि र योग्यता हेरी दिनुपर्छ, एकतर्फी हिसाबले होइन। भाषाउपरको संवेदनशीलतालाई दृष्टिगत गरेर “पुनःस्थापना” जस्ता शब्दको ठाउँमा “तालिम” शब्दको प्रयोग गर्नु उपयुक्त हुनेछ। त्यसैगरी तालिमका लागि रकम जुटाउने वा तालिम कार्यक्रमहरूको सुपरीवेक्षण गर्ने अन्तर्राष्ट्रिय दातृ निकायहरूले पनि तालिमेहरूले लगानीअनुरूपको तालिम पाएका छन् छैनन् त्यसको मूल्याङ्कन गर्नुपर्छ। यसै पनि लडाकूहरूलाई उनीहरूले पाएको तालिममा कति रकम खर्च भइरहेको कुरा थाहा भई नै हाल्छ।

- नेपाली सेनामा समायोजित भएका समेत सबै खाले पूर्वलडाकूहरूको दुईदेखि तीन वर्षसम्म लगातार अनुगमन गरिनुपर्छ। त्यस्तो अनुगमन हालको विशेष समितिको सचिवालयले गर्ने सक्नेछ। किनभने लडाकूहरूको व्यक्तिगत विवरण तयार पार्ने सिलसिलामा उक्त सचिवालयले यथेष्ठ अनुभव र कर्मचारीहरू पनि जुटाइसकेको हुनेछ।

- शिविरहरू खालि हुने क्रम अघि बढ्दै जाँदा पार्टीहरू र सरकारले दुईओटा अभ्यास थाल्नुपर्दछ। पहिलो, नेपाली सेनाका तल्ला तहका अधिकृत तथा जवानहरूको तलबभत्ता र उनीहरूले काम गरिरहेका अवस्थाको पुनरावलोकन। समायोजन नहुँदैको अहिलेको परिस्थितिमा

नै ती कुराबारे नेपाली सेनामा असन्तुष्टि रहेको पाइन्छ। दोस्रो, संविधानले नै तोकेको समायोजन र पुनःस्थापनाबारेको विशेष समितिको ठाउँमा त्यस्तै किसिमको अर्को निकाय बनाइनुपर्छ जसले सुरक्षाक्षेत्रको सुधार सम्बन्धमा नीतिगत अध्ययन-अनुसन्धान गर्नेछः नेपाली सेनालाई कसरी अझ बढी जवाफदेही र धान्न सकिने बनाउने, रक्षा मन्त्रालयलाई कसरी बलियो पार्ने र कसरी नेपाली सेनालाई समावेशीमूलक बनाउनुका साथै यसको आकारलाई घटाउने आदि अध्ययनका विषय हुनेछन्।

**काठमाडौं/ब्रसेल्स, १८ अगस्ट २०११**

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. २११ १८ अगस्ट २०११

# नेपालः दुइटा सेनाबाट एउटा

## १. परिचय

नेपालको शान्ति प्रक्रिया घिचघिच गर्दै अघि बढेको छ र यो प्रक्रिया सन् २००६ मा शान्ति सम्झौतामा हस्ताक्षर भएपछि सुरु भएको हो।[1] यो शान्ति प्रक्रियामा पटकपटक धराशायी हुने छाँट देखिएको थियो, तैपनि यो अहिलेसम्म टिकेको छ, टिकेको मात्र नभई यसमा उल्लेखयोग्य प्रगति पनि भएको छ। सबै पक्षका राजनीतिज्ञहरू हिंसा बल्झिएको हेर्न चाहँदैनन् र अन्तिम समयमा भए पनि प्रक्रियालाई जारी राख्न सहमतिमा पुग्ने गरेका छन्। तर एउटा विषय भने घरीघरी सामुन्ने आइरहेको छ र त्यसले सबैलाई अँठ्याइराखेको छ। त्यो विषय होः माओवादी सेनाका केही सदस्यहरूलाई नेपाली सेनामा मिसाउनेबारे पहिले भइसकेको सहमति।

जनमुक्ति सेनाका लडाकूहरूलाई साविकको शाही नेपाली सेना अर्थात् हालको नेपाली सेनामा मिसाउने कुरा अप्ठ्यारो थियो। एकअर्काको दुश्मनका रूपमा एक दशकसम्म लडेका उनीहरूले एकअर्कालाई निकै ठूलो हानि-नोक्सानी पुऱ्याएका थिए, यद्यपि दुवैतर्फको मारमा भने जनसाधारण परेका थिए। राजनीतिमा दक्षिणपन्थी झुकाउ राख्नेहरू सेना मिसाउने कुनै पनि काम हिंसालाई पुरस्कृत गरेको ठहरिने र यस्तो कार्यबाट राज्यविरुद्ध बन्दुक उठाउन अरू पनि प्रेरित हुने ठान्छन्। माओवादीहरू भने उनीहरूका सेनाले मुलुकमा मूलभूत परिवर्तन ल्याउन सकेको र यसलाई हरुवा सेना ठानेर विघटन गर्न नहुने तथा यसले राष्ट्रिय सेनाको हैसियतमा इज्जतिलो ठाउँ बनाएको विचार राख्दछन्।

समायोजन र पुनःस्थापनाको प्रश्नले समग्र शान्ति प्रक्रियाको सम्झौतापूर्ण प्रकृतिलाई उजागर गर्दछ। सत्ता साझेदारीदेखि लिएर जनमुक्ति सेनाको विषय, समायोजन र पुनःस्थापनाका कुरा तथा संविधानसभा आदि सबै विषयमा आपसी सहमतिद्वारा नै काम भएका छन् र ती कुनै कुरालाई एकअर्कासित अलग मानिएको छैन। अन्तिम समयमा जे परिआउँछ त्यसका आधारमा लेनदेन हुने गर्दछ र त्यस्तो लेनदेनमा पनि पहिले गरिएका मुख्यमुख्य प्रतिबद्धतालाई दोहोऱ्याउने गरिन्छ, तर बडो अस्पष्ट भाषामा। अपेक्षाहरू धेरै ठूला छन्, खासगरी संस्थागत सुधारबारे र निकै ठूलो सहमति होला भन्नेबारेमा। तर सबै सहमतिका प्रयासहरू प्रतीकात्मक तहमा मात्रै सीमित रहन गएका छन्। त्यति हुँदाहुँदै पनि अहिलेको शान्ति र राजनीतिक प्रक्रियामा समायोजन र पुनःस्थापनाको सन्दर्भलाई खुट्याउनाले दुई प्रकारका विकासक्रम देखिन आउँछन्। एउटा त हो राजनीतिक पार्टीहरू र नेपाली सेना शान्ति प्रक्रियाको प्रारम्भिक बेलामा रहेको चरम आपसी अविश्वासको अवस्थालाई पार गरेर अहिले यहाँसम्म कसरी पुगेका छन् भन्ने कुरा, यद्यपि त्यो प्रवृत्ति अझै हराइसकेको छैन। दोस्रो कुरा हो धेरै विषयहरूमा रहेको विभाजनको

---

[1] शान्ति प्रक्रिया, जनमुक्ति सेना र शिविरहरूसम्बन्धी क्राइसिस ग्रुपका पहिलेका रिपोर्टहरूका लागि हेर्नुहोस् एसिया रिपोर्ट नं. १०६, *Nepal's New Alliance: The Mainstream Parties and the Maoists*, २८ नोभेम्बर २००५; नं. १२६, *Nepal's Peace Agreement: Making it Work*, १५ डिसेम्बर २००६; नं. १३२, *नेपालका माओवादीहरू विशुद्धतावादी कि व्यवहारवादी*, १८ मे २००७; नं. १५५, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?*, ३ जुलाई २००८; नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य*, ३ जुलाई २००८; नं. १६३, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया*, १९ फेब्रुअरी २००९; नं. १७३, *नेपालको भविष्य कसको हातमा?*, १३ अगस्ट २००९; नं. १९४, *नेपालको राजनीतिक संस्कार*, २९ सेप्टेम्बर २०१०; र एसिया ब्रिफिङ नं. ६८, *नेपालको नाजुक शान्ति प्रक्रिया*, २८ सेप्टेम्बर; नं. ७२ *नेपालः स्थगित शान्ति*, १७ डिसेम्बर २००७; र नं. १२०, *नेपालको लागछोड शान्ति प्रक्रिया*, ७ अप्रिल २०११। सन् २००७ देखि यताका सबै दस्तावेजका नेपाली रूपान्तरणको पूर्ण पाठ www.crisisgroup.org/nepali मा उपलब्ध छ। नोभेम्बर २००६ मा भएको विस्तृत शान्ति सम्झौतामा माओवादी सेना अस्थायी शिविरहरूमा रहने र संयुक्त राष्ट्रले उनीहरूको "प्रमाणीकरण" र अनुगमन गर्ने कुरा उल्लेख छ। अन्तरिम मन्त्रिपरिषद्ले "माओवादी लडाकूहरूको सुपरीवेक्षण, समायोजन र पुनःस्थापना" गर्नेछ। माओवादी सेनाले आफ्नो सुरक्षाका लागि चाहिने बाहेकका सबै हातहतियारहरू कन्टेनरमा बन्द गरेर राख्नु पर्नेछ र तिनका साँचो उनीहरूसँगै हुनेछ र कन्टेनरहरूलाई संयुक्त राष्ट्रसङ्घले अनुगमन गर्नेछ। नेपाली सेना पनि आफ्नो ब्यारेकभित्रै रहनु पर्नेछ र माओवादीहरूले जुन सङ्ख्यामा र जुन अवस्थामा हतियार राखेका छन् त्यति नै सङ्ख्या र अवस्थामा हतियारहरू नेपाली सेनाले ताला लगाएर राख्नु पर्नेछ। अन्तरिम मन्त्रिपरिषद्ले नेपाली सेनाको "उपयुक्त आकार तोक्न" र त्यसको "प्रजातान्त्रिक संरचना र समावेशी चरित्र" निर्माणका लागि नेपाली सेनालाई प्रजातान्त्रिकरण गर्ने कार्य योजना तयार पार्नेछ। डिसेम्बर २००६ मा भएको हातहतियार र सेना व्यवस्थापन तथा अनुगमनसम्बन्धी सम्झौताले दुवैतिरका सेनाका निम्ति हिँडडुल र गतिविधिमा पाबन्दी, हतियार, शिविर र ब्यारेकहरूको अनुगमन तथा बारुदी सुरुङ रहेका ठाउँहरूबाट तिनलाई हटाउने विषयमा सर्तहरू तोकिदिएको छ। सो कुराको पालना गराउने जिम्मा संयुक्त राष्टसङ्घीय मिसन (अनमिन) हुनेछ र अनमिनले संयुक्त अनुगमन संयोजन समितिको अध्यक्षता पनि गर्नेछ। अनमिनले कार्यान्वयनमा मदत गर्नेछ र अझ महत्त्वपूर्ण कुरा त के भने अनमिनले विवाद समाधान गर्ने संयन्त्रको रूपमा रही काम गर्नेछ र विश्वास बढाउन सहयोग गर्नेछ। अन्तरिम संविधानमा मन्त्रिपरिषद्द्वारा नियुक्त विशेष समितिले बृहत् राजनीतिक परामर्शमा माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापना गर्नेछ भनिएको छ र प्रजातान्त्रिकरण गर्ने कार्ययोजनाप्रतिको प्रतिबद्धता दोहोऱ्याइएको छ। यी सबै दस्तावेजहरूमा "माओवादी सेना" भनेर उल्लेख गरिएको छ जनमुक्ति सेना भनेर होइन। तथापि लडाकूहरू र पार्टी भने अहिलेसम्म जनमुक्ति सेना नै भन्ने गर्दछन्। यस रिपोर्टमा दुवै थरी नामको प्रयोग सराबरी गरिएको छ।

खाडल पुर्रिंदै जानु र सहमतिको सम्भावना देखापर्नु, खासगरी समायोजन र पुनःस्थापनाको विषयमा। यो रिपोर्ट यी विषयका यावत् पक्ष र यसबाट प्रत्यक्षतः प्रभावित जनमुक्ति सेनालगायतका मुद्दाबारे सन् २०११ को जनवरी र जुलाई महिनामा लिइएका अन्तर्वार्ताका आधारमा तयार पारिएको हो। अन्तर्वार्ताहरू काठमाडौं, नेपालगन्ज, सुर्खेत, चितवन, सुनसरी, पाँचथर र झापा जिल्लामा लिइएका थिए।

## २. हालका सम्झौतावार्ताहरू

संविधानसभाको म्याद ३१ अगस्ट २०११ मा सकिँदैछ। यसको म्याद तीन महिनाका लागि २८ मेका दिन बढाइएको थियो र त्यसको आधार वास्तवमा संविधानसभाको म्याद छ महिनाका लागि बढाउने र त्यसको पहिलो खण्ड तीन महिनालाई मान्ने भन्ने व्यावहारिक समझदारी थियो। सङ्घीयता र शासन पद्धतिको ढाँचा जस्ता संविधानका गाँठी कुराहरू अझै किनारा लाग्न सकेका छैनन्। तर संविधानसभाको अर्को म्याद थप गर्ने कुरा दुईओटा अन्य मुद्दाहरूसित जोडिएका हुनेछन्ः ती हुन् राष्ट्रिय सहमतिको सरकार बनाउने छलकारी कुरा र जनमुक्ति सेनाको भविष्य।

एकीकृत नेकपा (माओवादी) वा "माओवादी", नेपाली काङ्ग्रेस (नेका), नेकपा (एकीकृत मार्क्सवादी-लेनिनवादी) वा एमाले र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा — यी चारओटा ठूला पार्टी वा पार्टी गठबन्धनहरूबीच मे महिनामा भएको सहमति पनि यसअघि गरिएको सहमतिहरूभन्दा भिन्न थिएन। यो सहमति अन्तिम समयमा भएको थियो, अस्थायी थियो र यसमा गाजेमाजे शब्दहरूको उपयोग गरिएको थियो। त्यस सहमतिका प्रावधानहरूमा शान्ति प्रक्रियाका "आधारभूत जिम्मेवारी" लाई तीन महिनाभित्र पूरा गर्ने, नयाँ संविधानको मस्यौदा त्यसै अवधिभित्र तयार पार्ने, नेपाली सेनालाई अझ समावेशी बनाउन मधेसी पार्टीहरूसित यसअघि भएका सम्झौताहरूलाई लागू गराउने र संविधानसभाको म्याद तीन महिनाका लागि थप गर्ने आदि थिए। प्रधानमन्त्रीले "सहमतीय राष्ट्रिय एकताको सरकार" बनाउन राजीनामा दिने कुरा पनि त्यसमा परेको थियो। त्यो सहमति पारित भए लगतै पार्टीहरूले त्यस सहमतिबारे आआफ्नै हिसाबले व्याख्या गर्न सुरु गरे।[२]

प्रधानमन्त्री झलनाथ खनालले राजीनामा दिएका छन्, तर सहमतीय सरकार आउने छाँटकाँट देखिँदैन र त्यस्तो सरकारको नेतृत्वबारेको खिचलोले गर्दा संविधानसभाको म्याद जसरी सहजै बढाइयो त्यस कुरामा र आउँदा महिनाहरूमा त्यसका क्रियाकलापमा पनि असर पर्न सक्छ। फेरि नयाँ संविधान निर्माणको कार्यलाई अघि बढाउन मिलेर के कति गर्न सकिन्छ त्यस कुराको नापजोख पनि पार्टीहरूले गर्नेछन्। संविधानसभाको कुनै विकल्प छैन र कुनै एक पार्टीले यति छोटो समयमा सर्वस्वीकार्य कुनै उपाय निकाल्न सक्ने अवस्था पनि छैन। ताजा आमनिर्वाचन गराउनुपर्ने नेकाको (र एमालेको) एउटा हिस्साले उठाएको माग पनि लगभग सेलाएको छ। तर समायोजनबारे कुनै प्रगति नभएसम्म नयाँ संविधान जारी हुने कुरा त परै जाओस् त्यसउपर पूर्ण सहमतिसमेत हुन सक्दैन।[३] माओवादी लडाकूहरूको चाहनाबमोजिम उनीहरूको पुनर्वर्गीकरण गरिने कुरालाई यसअघिको अवस्थामा नेकाले चित्त बुझाउने

[२] केही वार्ताकारहरूद्वारा प्रस्तुत सम्झौताउपरका व्याख्याहरू र अपेक्षाहरूका लागि, हेर्नुहोस् "The Rationale Behind the Deal", *The Kathmandu Post*, ३० मे २०११। युद्धविराम भएको पाँच वर्ष बितिसक्दा पनि पार्टीहरू शान्ति प्रक्रियाका "आधारभूत कार्यहरू" के हुन् भन्ने कुरामा अझै एक मत देखिन्नन्।
[३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, अगस्ट २०११।

थियो होला, तर अहिले यस्तो हुन सक्ने सम्भावना पनि क्षीण भएको छ।[४]

समायोजन र पुनःस्थापनाउपरको सम्झौतावार्ता रोकिएको छ, तैपनि सहमतिको जग भने बसालिसकिएको छ। मे महिनामा संविधानसभाको म्याद थप्ने सन्दर्भमा भएका सम्झौतावार्ताहरूमा पहिलो पटक समायोजन विषयक विवरणहरू सामुन्ने आए र तीउपरका मतभिन्नताहरू हटाउन नसकिने खालका रहेनछन् भन्ने तथ्य पनि बोध भयो। माओवादीहरू झन्डैझन्डै राजी भइसकेका थिए र उनीहरूले नेपाली सेनाअन्तर्गत नयाँ बन्ने निर्देशनालयको अधीनमा समायोजन गरिने प्रस्तावलाई सिद्धान्तमा स्वीकार गरिसकेका थिए। पार्टीहरूले समायोजन गरिने लडाकूहरूको सङ्ख्या, निर्देशनालयको भूमिका र क्षेत्राधिकार, सुरुआती कार्यको समयसीमा र माओवादी लडाकूहरूको पुनर्वर्गीकरण तथा समायोजन गरिने लडाकूहरूको छनोटलगायतका विषयउपर छलफल गरेका थिए।

नेकाले अन्तिम समयमा आएर संविधानसभाको म्याद थप्न स्वीकृति दिनुअघि माओवादीहरूले उनीहरूका हतियार राखिएका कन्टेनरहरूका साँचो बुझाउनुपर्ने माग गरेका थिए। माओवादीहरूले त्यसो गर्न अस्वीकार गर्दै जनमुक्ति सेनाले माओवादी नेताहरूलाई बुझाएका सुरक्षासम्बन्धी विवरण नखुलाउनेसमेत अड्डी लिए।[५] नेकाले संविधानसभालाई भङ्ग गर्ने धम्की दिइरह्यो, यद्यपि नेकाभित्रकै प्रभावशाली खेमा त्यसको विरोधमा थियो। त्यतिन्जेल मधेसी पार्टीहरूलाई सम्झौतावार्तामा सामेल गराइएको थिएन। उनीहरू पनि सम्झौतावार्ताको अन्तिम चरणमा सामेल भए अनि नेपाली सेनामा मधेसीहरूको प्रतिनिधित्व बढाउनेबारे यसअघिका प्रतिवद्धताहरू पूरा गरिनु पर्ने माग राखे।[६] सत्तामा रहेको एमालेमा पनि गहिरो विभाजन थियो। परिणामस्वरूप जुन सहमतिमा आखिरमा पार्टीहरू पुगे त्यसमा त्यसबारेको विस्तृत विवरण, कार्यविधि र समयसीमाबारे उल्लेख भएन, केवल संविधानसभालाई जोगाउने र सरकार परिवर्तन गरिने कुरामा ध्यान दिइयो।

मे महिनामा संविधानसभाको म्याद थपिएपछि नेका र एनेकपा (माओवादी) मा फेरि आन्तरिक लडाइँ सुरु भयो। नेकाले आफूभित्रका विवादलाई अझै सुल्झाउन सकेको छैन, त्यसले गर्दा माओवादीहरूसित गर्ने व्यवहार र संविधानसभाको भविष्यलाई विवेकसम्मत ढङ्गले लैजाने उसको क्षमतामा असर परेको छ।[७] माओवादीहरूमाझ गुटबन्दी त छ तर त्यो हुँदाहुँदै पनि लडाकूहरूलाई सम्मानजनक व्यवहार गरिनुपर्छ भन्नेमा उनीहरूको मतैक्य रहेको छ। त्यसैगरी हालका राजनीतिक परिवर्तनहरूमा उनीहरूका व्यक्तिगत योगदान र जनमुक्ति सेनाको भूमिकाको कदर गरिनुपर्छ भन्नेमा पनि उनीहरू एक छन्। माओवादीहरूबीचको मतभिन्नता पार्टी र मन्त्रालयको जिम्मेवारीको बाँडफाँडसित सम्बन्धित छ। तर वरिष्ठ उपाध्यक्ष मोहन वैद्य "किरण" र उपाध्यक्ष बाबुराम भट्टराईले जनमुक्ति सेनालाई सम्झौतावार्तामा अघिल्तिर ल्याए। आफ्नो सेनालाई छाडिदिनाले पार्टीले खोजेका कुरा पाउन सक्दैन र राजनीतिक शक्ति पनि गुमाउँछ भन्ने उनीहरूको तर्क थियो।[८] उनीहरूको आन्तरिक विवाद हाललाई साम्य भएको छ संविधानसभाको म्याद सकिन अगाडि समायोजन र पुनःस्थापनाबारे केही गरेर देखाउने दबाब एमालेका अध्यक्ष झलनाथ खनाल र एनेकपा (माओवादी) अध्यक्ष प्रचण्डमा पर्ने गएको छ।

---

[४] समायोजन र पुनःस्थापना प्रक्रिया भन्नाले समायोजन हुन चाहनेलाई समायोजन गर्ने, पुनःस्थापनामा जान चाहनेलाई पुनःस्थापनामा लाने र राजनीतिक जीवनमा फर्कन चाहलेलाई फर्कन दिने वा "स्वेच्छिक अवकाश" दिने गरी तीन समूहहरूमा लडाकूहरूको पुनर्वर्गीकरण गर्ने कामबाट आरम्भ हुने प्रक्रिया बुझिन्छ। कुनचाहिँ काम पहिले गर्ने भन्ने सवालले समस्या पैदा गर्न सक्छ, तैपनि राजनैतिक आवश्यकताले राम्रो काममा पहिले हात हाल्न लगाउन सक्छ। तर धेरै प्रश्नहरू उठ्न सक्छन्। के समायोजन र पुनःस्थापनाका विकल्पहरूबारे विस्तृत राजनीतिक निर्णय नगरीकन पुनर्वर्गीकरण गर्न सकिन्छ? लडाकूहरूका प्राथमिकतालाई मान्ने हो भने उनीहरूका लागि केके विकल्प हुन सक्छन्? अझ भन्ने हो भने, लडाकूहरूका चाहना र उनीहरूका योग्यताबारे सर्वेक्षण नगरीकन विकल्पहरूबारे राजनीतिक निर्णय गर्नु कत्तिको जायज हो?

[५] संविधानसभाको म्याद बढाएको केही दिनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" ले पार्टी नेतृत्वको सुरक्षाका लागि खटिएका जनमुक्ति सेनाका करिब १०० जना सुरक्षकर्मीहरूलाई बिदा दिए। त्यसो त यो औपचारिक सम्झौताअन्तर्गत गरिएको काम थिएन। तर, थोरै भए पनि माओवादीहरूले राम्रो काम गरेको देखाउन गरिएको यस प्रयासको पार्टीभित्रैबाट चुनौती आयो, वरिष्ठ उपाध्यक्ष मोहन वैद्य "किरण" ले आफ्ना सुरक्षाकर्मी फिर्ता पठाउन मानेनन्। वैद्य समूहले दुई महिनापछि मात्र त्यसो गर्न मान्यो, त्यो पनि समायोजन र पुनःस्थापनाको तयारीको सिलसिलामा नभई पार्टीभित्र पद विभाजनउपर उठेको ठूलो अन्तरकलहको एउटा सानो हिस्साका रूपमा। पार्टीभित्रका सबै पक्षहरूले राज्यलाई जनमुक्ति सेनाको हतियार बुझाउने कुराको विरोध गरे। उनीहरूका तर्कमा समायोजन र पुनःस्थापना प्रक्रियाको सुरुमै यसो गर्नु "आत्मसमर्पण" थियो।

[६] फेब्रुअरी २००८ मा अन्तरिम सरकार र मधेसवादी पार्टीहरूको गठबन्धन संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा (संलोममो) बीच भएको सम्झौतामा भनिएको छ सेनालाई "राष्ट्रिय र समावेशी चरित्र" प्रदान गर्नका लागि "मधेसी र अन्य समूहहरू" को प्रवेशलाई सुनिश्चित गरिनेछ।

[७] एमाले र नेकाभित्र विद्यमान मतभेद र नेतृत्वबारे नेकाको लडाइँ सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित। गठबन्धनमा फेरबदल भइरहन्छ र संविधानसभाबारेका सम्झौतावार्ता जस्ता केही घटनाबाट नयाँनयाँ तत्त्वहरू देखा पर्छन्। उदाहरणार्थ, "हतियार पहिला बुझाऊ" भन्ने जोड र ताजा निर्वाचन गराउने माग नेपाली काङ्ग्रेसले माओवादीलाई समायोजन मान्न लगाउन दिएको धम्कीकै एउटा अंश थियो। तर निजी रूपमा भने नेकाको ठूलो हिस्सा संविधानसभा भङ्ग गर्ने पक्षमा थिएन, संविधानसभाको विघटन भएमा समायोजन र पुनःस्थापनाको बहसमा नेकाको त्यही बल रहन्न थियो। स्पष्ट अडान नहुनाका कारण केही समयदेखि सम्झौतावार्तामा नेकाले धर्मर अवस्था देखाएको छ र शान्ति प्रक्रियाको चालकको सिटबाट माओवादीलाई हटाउन चाहिने खतरा मोल्न पनि नेका अनिच्छुक देखिन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अगस्ट २०११।

[८] थप जानकारीका लागि यस ब्रिफिङको खण्ड ४ हेर्नुहोस्। केही मतभेदहरूको सारांशका लागि हेर्नुहोस् क्राइसिस ग्रुप ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित। किरण र उनको समूह प्रायः "कट्टरपन्थी" का रूपमा चिनिन्छन्। त्यो विशेषण किन असहयोगी रह्यो भन्ने थाहा पाउन हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* माथि उल्लेखित, पृ. २। जनमुक्ति सेनाका सुरक्षाकर्मीलाई फिर्ता पठाउने सम्बन्धमा यी तथाकथित "कट्टरपन्थीहरू" बाट भएको विरोधबारे बढ्तै चर्चा भएको छ। तर माओवादी पार्टीका एक जना केन्द्रीय सदस्यका अनुसार कसैकसैले जनमुक्ति सेनाका आफ्ना सुरक्षा गार्डहरूलाई पहिला नै अनौपचारिक तवरमा फिर्ता पठाइसकेका थिए अथवा फिर्ता पठाउने तयारीमा थिए। प्रहरीका सुरक्षाकर्मीहरू पार्टीबाट आफ्नो धेरै काम गराउन चाहँदैनन् र भ्रमण तथा लामालामा बैठकहरू भएका बेला उनीहरूका निजी आवश्यकताहरू पार्टीले पूरा गरिदेला भन्ने आशा राख्दैनन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जून २०११।

पार्टीहरू समायोजन गरिने लडाकूको सङ्ख्या र उनीहरूलाई भर्ना लिइने प्रक्रिया जस्ता विषयबारे तुरुन्तै सहमतिमा पुग्न सक्छन्, तर त्यसबारेका निर्णयहरू भने सम्भवतः पटके हिसाबले लिइनेछ र ती सरकार गठन, संविधानसभाको म्याद तथा अन्य कुराहरूसित जोडिएका हुनेछन्। त्यसो नहुन्जेल पार्टीहरूले एकअर्काका आन्तरिक र बाह्य बाध्यताहरू केलाएर हेर्नु जरुरी छ र मेरो गोरुको बाह्रै टक्का भन्ने खालको अडान नलिई साँच्चिकै सम्झौतामा आउन तत्पर रहनुपर्छ। पार्टीहरू प्रायशः सबै विषयहरूलाई मिलाएर "प्याकेज डील" हुन लागेको कुरा गर्छन्, तर अघि बढ्दै जाँदा उनीहरूले जे गर्न सक्छन् त्यही कुरा स्वीकार्नु बेस हुनेछ।

नेकाले के बुझ्नुपर्छ भने संविधानसभा भङ्ग गर्ने बल गर्नाले त्यसले अरू खतराका साथै माओवादीहरूलाई जनमुक्ति सेनाबारे कुरा अघि नबढाउन प्रोत्साहित गर्दछ। अनि ताजा चुनाव गर्दैमा त्यसबाट सन् २००८ को भन्दा बेग्लै परिणाम आउन सक्छ भन्ने कुराको कुनै ग्यारेन्टी छैन। माओवादीहरू सबभन्दा ठूलो पार्टी भएकामा र संविधानसभामार्फत उनीहरूले वैधानिकता प्राप्त गरेकामा केही राजनीतिक पात्रहरूलाई टाउको दुखेको छ, तर आफ्ना निर्वाचन क्षेत्रलाई जगाउने काममा साँच्चिकै जुटेका वा चुनावका लागि तयार भएका थोरै मात्र देखिन्छन्।[९]

माओवादीहरू निकै अप्ठेरो अवस्थामा छन्। नेकाको जोड-घटाउमा पहिलेका विद्रोहीहरू फेरि युद्धमा फर्कने छैनन् र उनीहरूले डर-त्रासको राजनीतिक हतकण्डा अपनाउने छैनन् भन्ने छ। त्यसैले समायोजन र पुनःस्थापना तथा अन्य विषयमा माओवादीलाई जति निचोर्दा पनि नेकालाई कुनै घाटा हुनेवाला छैन, किनभने दैनन्दिनको व्यावहारिक राजनीतिक अपरिहार्यताका कारण उनीहरूका सामु सीमित विकल्प छन्। त्यसका साथै माओवादी नेतृत्वले जनमुक्ति सेना र पार्टी कार्यकर्ताहरूलाई अनेकन् आश्वासन बाँडेका छन्। तिनका लागि समायोजन र पुनःस्थापना एनेकपा (माओवादी) ले के गरेर देखाउन सक्छ भन्ने परीक्षा हो। प्रचण्डले अनेक संवैधानिक विषयहरूमा किन पार्टीले ठाउँ छाड्नुपर्‍यो त्यसबारे पनि आफ्ना समर्थकहरूको चित्त बुझाउनु पर्नेछ। शिविरहरू घाँडो सावित हुनुअघि नै र समायोजन तथा पुनःस्थापनाको विषय नयाँ संविधानको मार्गमा तगारो बन्नु अघि नै माओवादीहरूले केही विषयहरूमा नेकासित हात मिलाउनु बेस हुनेछ।

संविधानसभाको म्याद ३१ अगस्ट २०११ मा सकिनु केही दिनअघि मात्र समायोजन र पुनःस्थापनाबारे फेरि सम्झौतावार्ता सुरु भए पनि केही निर्णयहरू लिन नसकिने होइन। उदाहरणका लागि, समायोजन गरिने लडाकूहरूको सङ्ख्या र उनीहरूको भर्ती प्रक्रियाउपर औपचारिक सम्झौता भएमा त्यसको बदला माओवादीहरूले लडाकूहरूको पुनर्वर्गीकरण गर्ने कार्य थाल्न सक्छन् र भएभरका हातहतियारहरूलाई एउटै शिविरमा थुपार्ने काम गर्न सक्छन् अथवा एक सेट साँचो गृह वा शान्ति र पुनर्निर्माण मन्त्रालयलाई बुझाउन सक्छन्[१०] वा माओवादी लडाकूहरूको समयोजन र पुनःस्थापनाबारे संवैधानिक अधिकारप्राप्त बहुदलीय विशेष समितिको सचिवालयलाई दिन सक्छन्। तर यी कुराहरू सबै पार्टीहरू मिलेर तय गर्नुपर्छ। प्रचण्ड घरीघरी समायोजन र पुनःस्थापनाबारे "साहसिलो" वा "एक तर्फी" कदम चाल्ने कुरा गर्छन्। तर त्यस्तो कदमले अहिलेको गतिरोधलाई हटाउनेभन्दा त्यसलाई बढाउने काम मात्रै गर्दछ।

---

[९] नेकाका एक जना युवा नेताले उनको पार्टीले संविधानसभालाई भङ्ग गरेर ताजा चुनावमा जान परेको खण्डमा उत्पन्न द्विविधाबारे यस्तो टिप्पणी गरेः "भङ्ग गरेमा पनि आफूलाई धिक्कार्नुपर्छ र भङ्ग नगरेमा पनि धिक्कार्नुपर्छ।"

[१०] माओवादीको समर्थनमा बनेको यस सरकारमा ती दुवै मन्त्रालयहरूमा माओवादी मन्त्रीहरू छन्।

## ३. अविश्वास र अन्योल

माओवादीहरू र नेपाली सेना, नेका र माओवादीहरू, नेपाली सेना र अरू सबै राजनीतिक पार्टीहरूबीच विद्यमान अविश्वासका कारणहरू सयौं छन्। नोभेम्बर २००५ को बाह्र बुँदे सहमति, नोभेम्बर २००६ को बृहत् शान्ति सम्झौता, डिसेम्बर २००६ को हातहतियर र सेना व्यवस्थापनको अनुगमनबारेको सम्झौता, अन्तरिम संविधानको मस्यौदा, सन् २००६ र २००८ बीचको अन्तरिम सरकारको गठन तथा संविधानसभाको निर्वाचनको पछाडि रहेका यावत् विश्लेषणहरू गलत सावित भए। निर्वाचनमा तेस्रो स्थान ल्याउने अनुमान विपरीत माओवादीहरूले संविधानसभाको झन्डैझन्डै ४० प्रतिशत स्थान ओगटे र प्रत्यक्ष निर्वाचनबाट ठ्याक्कै आधा सिट जिते।[11]

माओवादीहरूले भन्ने गरेका "ससम्मान" समायोजन र पुनःस्थापनाबारेको विवादपछाडि हालैका राजनीतिक इतिहास र शान्ति प्रक्रियाउपरको परस्परविरोधी दृष्टिकोण रहेका छन्। माओवादीहरूको तर्कमा जनमुक्ति सेनाले राज्यलाई ठूला सुधारहरू गर्न बाध्य तुल्यायो, सन् १९९० पछिको प्रजातान्त्रिक अभ्यासलाई खल्बल्याउने राजतन्त्रलाई फ्याँक्न बल पुऱ्यायो र सामाजिक तथा राजनीतिक रूपान्तरणको अभूतपूर्व सिलसिला सुरु गऱ्यो। नेका, एमाले र नागरिक समाजका केही कित्ताको भनाइमा जनताले शान्तिको पक्षमा (र माओवादी सेनाको डरबाट पनि) भोट दिएका हुन् र माओवादीहरूको लक्ष्य एकाधिकारवादी भएका कारण उनीहरू विश्वासयोग्य छैनन्। उनीहरू जनमुक्ति सेना र यसका लडाकूहरूको महत्त्वलाई स्वीकार गर्नाले हिंसात्मक राजनीतिक उपायलाई वैधता प्रदान गर्नु ठहरिन्छ भन्छन्। केही सन् १९९० को संविधान नै काफी थियो भन्ने विचार राख्छन्, तर मूलधारका पार्टीका कुनै नेताहरू पनि यस्तो विचारको समर्थन गर्दैनन्।

### क. २००५-मे २००९

शान्ति प्रक्रियाका दस्तावेजहरू र त्यसपछि अन्तिम समयमा गएर हस्ताक्षर गरिएका सम्झौताहरू अस्पष्ट हुने कारणहरूमा साझा अल्पकालीन लक्ष्यबाहेक पार्टीहरूमा कुनै प्रकारको समानताको अभाव, गैरमाओवादी पार्टीहरूमा रणनीतिक स्पष्टताको कमी र विविध विकल्पहरू कायम राख्ने माओवादीहरूको आवश्यकता थियो। राजा ज्ञानेन्द्रको एकलौटी शासनको विरोध गर्ने चाहनाले पार्टीहरूलाई एक ठाउँमा ल्याएको थियो, तर उनीहरूमाझ रहेको अन्तरविरोध अत्यन्त गहिरो थियो। माओवादीहरू र नेका अध्यक्ष गिरिजाप्रसाद कोइराला दुवै नै शाही नेपाली सेनालाई खसी पार्न चाहन्थे।[12] माओवादीहरूका दृष्टिमा सेना शाही सामन्ती शासनको जिउँदो स्वरूप थियो भने कोइरालाले त्यसलाई प्रजातन्त्रप्रति वैमनस्यता राख्ने शक्तिशाली संस्थाका रूपमा हेरेका थिए। तर पनि नेका र एमालेभित्रका खेमाहरू शान्ति प्रक्रियाको ढाँचा र माओवादीहरूको मनसायउपर शङ्का गर्छन् र कोइरालाले गरेका सम्झौताहरूको विरोध गर्ने गर्छन्।

यसले गर्दा केही विरोधाभासपूर्ण कार्यहरू हुन गए र त्यस्तै दृष्टिकोण पनि बन्न गए। जनमुक्ति सेनाको सङ्ख्यालाई बढाएर देखाउनेबारे अन्तरिमकालका प्रधानमन्त्री कोइराला र प्रचण्डबीच एउटा अनौपचारिक समझदारी भएको थियो।[13] शाही नेपाली सेनाबाट सशङ्कित र माओवादीहरूलाई नजिक ल्याएर काम गरेबाट आफ्नै पार्टीको बलियो अनुदारवादी खेमाको प्रहार झेलिरहेका कोइरालाका लागि सेनासित अडान लिने र माओवादीहरूलाई प्रक्रियामा संलग्न तुल्याइराख्ने यही उपाय थियो।

पर्यवेक्षक र शाही नेपाली सेनाका अधिकारीहरूको अनुमानमा युद्धको उत्कर्षकालमा जनमुक्ति सेनाको सैन्यशक्ति ५,००० देखि १०,००० रहेको थियो। संयुक्त राष्ट्रले सन् २००७ मा प्रमाणीकरण प्रकिया थाल्दाखेरि ३२,००० को सङ्ख्यामा लडाकूहरू देखापर्दा र शिविरहरूमा दर्ता हुँदा सबै तीन छक्क परेका थिए। पछि १९,६०० लडाकूहरूलाई जनमुक्ति सेनाका सदस्य ठहऱ्याइयो।[14] ठहर नभएका कैयौं जना पनि

[11] माओवादीहरूले बढ्ता भोट ल्याउनेले जित्ने प्रणालीअन्तर्गतको निर्वाचनमा खसेको मतको ३०.५ प्रतिशत मत प्राप्त गर्दै आधा (१२०) सिट जिते। तिनीहरूले समानुपातिक प्रतिनिधित्वतर्फ २९.३ प्रतिशत मत पाए र ५७५ निर्वाचित सिटमा जम्मा २२० सिट प्राप्त गरे। मनोनीततर्फको २६ ओटा सिटमध्ये ९ ओटा सिट उनीहरूले पाए।

[12] मे २००६ मा राजतन्त्रको उन्मूलनसँगै शाही नेपाली सेनाको नाम नेपाली सेना हुन गयो।

[13] उदाहरणार्थ हेर्नुहोस्, प्रशान्त झा, "Reforming the Army", and "The Limits of Negotiations", *The Kathmandu Post*, २६ अप्रिल र १८ मे २०११।

[14] सुरुमा शिविरहरूमा ३२,२५० जना लडाकूहरू दर्ता भएका थिए। तीमध्ये ८,६३८ जना प्रमाणीकरण गर्ने बेलामा आएनन्। प्रमाणीकरण प्रक्रिया पूरा गरेका २३,६१० जना लडाकूहरूमध्ये १९,६०२ जना माओवादी सेनाका अङ्ग ठहरिए। बाँकी रहेका मध्येमा, २,९७३ जना नाबालक अथवा २५ मे १९८८ पछि जन्मेका थिए भने १,०३५ जना २५ मे २००६ मा युद्धविराम आचारसंहितामा हस्ताक्षर गरेपछि भर्ना गरिएका थिए। यी नाबालक र पछि भर्ना भएका मध्ये करिब २,४०० जनालाई सन् २०१० मा औपचारिक रूपमा बिदा गरियो (तल हेर्नुहोला)। माओवादीहरूले कसरी त्यति पत्यारिलो ढङ्गले जनमुक्ति सेनाको सङ्ख्या बढाउन सके भन्ने कुरा त्यति अन्योलपूर्ण छैन जति त्यसलाई बनाउन खोजिएको छ। सन् २००५ को मध्यसम्ममा माओवादी सेनाको आकारका बारेमा शाही नेपाली सेनाको अनुमान र माओवादी स्वयंको दाबी झन्डैझन्डै मिल्थ्योः त्यो भनेको उस बेला जनमुक्ति सेनामा ९,५०० देखि १०,००० सम्म लडाकूहरू थिए। दुवै पक्षले त्यसमाथि थप २०,०००-२५,००० मिलिसिया सदस्यहरू रहेको पनि हिसाब गरेका थिए। (उदाहरणका लागि हेर्नुहोस्, क्राइसिस ग्रुपको रिपोर्ट नं. १०४, *नेपालका माओवादीः तिनका लक्ष्य, संरचना र रणनीति*, २७ अक्टोबर २००५, पृ. ८)। अक्टोबर २००५ मा भएको चुनवाङ बैठकपछि भर्ना बढाइयो र जनमुक्ति सेनाको डिभिजन विस्तार भएर तीनबाट सातओटा पुग्यो। त्यस बैठकले माओवादीले अन्य परम्परागत पार्टीहरूसँग अर्को महिनामा गरेको १२ बुँदे सम्झौताका लागि मार्ग प्रशस्त गरेको थियो। त्यस विस्तारबाट माओवादी सेनाको आकार बढ्न गयो र त्यसमाथि मिलिसियाका सदस्यहरू तथा नियमित सेनामा नभएका लडाकूहरूले पनि शिविरहरूमा प्रवेश गरेका हुन सक्छन्। नेपाली सेनामा समायोजन सम्बन्धमा सङ्ख्या गौण कुरा हो। युद्धताका जनमुक्ति सेनाको आफूभन्दा ठूलो, शिक्षित-प्रशिक्षित, हातहतियारद्वारा सुसज्जित र स्रोतसाधन सम्पन्न शाही नेपाली सेनासँग भिड्न सक्ने सामर्थ्य यति बढेको थियो कि त्यसले सैन्य समाधानलाई असम्भव बनाएको थियो। शिविरहरू कसरी भरिए भन्ने अन्योलले एउटै काम गऱ्यो, त्यसले माओवादीहरूप्रतिको अविश्वासलाई निकै बढायो।

शिविरहरूमा आबद्ध रहिरहे र फेब्रुअरी २०१० मा गएर मात्र औपचारिक तवरमा शिविरहरूबाट निष्कासित भए।[१५]

जनमुक्ति सेनाका सबै लडाकूहरू प्रमाणीकरणको प्रक्रियाअन्तर्गत गएनन् न त सबै शिविरहरूमै बस्न गए। माथ्ला तहका कमाण्डर र कमिसारहरूले पार्टीभित्रको आफ्नो उच्च पदलाई कायमै राखे र अन्य धेरै अनुभवी लडाकूहरू मिलेर यङ कम्युनिस्ट लिग (वाइसीएल) को भित्री समूह गठन गरे।[१६] कोइरालाले उनीहरूको सङ्ख्या यति विधि बढ्न जाला भन्ने सोचेका थिएनन्। तैपनि उनको र नेकाभित्रको एउटा खेमाको सोचाइ माओवादीहरू चुनावमा धुलिसात हुनेछन्, लडाकूहरूले शिविर छाड्नेछन् र समायोजन तथा पुनःस्थापना विषयमा नेकाले एकलौटी गर्न पाउनेछ भन्ने रह्यो।[१७]

सम्झौतावार्ताका प्रारम्भिक दिनहरूमा माओवादीहरू आफ्ना लडाकूहरूलाई शिविरमा हुल्ने कुरामा त्यति ढुक्क थिएनन्, लडाकूहरूलाई पार्टी सङ्गठनकै एक हिस्साका रूपमा परिचालित गर्न फाइदा हुनेछ भन्ने उनीहरूले ठानेका थिए। गणतन्त्रलाई अघि सार्दा राजतन्त्र र शाही नेपाली सेनाको प्रतिक्रिया कस्तो होला र संविधानसभाको चुनाव होला या नहोला भन्नेमा उनीहरू निश्चिन्त नभएकाले माओवादी पार्टी मुठभेडको सम्भावनालाई जिउँदो राख्न चाहन्थ्यो। तर सुरुको त्यो संशय हरायो, शान्ति सम्झौताका प्रावधानहरूबाट माओवादी सेनाले शाही नेपाली सेनाकै समकक्षको हैसियत प्राप्त गऱ्यो र संयुक्त राष्ट्रले पनि जनमुक्ति सेनालाई मान्यता प्रदान गऱ्यो, जो उनीहरूको वैधानिकताको स्रोत बन्न पुग्यो।[१८] सन् २००८ को सुरुतिर आइपुग्दा प्रचण्ड समायोजनको माध्यमद्वारा सेनामा घुसपैठ गर्न सकिने र कालान्तरमा राज्य कब्जा गर्न सकिने कुरा बताउँदै थिए। तर शिविरहरूमा भनिएका ती कुराहरू पनि क्रान्तिकै एउटा स्वरूप थियो।[१९] माओवादी नेतृत्वले बृहत् शान्ति सम्झौतामा दुई सेनाका सम्बन्धमा समानान्तर प्रतिबद्धता जाहेर गरिएको बताएको थियो र ती प्रतिबद्धता थिएः "(समायोजनमार्फत) जनमुक्ति सेनाको व्यावसायीकरण र नेपाली सेनाको प्रजातान्त्रिकरण।"

---

[१५] केही गैरमाओवादी पात्रहरूले प्रमाणीकरण प्रक्रिया सम्बन्धमा गरेको आलोचना के छ भने जनमुक्ति सेनाले आफूसँग जति हातहतियार रहेको दाबी गरेको थियो त्यति नै सङ्ख्यामा लडाकूहरू प्रमाणीकरण गर्नुपर्थ्यो। समायोजन गरिने लडाकूहरूको सङ्ख्या निर्धारण पनि यसै आधारमा गरिनुपर्ने तर्क अघि सारिँदैछ। संयुक्त राष्ट्रले जनमुक्ति सेनाका करिब ३,६०० हतियारहरू दर्ता गरेको थियो। तिनमध्ये लगभग ३,३०० जति हतियारहरू माओवादी सेनाले सुरक्षा बलसितको लडाइँ र आक्रमणमा खोसेको भनी दाबी गरेको हतियारका किसिमसित मिल्दाजुल्दा भएका बताइन्छ। जनमुक्ति सेनाका लडाकूहरूको भनाइबाट र प्रत्यक्षदर्शीहरूको विवरण तथा केही तस्बिरबाट प्राप्त साक्ष्यहरूबाट उनीहरू सेनाले चलाउने अस्त्रशस्त्रभन्दा बढी मात्रामा सकेट बम, पाइप बम, प्रेसर कुकर बम जस्ता विष्फोटक पदार्थहरू तथा खुकुरी, खुँडा, बन्चरो, भालाहरूमा भर पर्थे। युद्धलाई हेर्ने फरकफरक दृष्टिकोणका लागि हेर्नुहोस् कुन्द दीक्षित (सं.), *A People's War* (काठमाडौं, २००८); र तस्बिरमा जनयुद्ध-१, एनेकपा (माओवादी) (काठमाडौं, २००८)। प्रमाणीकरण प्रक्रियासम्बन्धी अन्य विरोध माओवादीहरूबाट आयो। सुरुमै धेरै कुराहरूमा मतभिन्नता खडा भए र संयुक्त राष्ट्रका कर्मचारीहरूले प्रश्न सोध्ने तरिकाबारे सिकायत आए। तिनलाई सल्टयाउने काम भयो। तर पनि सन् २०१० मा शिविर छाड्नु परेकाहरूमध्ये कसैकसैले उनीहरूलाई निकालिने आधार के हो त्यो उनीहरूले बुझ्न नसकेको गुनासो गरेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पूर्वलडाकूहरू, पूर्वअनमिन अधिकारीहरू, सुनसरी, झापा, पाँचथर, काठमाडौं, जनवरी-मे २०११। तल भाग ५ पनि हेर्नुहोस्।

[१६] नेपाली सेनाका एक जना अवकाशप्राप्त जर्नेलको अनुमानमा जनमुक्ति सेनाका करिब ७,००० लडाकूहरू वाइसीएलमा प्रवेश गरेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अप्रिल २०११। माओवादी नजिकका अरू प्रर्यवेक्षकहरूले पनि "धेरै" लडाकूहरूलाई त्यसमा मिसाइएको बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जनवरी २०११। वाइसीएलका एक जना वरिष्ठ सदस्यले आफू पहिला जनमुक्ति सेनामा भएको तर लडाइँको पछिल्लो समय जेलमा बिताएको बताए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मार्च २०११। सेना पार्टीको नियन्त्रणमा हुन्छ भनेर पार्टी नेतृत्वले हमेसा भन्ने गर्छ। तर त्यस किसिमको पृथकीकरण सदैव देखिदैन। शिविर प्रवेशको प्रक्रिया थालिनुअगाडि माओवादी नेताहरूले जनमुक्ति सेनालाई वास्तविक युद्ध त वैचारिक र मानसिक पो हो भनेर सम्झाउने गरेका थिए। उदाहरणका लागि, हेर्नुहोस्, बाबुराम भट्टराई, "विचार, बन्दुक र नयाँ कार्यदिशा", *राष्ट्रियता र गणतन्त्र* (काठमाडौं, २०१०)। जब जनमुक्ति सेनाका सदस्यहरूले हामी मूढ सिपाही मात्र होइनौं हामी त खास ध्येयका लागि लड्ने योद्धाहरू हौं भन्छन् तब त्यसले प्रस्ट विभाजन हेर्न चाहने गैरमाओवादीहरूको तस्बिरलाई झनै धमिल्याइदिन्छ। मे २०११ मा संविधानसभाका सम्बन्धमा भएका वार्ताहरूमा नेकाले राखेको सर्तहरूमा एउटा पालुङटार बैठकमा भाग लिने लडाकूहरूलाई शिविरबाट तुरुन्त हटाउनुपर्छ भन्ने थियो। त्यसको अर्थ उनीहरू अति राजनीतिक भएकाले समायोजनका लागि योग्य हुँदैनन् भन्ने हो। राजनीति वा विचारधारा र सैन्य पेसाबीचको विभाजन रेखा सधैं सोझो हुँदैन।

[१७] क्राइसिस ग्रुपको रिपोर्ट हेर्नुहोस्, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?*, माथि उल्लेखित। सन् २००९ को सुरुमा माओवादी पार्टीले अर्को एउटा सानो वाम पार्टीसँग मिलेर आफ्नो नामअगाडि "एकीकृत" शब्द नथप्दासम्म त्यसलाई नेकपा (माओवादी) भनिन्थ्यो।

[१८] माओवादी र अनमिनबीचको सम्बन्ध अति नै मैत्रीपूर्ण थियो भनी आलोचना गर्नेहरूले के स्मरण गर्दा हुन्छ भने सन् २००८ को अन्त्यसम्म आइपुग्दा पनि किरण र अन्य माओवादी नेताहरू अनमिनप्रति शङ्कालु थिए र उनीहरू अनमिन जनमुक्ति सेनाको विघटन चाहन्छ र अनमिन अमेरिकाको पिछलग्गु हो भन्ने गर्थे। अनमिनको कार्यादेश, संविधानसभाको निर्वाचन नहुन्जेसम्ममा यसका क्रियाकलापहरू, आपसी अविश्वासको सन्दर्भ र सिङ्गो शान्ति प्रक्रियालाई नै असर पार्ने खालको अनमिनप्रति भारतको शङ्कालु हेराइबारे राम्रो सिंहावलोकनका लागि हेर्नुहोस् आदित्य अधिकारी, "Shackled or Unleashed: UNMIN in Nepal's Peace Process", *Himal South Asian*, अक्टोबर २००८।

[१९] एउटा चर्चित भिडियोमा प्रचण्ड चितवनको शक्तिखोरस्थित तेस्रो डिभिजनको शिविरमा रहेका लडाकूहरूसामु प्रमाणीकरणको बेलामा पार्टीले जनमुक्ति सेनालाई ८,००० बाट १९,००० पुऱ्याएको र यसबाट राज्य कब्जा गर्नमा सहयोग पुग्नेछ भनी बोलिरहेका देखिन्छन्। संविधानसभाको निर्वाचन हुनुभन्दाअघि सन् २००८ को सुरुतिर खिचिएको त्यो भिडियो मे २००९ मा बाहिर आयो जतिखेर सेनाप्रमुखलाई पदबाट बर्खास्त गर्ने असफल प्रयासपछि राजीनामा दिनुपरेकाले प्रधानमन्त्री रहेका प्रचण्ड चर्को विवादमा परेका थिए। एनेकपा (माओवादी) ले त्यस भिडियोबाट सिर्जित कैयौं प्रश्नहरूको सन्तोषजनक जवाफ कहिल्यै दिएन। जनमुक्ति सेनामा पूर्णकालीन लडाकूहरू कति छन्, उनीहरूलाई के गर्ने पार्टीको योजना छ साथै शान्तिपूर्ण र प्रजातान्त्रिक राजनीतिप्रति पार्टीको प्रतिबद्धता कति गहिरो छ भन्ने विषयहरूमा छलफल गर्नुको साटो उल्टो माओवादी नेतृत्वले कुरा चपायो। प्रचण्ड र अरूहरूले त्यो टिप्पणी अर्कै सन्दर्भमा गरिएको थियो भन्ने तर्क मात्र दिए। नेपाली सेनाभित्र पसेर त्यसलाई परास्त गर्न सकिन्छ भन्ने कुरा माओवादी नेतृत्वले साँच्चिकै सोचेको थियो भनेर यसै भन्न गाह्रो छ। तर शिविरमा रहेका जनमुक्ति सेनालाई उनीहरूले भविष्यमा गर्ने काम यस्तो हुनेछ भनेर बताउनाले अन्य पार्टीहरूमा अविश्वास थपिदियो।

चुनाव हुनुअघिसम्म शान्ति प्रक्रिया टिक्छ भन्नेमा कसैलाई पनि विश्वास थिएन।[२०] तर समायोजन र पुनःस्थापनाबारे माओवादीहरूउपर कुनै दबाब आइपरेन र दुईदुईओटा सेना छँदैको अवस्थामा निर्वाचन सम्पन्न भयो। नेकाभित्रका धेरैजसोले "समायोजन हुनु हुँदैन" भन्ने बाटो समाते, खासगरी निर्वाचनको उदेकलाग्दो अमिलो परिणाम निस्केपछि। उनीहरूले आफ्ना यस विचारलाई सेनाप्रमुख रुक्माङ्गत कटवालसमक्ष राखे, जो आफै जनमुक्ति सेना राजनीतिक रूपमा शिक्षित-प्रशिक्षित हुनाका कारणले नेपाली सेनामा समायोजन निम्ति योग्य छैनन् भनिहिँड्थे। भारतीय संस्थापनाले माओवादी शक्तिलाई रोक्ने अर्को शक्ति नेपाली सेना नै हो भन्ने ठानेर यस भनाइप्रति समर्थन जनायो। समायोजन हुनु हुँदैन, वाइसीएल विघटन गरिनुपर्छ र द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति फिर्ता हुनुपर्छ भन्ने माग नेकाको मुख्य नारा बने। यसले गर्दा नेकाभित्रका धेरै नेताहरू माओवादी सेना रहेसम्म खेलको मैदान बराबरी नहुने कुरामा जोड दिन थाले भने अर्काथरी नेताहरूले माओवादी सेनाको विघटन गर्नेबारे समाधान दिनबाट पार्टीलाई रोक्ने काम गरे।

निर्वाचनपछि सरकार गठन गर्ने, नेपालको पहिलो राष्ट्रपति छान्ने र मुलुकलाई गणतन्त्र घोषणा गर्ने सिलसिलामा भएका सम्झौतावार्ताको परिणामस्वरूप जून २००८ मा पार्टीहरूले एउटा सहमतिमा हस्ताक्षर गरे जसअन्तर्गत माओवादीहरू छ महिनाभित्र समायोजन र पुनःस्थापना गर्न वचनबद्ध भए। माओवादी पार्टीले सरकारको नेतृत्व गरिरहँदा त्यसबारे प्रक्रिया थालिनु उपयुक्त हुने थियो, तर अगस्ट २००८ मा प्रचण्डले सत्ता सह्माल्दा वैमनस्यताले भरिएको नेपाली सेनालाई बेहोर्नु परिरहेको थियो।

सेनाप्रमुख कटवाल बरोबर राजनीतिबारे टिप्पणी गर्थे, समायोजनको विरोध गर्थे र आफ्नो मनलागी गर्थे।[२१] अन्य पार्टीहरूको राजनीतिक समर्थनबिना र नेपाली सेनामा दबाब नपारी समायोजन लाद्नाले भिडन्तको स्थिति आउन सक्थ्यो।[२२] तर परम्परागत राजनीतिक पात्रहरू र भारतीय संस्थापनाले समायोजन तथा सुधार गर्दै लगेर सेनालाई जवाफदेही बनाउनेतिरभन्दा सेनालाई उचाल्नुमै फाइदा देखे।[२३] त्यस बेलासम्म चौथो ठूलो पार्टीका रूपमा रहेको मधेसी जनअधिकार फोरम (मजफो) का केही खेमाले उत्साहपूर्वक समायोजन विरोधी नीति अँगाले भने अन्य धेरै मधेसी नेताहरूले चाहिँ नेपाली सेनालाई नेपालको जनसाङ्ख्यिक विविधताअनुरूप बढी प्रतिनिधिमूलक बनाउनुपर्ने र गतिलो सङ्ख्यामा मधेसीहरूलाई सेनामा भर्ना लिइनुपर्ने आफ्नै मागहरू अघि सारे।[२४]

---

[२०] धेरै प्रचारमा नआएको एउटा घटनाबाट त्यस बेला रहेको शत्रुतापूर्ण सम्बन्धले कस्तो खतरा निम्त्याउन सक्थ्यो त्यसलाई उजागर गर्छ। संविधानसभाको निर्वाचन हुनुभन्दा केही अगाडि रामेछाप जिल्लाका माओवादी कार्यकर्ताहरूले एमालेका समर्थकहरूलाई अपहरण गरे, जसमा बिदामा आएका नेपाली सेनाका दुई जना सिपाहीसमेत परेका थिए। त्यस जिल्लामा माओवादीहरूको एमालेसित चर्को प्रतिस्पर्धा रहेको थियो। सेनाप्रमुख रुक्माङ्गत कटवालले उद्धार टोली पठाउने आदेश दिए र नेपाली सेनाको विशेष टुकडीलाई काठमाडौंस्थित नेकपा (माओवादी) को मुख्यालय घेर्ने र त्यसलाई "ध्वस्त" गर्न खटाए। सरकारलाई त्यसबारे जानकारी गराइएको थिएन वा सरकारसित अनुमति लिइएको थिएन। तर दुवै सेनाका वरिष्ठ अधिकृतहरूले संयुक्त अनुगमन संयोजन समितिमार्फत पहिलादेखि नै एकआपस्तमा सम्बन्ध कायम गरेका हुनाले र अन्तिम समयमा अनमिनको अनुरोधमा भएको राजनीतिक हस्तक्षेपले गर्दा त्यो सङ्कट टर्‍यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अनमिनका पूर्वअधिकारी र नेपाली सेनाका अवकाशप्राप्त जर्नेल, इमेलबाट, काठमाडौं, जुलाई २०११।

[२१] अगस्ट २००८ मा प्रचण्ड प्रधानमन्त्री भएपछि उनलाई जानकारी दिलाउने क्रममा सेनाप्रमुख कटवालले माओवादी लडाकूहरूका लागि समायोजनभन्दा उपयुक्त हुने केही विकल्पहरू प्रस्तुत गरेका थिए भनिन्छ जसमा वैदेशिक रोजगार, व्यापार, राजनीति र शिक्षाका अवसर थिए। उनले त्यो अडान अझै कायम राखेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, फेब्रुअरी २०११। अप्रिल २०११ मा Mikel Dunham ले लिएको अन्तर्वार्ता पनि हेर्नुहोस्, mikeldunham.blogs.com। कटवालको पालामा नेपाली सेनाले सरकार, सर्वोच्च अदालत र हातहतियार तथा सेना व्यवस्थापन र अनुगमनसम्बन्धी सम्झौतालाई पनि अटेर गर्‍यो। नेपाली सेनाले नयाँ भर्ना नगरी नछाड्ने भयो (विरोधस्वरूप माओवादीले पनि त्यसै गर्‍यो) र मन्त्रिपरिषद्को सुझाउको बाबजुद अवकाशप्राप्त व्यक्तिहरूलाई पुनर्बहाली गर्‍यो। मे २००९ मा सम्बन्ध कहाँसम्म बिग्रियो भने प्रधानमन्त्रीका हैसियतले प्रचण्डले कटवाललाई गरेको बर्खास्तीलाई राष्टपति रामवरण यादवले उल्ट्याइदिएपछि प्रचण्डले राजीनामा गरे। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?*, माथि उल्लेखित।

[२२] तथापि समायोजन र पुनःस्थापना कार्यलाई अघि बढाउन अनमिनले दबाब दिइराखेको थियो। प्रचण्डले संयुक्त राष्ट्रसङ्घका महासचिव बान कि मुनले गर्न लागेको नेपाल भ्रमणको केही दिनअघि मात्र अक्टोबर २००८ मा हतारहतार संवैधानिक हैसियतको विशेष समिति गठन गरेर त्यसको घोषणा गरे। आठ सदस्यीय त्यस समितिका सदस्यहरूमा एनेकपा (माओवादी), नेका, एमाले र मधेसवादी पार्टीहरूका प्रतिनिधि रहने व्यवस्था छ र त्यसको अध्यक्षता प्रधानमन्त्रीले गर्दछन्। सन् २०१० मा त्यस समितिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र जनमुक्ति सेनालगायत पार्टीका प्रतिनिधिहरू सदस्यका रूपमा सम्मिलित एउटा प्राविधिक समिति बनायो। पछि अनमिनको बहिर्गमनपश्चात् यसै समितिले शिविरहरूको अनुगमन गर्ने सचिवालयको जिम्मा पायो। दुवै ठाउँमा सन् २०१० र २०११ मा गहकिला बैठकहरू भए, तर सबै पार्टीहरू मूलभूत निर्णयहरू उच्चतम राजनीतिक तहमा लिइनुपर्छ भन्ने स्वीकार्छन्।

[२३] शान्ति प्रक्रियाका वार्ताहरूमा संलग्न धेरै नेताहरू, विशेषतः नेकाका नेताहरू, नेपाली सेनाबाट सजग रहँदारहँदै पनि यसो हुन गएको थियो। उदाहरणार्थ, सन् २००१ मा माओवादीहरूले आक्रमण गरी बन्दी बनाएका प्रहरीहरूको उद्धार गर्न तत्कालीन शाही नेपाली सेनाले इन्कार गरेपछि गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए। तर सन् २००९ तिर आइपुग्दा निकै ठूलो वृत्तका पात्रहरूले नेपाली सेनाको माओवादी विरोधी अडानको उपयोगिता देख्न लागेका थिए र उनीहरू समायोजन र पुनःस्थापनाको पक्षमा सक्रिय रहेनन्। सेनालाई काखी च्याप्ने यो व्यवहार माधवकुमार नेपालको प्रधानमन्त्रीत्वकालमा टुप्पैमा पुग्यो जति बेला रक्षामन्त्री विद्यादेवी भण्डारीले सेनाको चाहनालाई पूरा गर्न कुनै कसर बाँकी राखेनन्। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्यः* र *नेपालको लागछोड शान्ति प्रक्रिया*, दुवै माथि उल्लेखित। नेपाली सेना, पार्टीहरूका केही समूह र भारतीय संस्थापना मिल्नाले समायोजनसम्बन्धी कुनै अर्थपूर्ण बहस हुन सकेन। त्यसको अनपेक्षित प्रतिफलस्वरूप समायोजन र पुनःस्थापनाका बारेमा नेकालाई सधैंका लागि प्रतिरक्षात्मक र प्रतिक्रियात्मक अवस्थामा पुर्‍यायो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जुलाई २०११।

[२४] नेपाली सेनालाई समावेशी र प्रतिनिधित्वमूलक बनाउने माग असाध्य दमदार छ र सेना भर्तीमा मधेसीहरूको सङ्ख्या बढाउनुपर्ने कुरा कार्यसूचीमा रहिरहनेछ। तर यस मुद्दालाई यदाकदा मात्र (प्रायः राजनीतिक तनाव चर्केका बेलामा आफ्नो पल्ला भारी बनाउनलाई) उठाउने गरिन्छ। यसले गर्दा यो कुरा कतै पुगेको छैन। यस मागलाई अझ सङ्गठित ढङ्गले राखिने सङ्केतहरू देखा परेका छन्। मे २०११ मा समायोजन र पुनःस्थापनाका मधेसी वार्ताकारहरू, सुरक्षा बलबाट अवकाश पाएका वरिष्ठ मधेसी अधिकृतहरू तथा राजनीतिक नेताहरूको बैठक बसेको थियो र त्यस

त्यही बेला माओवादी नेतृत्वले जनमुक्ति सेनाको समायोजन आफूले चाहेकै सर्तमा हुने आश्वासन दिइरहेका थिए।[२५] पार्टीको वैचारिक सिद्धान्त र नौलो राजनीतिक बाध्यताबीचको तानातानी नोभेम्बर २००८ मा खरिपाटीमा सम्पन्न राष्ट्रिय अधिवेशनमा स्पष्ट देख्न सकिन्थ्यो। त्यसमा पार्टीको नेतृत्वमा देखिएको संशोधनवादी प्रवृत्ति र बुर्जुवा जीवनपद्धतिको चर्को आलोचना भयो, जुन आरोप पछि सन् २०१० को पालुङटार प्लेनममा भाग लिने माओवादी लडाकूहरूका भनाइमा प्रतिध्वनित भएका थिए। किरणको जोड पार्टी सरकारमा भए तापनि राज्य यसको नियन्त्रणमा नभएकाले जनविद्रोहका लागि समय उपयुक्त छ र विद्रोहलाई अघि बढाउन पार्टीले राज्य निकायहरूमा अझ बढी पकड बढाएर आफ्नो स्थिति सुदृढ पार्नुपर्छ भन्ने थियो।[२६] कुन काम पहिले गर्ने भन्ने सम्बन्धमा पनि नयाँ धारणा सामुन्ने आयोः समायोजन र नयाँ संविधान लेखन एक साथ अघि बढाउने; नयाँ संविधान निर्माणमा आधारभूत विषयहरूमा अरू पार्टीहरूले कुरा नफेरून् भनेर जनमुक्ति सेनालाई सुरक्षणका रूपमा उपयोग गर्ने।

## ख. मे २००९-फेब्रुअरी २०११

मे २००९ मा एमाले नेतृत्वमा गठबन्धन सरकार बनेदेखि फेब्रुअरी २०११ मा सरकार परिवर्तन नहुन्जेलको अवधि बडो असन्तोषपूर्ण समय रह्यो। त्यस समयमा हरेक मोर्चामा गतिरोध आयो। अनुकूल वातावरण त थिएन, तैपनि प्रधानमन्त्री भएको केही हप्ताभित्रै माधवकुमार नेपालले समायोजनको योजना प्रस्तुत गर्दै ५,००० जति माओवादी लडाकूहरूलाई सुरक्षा बलमा समावेश गर्न सकिने प्रस्ताव राखे।[२७] त्यति बेलासम्ममा माओवादीहरूका कार्यगत प्राथमिकताहरू फेरिइसकेका थिए। उनीहरूले नेपाली सेनाको प्रजातान्त्रिकरण र समायोजनमा जोड दिन छाडेका थिए। त्यसको सट्टा सन् २००९ को अन्तसम्मै उनीहरूले "नागरिक सर्वोच्चता" अर्थात् सेनाउपर प्रजातान्त्रिक नियन्त्रण हुनुपर्छ भन्ने अभियान चलाए। त्यसपछि नेपाली सेनाबारे कुरा गर्न छाडेर[२८] उनीहरू भारत विरोधी जनभावना उराल्नतिर लागे।[२९] जनवरी-फेब्रुअरी २०१० मा गएर आखिर माओवादीहरूले प्रमाणीकरण प्रक्रियामा अयोग्य ठहरिएका ४,००० लडाकूहरूलाई शिविर छोडाउने पहिल्यैदेखिको आफ्ना बचनबद्धतालाई पूरा गरे।

माओवादीहरूले माधव नेपालको सरकार हटाउने अर्को मुख्य लक्ष्य लिए, जो संविधानसभाको म्याद थप्न सहमति जुटाउने क्रममा जून २०१० मा पूरा भयो। प्रधानमन्त्रीको राजीनामा आएपछिका दिनहरूमा प्रचण्डको प्रयास सरकार बनाउन गठबन्धन जुटाउनेबाहेक संवैधानिक सवालमा

---

बैठकले यस मुद्दामा निरन्तर दबाब दिने निर्णय गरेको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जुलाई २०११।

[२५] जून २००८ मा भएको सम्झौताउपर जनमुक्ति सेनाबाट आएको कटु प्रतिक्रियालाई सम्बोधन गर्न र खरिपाटी भेलाअगाडि आफूप्रति कमाण्डरहरूको समर्थनलाई मजबुत पार्न प्रचण्डले माओवादी लडाकूहरूलाई सकेसम्म धेरै सङ्ख्यामा समायोजन गराउन भरमग्दुर गर्ने आश्वासन दिएका थिए। उनले समायोजन कि त "सिङ्गै" कि "एकाइगत" हिसाबमा हुने र समायोजित हुनेहरूले सेनाको भर्ना नियम पूरा गरिरहनु नपर्ने बताएका थिए। माओवादीहरूले राखेका सुझाउमध्ये जनमुक्ति सेनाका पूर्वलडाकूहरूलाई मिसाउन एउटा अलग्गै नयाँ सैन्य बल बनाउनुपर्छ भन्ने थियो। तर त्यसमा अन्य सुरक्षा बलका सदस्यहरूलाई समावेश गर्ने कि नगर्ने भन्ने कुराचाहिँ प्रस्ट पारिएको थिएन।

[२६] यस्तो अडान अझसम्म पनि जनमुक्ति सेनाका मध्यम तहका धेरै कमाण्डरहरूले लिइरहेका छन् ( तर कम विश्वसनीय ढङ्गले)। सन् २००८ को खरिपाटी भेलामा पार्टीले आफ्नो क्रान्तिकारी वामपन्थी आकाङ्क्षालाई दह्रो बनाउन पहिलेको "सङ्घात्मक लोकतान्त्रिक गणतन्त्र" को लक्ष्यलाई फेरेर त्यसको सट्टा "जनताको सङ्घीय लोकतान्त्रिक गणतन्त्र" बनायो। नोभेम्बर २०१० मा भएको पालुङटार प्लेनममा किरण र बाबुराम भट्टराई दुवैका विचारहरूलाई मिलाएर हिँड्ने प्रयत्नमा प्रचण्ड लागेका थिए। किरण र बाबुरामका "शान्ति (समायोजन र पुनःस्थापना) र संविधान" बारे छुट्टाछुट्टै धारणा थिए। प्रचण्डको मध्यममार्गी विचारमा शान्ति र संविधान प्राथमिक विषय हुन् र यदि परम्परागत पार्टीहरू तथा भारतले यसमा बाधा पुर्‍याए भने एनेकपा (माओवादी) ले विद्रोह गर्नेछ भन्ने थियो। क्राइसिस ग्रुप ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[२७] त्यस योजनाको प्राप्त विवरणबाट सम्झौतामा पुग्ने कुनै अपेक्षा नराखिएको देखिन्थ्यो। समायोजनाका कति चरणहरू हुनेछन् र प्रत्येक चरणको अवधि कति हुनेछ भन्नेबारेमा कुनै परामर्श गरिएको थिएन। ती चरणहरूमा लडाकूहरूलाई दिइने विकल्प र सरसल्लाह, लडाकूहरूको चाहनाबारे सर्भेक्षण, लडाकूहरूको पुनर्वर्गीकरण, पुनःस्थापना केन्द्रहरू र तालिम कार्यक्रमहरूको तयारी तथा नेपाली सेनामा आवास, तालिम र अन्य सुविधाहरूको बन्दोबस्तका कार्यहरू पर्दछन्। त्यसमा समायोजन प्रक्रिया कहिले "सम्पन्न" हुने त्यसको पनि उल्लेख थिएन। त्यस योजनामा शिविरमा लागू गरिने प्रस्तावित आचारसंहिता पनि संलग्न थियो, जुन आचारसंहितामा टेलिफोनमा हुने कुराकानीको समेत अनुगमन गरिने कुरा थियो। त्यो माओवादीहरूका लागि स्वीकार्य थिएन। त्यसपछिका अठार महिनामा त्यसबारे धेरै पुनरावृत्ति भए र प्रत्येक पटक समयसीमा पनि छोटिदै गयो।

[२८] माओवादीहरूले अहिले आएर जनमुक्ति सेनाको भविष्यप्रति लडाकूहरूको चासो त छँदैछ तर प्राथमिक रूपमा यो राजनीतिक पार्टीहरूको चासोको विषय हो भन्ने बुझ्दैछन्। काठमाडौंका नागरिक समाजका केही समूहहरूलाई बाहेक समायोजनप्रति कुनै सार्वजनिक संवेदनशीलता पाइँदैन, भए पनि एकदमै थोरै छ। यद्यपि प्रजातान्त्रिकरणको सवालमा नेपाली सेनालाई सहयोग मिल्न सक्छ। यस सवालमा जनताको रुचिलाई नेका नेतृत्वले गलत रूपमा बुझेको देखिन्छ। उदाहरणका लागि, मे २००१ मा दाङ जिल्लामा भएको नेकाको जुलुसमा केही वरिष्ठ नेताहरूले आफ्ना भाषणमा जनता जनमुक्ति सेनाको त्रासमा बाँचिरहेका छन् भन्दै विशेष समितिबाट भएका कामहरूको लामो व्यख्या गरे। तर श्रोताको ध्यान त्यता गएन र उनीहरूबाट कुनै प्रतिकिया आएन। निजी कुराकानीमा भने नेका नेताहरू जनतामा त्रास कम भएको बताउँछन् र पार्टीभित्रका केही समूहहरूले जनमुक्ति सेनालाई हटाउने उपाय संविधानसभाको विघटन होइन तथा जनमुक्ति सेनालाई कायमै राखेर अर्को चुनावमा जान सकिन्न भन्ने बुझेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, दाङ र काठमाडौं, मे-जून २०११।

[२९] उनीहरूको यो अभियान एकदमै भद्दा थियो, हुन त यसै अभियानका अवशेषहरू मे २०१० मा माओवादीहरूले गरेका राष्ट्रव्यापी बन्दका बेला पनि देख्न सकिन्थ्यो। व्यापक तवरमा टाँसिएका पोस्टरहरूमा नेपाललाई किल्चँदै गरेको एउटा विराट् आकारको बुटका रूपमा भारतलाई देखाइएको थियो। डिसेम्बर २०१० मा काठमाडौंमा भएको एउटा विशाल आमसभामा प्रचण्डले भारतीय हस्तक्षेपको विरोध गर्दै माओवादीले माधव नेपालको कठपुतली सरकारसित होइन बरु सोझै उनका "वास्तविक मालिकसँग" वार्ता गर्ने बताए। माधव नेपालको सरकार भारतको आशीर्वादमा बनेको र त्यसको मुख्य उद्देश्य माओवादीहरूलाई पाखा लाउनु हो भनेर सबैले व्यक्तिगत रूपमा भन्ने गर्थे, तर त्यति ठाडो गरी सार्वजनिक रूपमा सायदै कसैले भनेको थियो। त्यस सभामा प्रचण्डले सेनामाथिको आक्रमणमा केही नरमी देखाए र नेपाली सेना तथा त्यसका सैनिकहरूको भिन्नतालाई प्रस्ट्याउँदै उनले के दोहोर्‍याए भने नेपाली सेना सामन्ती संस्थाको रूपमा रहेको छ, तर लड्न खटिएका सिपाहीहरू भने माओवादीका "दाजुभाइ-दिदीबहिनी" हुन्।

उठेका मतभिन्नताहरूलाई साँघुऱ्याउने पनि रह्यो। सन् २०१० को पुच्छारदेखि सन् २०११ को मे महिनासम्म कार्यकारी राष्ट्रपति हुने नहुने, सङ्घीय गणतन्त्रमा कतिओटा राज्यहरू हुने र समायोजन कसरी गर्ने भन्ने जस्ता एकदमै विवादास्पद ठानिएका विषयहरूमा लिइएका अलचिला सैद्धान्तिक अडानहरूमा पनि छलफल प्रारम्भ भए। नेपाली सेनाको प्रजातान्त्रिकरण गर्ने विषय ओझेल पर्दै गयो।

एमाले नेतृत्वमा बनेका दुवै सरकार (माओवादीलाई ङ्याक्ने माधव नेपालको सरकार र माओवादीको समर्थनमा बनेको खनाल सरकार) ले नेपाली सेनालाई छलफलमा ल्याउने प्रयास गरे। दुवैले सुधार वा प्रजातान्त्रिकरणको विषयलाई उठाए। तर उनीहरूको दृष्टिकोणमा निकै ठूलो भिन्नता थियो र त्यसबाट सरकारअनुसारको प्रभाव तथा अपेक्षाकृत स्वशासित अवस्थाको सेनाउपर राज्यको शक्ति पनि झल्किन्थ्यो। घुम्ने कुर्सी जस्तो बदलिरहने गठबन्धनको राजनीतिले गर्दा आत्मसंरक्षण गर्ने नेपाली सेनाको संस्कृति पनि प्रस्टसित अगाडि आयो।

प्रधानमन्त्री नेपाल र उनका रक्षामन्त्रीबाट नेपाली सेनाले आफ्नो एजेन्डा तय गर्ने छुट पाए।[३०] कटवालको ठाउँमा आउने सेनाप्रमुखले आफू त्यो पदमा आउँछु भन्ने सायद सोचेका थिएनन् होला। जे होस्, छत्रमानसिंह गुरुङले सुरुसुरुमा आफ्ना राजनीतिक हाकिमहरूलाई रिझाउने खुबै प्रयास गरे र आफ्ना सहकर्मी तथा नयाँ दिल्लीलाई पनि नेपाली सेनाको हित र परम्परागत गठबन्धनलाई कायम राख्ने आफू भरपर्दो संरक्षक हुँ भनी आश्वस्त पार्ने खोजे।[३१] तर आफ्नो पदावधिको मध्यतिर आइपुग्दा नियन्त्रित ढङ्गले माओवादीहरूलाई समायोजन गर्ने विचारप्रति खुला दिमाग राख्ने एक संयत र सुझबुझसहित अगाडि बढ्ने व्यक्तिका रूपमा उनले आफ्नै बाटो तय गर्न थाले।[३२] उनको यो क्रमिक बाटो फेराइलाई माओवादी समर्थित खनाल सरकार आउनाले झनै पुट मिल्यो। समायोजनबारेको सम्झौतावार्ता भनेको सदैव नेकासितै हुनेछ, तैपनि खनाल सरकारले नेपाली सेनाको सुपरीवेक्षकका रूपमा केही गर्ने जाँगर देखायो।[३३]

उनीहरूले एकअर्काप्रति सम्भवतः कहिल्यै न्यानोपनको अनुभव गर्ने छैनन्, तर माओवादीहरूले कटवाल काण्डबाट नेपाली सेनासित जोरी खोज्नाले आइपरेका समस्याबाट केही सिकेका छन् र नेपाली सेनालाई पनि आफ्ना पहिलेका प्रतिद्वन्द्वीसित लड्न हरबखत तम्तयार रहनु नपरेकामा हाइसन्चो भएको छ। एकआपसप्रतिको अविश्वासको तहमा जुन कमी आएको देखिएको छ त्यसलाई अहिलेको अवस्थामा नराम्रो मान्न सकिँदैन।

अहिलेको हकमा त नेपाली सेनाभन्दा पनि अन्य दृष्टिकोण र गत्यात्मकताको महत्त्व बढी छ, खासगरी ती कारक तत्त्वहरू जसले बदलिरहने शक्ति सन्तुलन र राजनीतिक विश्वासको सङ्कटलाई प्रभावित पार्दछन्। जनमुक्ति सेना माओवादी पार्टीको राजनीतिको केन्द्रबिन्दुमा रहेको छ, किनभने समायोजन र पुनःस्थापनाबाट कति बढी फाइदा लिन सकिन्छ भन्ने कुराको निर्धारण जुनमुक्ति सेनाबाटै हुनेछ। अरू पार्टीहरूलाई माओवादीहरूको आन्तरिक गत्यात्मकता बुझ्न र यो पार्टी कता गइरहेछ भनी थाहा पाउनै गाह्रो परिरहेको छ। उनीहरू माओवादीहरूको सङ्घर्ष असली हो या राजनीतिक चाल मात्रै हो र पहिलेका विद्रोहीहरू साँच्चिकै समायोजन हुन चाहेका हुन् कि होइनन् भन्ने

[३०] त्यस सरकारले राखेको प्रजातान्त्रिकरणको प्रस्ताव र राष्ट्रिय सुरक्षा नीतिको सविस्तार जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित। "प्रजातान्त्रिकरण" प्रतिको प्रतिबद्धता भनेको नागरिक र प्रजातान्त्रिक नियन्त्रण बढाउनु हो भन्ने अर्थमा नबुझी प्रजातान्त्रिक अभ्यासलाई गोलमाल, तदर्थवादी र नियम मिच्ने चलनको रूपमा जानाजान अपव्याख्या गरिन्छ तथा त्यसो भएमा सेनाभित्रको निर्देश र नियन्त्रण संरचना नष्ट हुनेछ भनिन्छ।

[३१] नेपाली सेनामा पदोन्नति रोलक्रमसँग जोडिएको हुन्छ। एकै दर्जाका अधिकृतहरू भए पनि भर्ना भएको समयअनुसार रोलक्रम तोकिन्छ। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको भविष्यः कसको हातमा?* माथि उल्लेखित।

[३२] सेनाध्यक्ष गुरुङका लागि यो सवारी त्यति सहज भइरहेको छैन। उनले जनवरी २०११ मा पहिलो पटक त्यो योजना प्रस्तुत गर्दा रक्षामन्त्री र सेनाका केही सूत्रहरू त्यसले नेपाली सेनाको धारणालाई प्रतिनिधित्व गर्दैन भनेर तुरुन्तै त्यसबाट पन्छिए। त्यसो गर्नुपछाडिका कारण प्रस्ट छैनन्। त्यसमा नेपाली सेनाको भूमिका प्रस्ट देखिनु हुन्नथ्यो वा केही पात्रहरूले त्यसमा सेना माओवादीहरूप्रति बढ्तै उदार भएको पाए कि त्यो भन्न सकिन्न। त्यही प्रस्तावलई अनौपचारिक ढङ्गले प्रधानमन्त्री खनालसमक्ष पुनः प्रस्तुत गरियो र अहिले त्यो पार्टीहरूकाबीच वार्ताको आधार बनेको छ। त्यति बेलै वरिष्ठ जर्नेलहरूमा विभागीय जिम्मेवारी हस्तान्तरण गर्ने विषयलाई लिएर सेनाप्रमुख र रक्षामन्त्रीबीच तनाव बढ्न गयो। "Ministry snubs NA proposal", *The Kathmandu Post*, ९ जनवरी २०११। त्यति हुँदाहुँदै पनि समायोजनका लागि अहिलेको समयभन्दा उचित समय आउनु कहिल्यै सम्भव नहोला। सेनाध्यक्ष गुरुङले सेप्टेम्बर २०१२ मा अवकाश पाउनेछन्। कार्यकालको उत्तरार्धमा प्रधानसेनापतिको प्रभाव घट्दै जाने परम्परा नै छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नेपाली सेनाका अवकाशप्राप्त वरिष्ठ अधिकृतहरू, काठमाडौं, फेब्रुअरी-अप्रिल २०११। एउटा तर्क के छ भने समायोजनलाई स्वीकार्ने नेपाली सेनाले अहिले देखाएको तदारुकताले उसको बढ्दो आत्मविश्वासलाई देखाउँछ। एक हदसम्म यो तर्क जायज छ, तर नेपाली सेनाले आफ्नो स्वाधीनताका साथै संस्थागत स्वार्थहरूको पनि रक्षा गर्नु जरुरी हुन्छ। समायोजनप्रति उसको अहिलेको खुलापन नेपाली सेनाले तुलनात्मक रूपमा खोजेको बढी स्वायत्तता वा उसले चाहेका अन्य छुट वा सुविधा पाउनका लागि गरेको लेनदेन पो हो कि भन्ने स्पष्ट छैन। उदाहरणार्थ, जून २०११ मा रक्षा मन्त्रालयको एउटा कार्यदलले नेपाली सेनासितको घनिष्ठ सहयोगमा सेनाको पुनर्संरचनाबारे एउटा प्रस्ताव पेस गरेको थियो। मन्त्रिपरिषद्मा अझै पारित नभएको र संसदमा छलफल नगरिएको उक्त प्रस्तावमा दुई रथी, छ उपरथी र एक दर्जनभन्दा बढी बाहिनीपतिको नयाँ पदहरू सिर्जना गर्ने सिफारिस गरिएको छ। त्यसबाट नेपाली सेनाभित्र रोलक्रम र अवकाश हुने मितिबारे विवाद उत्पन्न भएका कारण मन्त्रालयले त्यो प्रस्ताव स्वीकार गर्न विलम्ब गरेको बुझिएको छ। "सेनामा पुनर्संरचना गर्ने निर्णय", *अन्नपूर्ण पोष्ट*, २१ जून २०११; र क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २०११।

[३३] उदाहरणका लागि, जुलाई २०११ मा संसदको राज्य व्यवस्था समितिले शान्ति सेनाका लागि सामान खरिद गर्ने काम नेपाली सेनाबाट आफ्नो हातमा लिन र खरिदको भुक्तानी संयुक्त राष्ट्रबाट सोझै लिन सरकारलाई निर्देशन गरेको थियो। त्यही महिनामा सेनाध्यक्ष गुरुङले सेनाको कल्याणकारी कोषमा पारदर्शिता नभएको र सेनाको "हिन्दू चरित्र" को विषयलाई लिएर सार्वजनिक लेखा समितिसामु र सेना समावेशी हुनुपर्छ भन्ने निर्देशन पालनाका सम्बन्धमा राज्य व्यवस्था समितिलाई जवाफ दिनुपरेको थियो। "Govt told to procure for peacekeeping missions", *Republica*, ५ जुलाई २०११; "No misuse of welfare fund: NA", *The Kathmandu Post*, ११ जुलाई २०११।

भेउ पाउने कोसिसमा छन्।[३४] तर आन्तरिक शक्तिसङ्घर्षले हालका लागि विश्राम पाएको छ। समायोजनबारे आफ्नो प्रस्ट दृष्टिकोणलाई पार्टीले अघि बढाउनेछ र प्रचण्डले निर्णय लिने अधिकार पाएका छन्। नेकाको नेतृत्व कति भिड्न सक्छ त्यो महत्त्वपूर्ण हुनेछ। त्यसैगरी अन्य गैरमाओवादी आफ्नै बलमा कति बढ्न तत्पर हुनेछन् र सुरक्षा क्षेत्रको सवालमा नेपाली सेनाले राखेको प्रस्तावभन्दा पर्तिर कति जान सक्छन् त्यो पनि महत्त्वपूर्ण हुनेछ।

[३४] नेकाका एक जना वरिष्ठ नेताको भनाइमा माओवादी पार्टीमा देखिएका समस्याहरू समायोजनसम्बन्धी वार्तामा प्रचण्डको हात बलियो पार्न सघाउ पुगोस् भनेर गरिएका "नाटक" हुन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, जुलाई २०११।

## ४. प्रतिस्पर्धाको बाध्यता

### क. माओवादी पार्टी र जनमुक्ति सेनाको सम्बन्ध

#### १. सैद्धान्तिक विचार र छवि, रणनीति र कार्यनीति

युद्धविराम भएको पाँच वर्ष बितिसक्दा जनमुक्ति सेनाले पार्टीका लागि कस्तो महत्त्व राखदछ भन्ने कुराको मापन गर्न गाह्रो छ।[३५] अहिलेकै अवस्थामा माओवादी सेनाको उपयोग एनेकपा (माओवादी) का लागि सीमित देखिन्छ। सन् २००६ देखि नै यसको सैनिक महत्त्व लगातार घट्दै आएको छ र पार्टी फेरि युद्धमा फर्कनेवाला छैन।[३६] माओवादीको हिंसा थाल्ने क्षमता छ र त्यसको उपयोग स्थानीय स्रोतसाधन निम्ति हुने प्रतिस्पर्धामा भइरहेको छ तथा भविष्यमा हुने चुनावहरूमा पनि त्यसको खाँचो पर्ला। तर उनीहरूको हिंसा थाल्ने क्षमताको स्रोत अब अन्यत्र सरेको छ जस्तै, यसका युनियन र अन्य साझेदारी संस्थाहरू, वाइसीएल र जनस्वयंसेवक ब्युरो।[३७] तथापि पार्टीभित्र माओवादी सेनाको निकै ठूलो प्रतीकात्मक र भावनात्मक ध्वनि विद्यमान छ। यो पार्टीको इतिहास र राजनीतिक दर्शनको दृश्यमान प्रतीक हो, यद्यपि पार्टीले बहुदलीय प्रजातन्त्र अँगालेपछि राजनीतिक दर्शनमा परिष्कार आउँदै गएको छ। पार्टीमा रहेर पनि पार्टीको सेनासित आबद्ध नहुनु भनेको हालैका राजनीतिक परिवर्तनहरूमा यसको भूमिका नकार्नु हो र नेपालको रूपान्तरणका लागि हजारौंले दिएका योगदान तथा बलिदानको बेवास्ता गर्नु हो।[३८] यसका धेरै प्रत्यक्ष असरहरू माओवादी नेतृत्वमा पनि पर्न

[३५] यो खण्ड क्राइसिस ग्रुपले व्यक्तिगत रूपमा भेटेर, फोन गरेर र इमेलबाट काठमाडौं, चितवन, सुर्खेत, बाँके, सुनसरी, झापा, पाँचथरमा माओवादी ब्रिगेड, बटालियन र कम्पनी कमाण्डरहरूलगायत साधारण लडाकूहरू गरी बीस जना माओवादी लडाकूहरू, सन् २०१० मा अयोग्य ठहरिएका १०-१२ जना पूर्वलडाकूहरू, पत्रकारहरू, अन्तर्राष्ट्रिय अनुगमनकर्ताहरू र शिविरमा कार्यरत अन्य व्यक्तिहरूसँग लिइएको अन्तर्वार्ताहरूमा आधारित छ, अक्टोबर २०१०-जून २०११।

[३६] सैन्य र राजनीतिक खण्ड छुट्याउन पार्टीलाई समय लागेको छ। खासगरी पैसा उठाउन सक्ने जनमुक्ति सेनाका केही कमाण्डरहरू पार्टी नेतृत्वलाई राम्रो दबाब दिने सामर्थ्य राख्दथे। अहिले त्यस्तो सामर्थ्य मूलतः पार्टीका भ्रातृ सङ्गठनहरूका प्रमुखहरूको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अनुसन्धानकर्ता, काठमाडौं, मार्च २०११। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार*, माथि उल्लेखित।

[३७] सन् २०१० देखि वाइसीएल तुलनात्मक रूपले चुपचाप छ र जनस्वयंसेवक ब्युरोको भूमिका र प्रभाव अझै प्रस्ट छैन। तर यस्ता समूह र माओवादी युनियनहरू पार्टीका ज्यादै महत्त्वपूर्ण हतियार हुन्। यिनीहरूको माओवादी सेनासितभन्दा पनि आफ्ना सङ्गठन, राजनीतिक प्रतिस्पर्धीहरू र जनतासित दैनिक रूपमा निकट सम्पर्क हुने गर्दछ।

[३८] पार्टीभित्र त्यस्तो भावना राख्नेमा किरण समूह र प्रचण्ड मात्रै छैनन्। उदाहरणार्थ, हालसालै मात्र बाबुराम भट्टराईले के लेखेका छन् भने जनमुक्ति सेनाको ऐतिहासिक भूमिका, धैर्य र सहादतलाई अवमूल्यन गरेर शान्ति प्रक्रिया टुङ्गोमा पुर्‍याउन असम्भव छ। "सेना समायोजनका जटिलता", *नयाँ पत्रिका*, २८ जून २०११। यो एउटा कठिन काम हो। माओवादीहरूले नयाँ संविधानको प्रस्तावनामा "जनयुद्ध" र "जनमुक्ति सेना" भन्ने शब्दहरू उल्लेख गर्नुपर्ने माग राखेका थिए। मे २०११ मा संवैधानिक विवादहरू सुल्झाउनका लागि प्रचण्डको

जान्छः लडाकूहरूले आफूहरू "अपमानित" महसुस गर्छन् र उनीहरू अझ बढी अपमानित हुन चाहँदैनन्।[३९]

कट्टरपन्थी भनिनेहरूका लागि क्रान्ति अझै सकिएको छैन, यद्यपि उनीहरू जनमुक्ति सेनाको उपयोग फेरि कहिले र कसरी हुनेछ भन्नेमा प्रस्ट छैनन्।[४०] तर जनमुक्ति सेनालाई साबुत राखिराख्नाले फेरि ठूलो भिडन्त र विद्रोह हुन सम्भव छ भन्ने कल्पना जिउँदो राख्न मद्दत पुग्छ। समायोजन र पुनःस्थापना "आत्मसमर्पण" जस्तो देखिनु हुँदैन भन्ने किरण तथा अन्य नेताहरूको भनाइ माओवादी सेना सोचेभन्दा चाँडै विघटन हुन सक्ने कुराको स्वीकारोक्ति हो।[४१]

"विद्रोह" को वकालत गर्ने किरण र "शान्ति तथा संविधान" को पक्षमा तर्क गर्ने प्रचण्ड र बाबुरामबीचको बहुप्रचारित वैचारिक मतभिन्नता आफ्नै ठाउँमा छ, तर त्यसभन्दा महत्त्वका कुरा अरू नै छन्।[४२] किरण र भट्टराईको साठगाँठ हुनु अस्वाभाविक देखिन्थ्यो। तर मे महिनामा संविधानसभाको म्याद थपिएपछि निर्णय लिने र सङ्गठनात्मक मामिलामा तथा संसदीय अन्तरक्रियामा रहेको प्रचण्डको पकड खुस्काउने कुरामा उनीहरू एक भए। किरणको खेमा सरकारमा आफ्नो प्रतिनिधित्व बढेको हेर्न चाहन्थ्यो।[४३] त्यसकारण, उनीहरूबीचको सत्ता सङ्घर्षलाई निजी महत्त्वाकाङ्क्षा र शत्रुता तथा पार्टीको फैलँदै गएको कर्पोरेट स्वार्थउपरको नियन्त्रण र व्यवस्थापनमा आफ्नो हिस्सा खोज्ने चाहनाले जन्माएका हुन्।[४४]

समायोजन बृहत्तर अन्तरपार्टी लेनदेनकै एउटा भाग थियो। मे २०११ पछि माओवादीहरूले समायोजनबारेको आफ्ना नीतिलाई उल्ट्याए। उनीहरू समुच्चा एकाइहरूको समायोजन हुनुपर्छ, कुनै दर्जा र तहमा भर्ना गर्दा नेपाली सेनाका नियम लागू हुनु हुँदैन भन्न थाले। यस्ता भनाइ किरणको वैचारिक नीतिअनुरूप थिए। तर अन्तरपार्टी छलफललाई रोक्नु आन्तरिक शक्ति सङ्घर्षमा आफ्नो हात बलियो पार्नु थियो र त्यसका साथै जनमुक्ति सेनालाई फाइदा पुग्ने गरी सम्झौतावार्ता गर्न प्रचण्डलाई दबाब दिनु पनि थियो।

सन् २०१० देखि २०११ को सुरुसम्म प्रचण्डले प्रधानमन्त्रीको पद पाउन जुन प्रयास गरेका थिए त्यसको पार्टीका विभिन्न तप्काबाट आलोचना भयो। उनीहरूलाई पार्टीभित्र कडा नियन्त्रण राख्दाराख्दै राष्ट्रिय राजनीतिक मञ्चमा समेत आफ्नो हैसियत सुदृढ पार्न प्रचण्डले संवैधानिक मामिलालगायतका मूलभूत सवालहरूमा सम्झौता गर्नेछन् वा आफूखुसी निर्णय लिनेछन् भन्ने डर थियो।

---

नेतृत्वमा गठन भएको कार्यदलले ती शब्दावली नराख्ने निधो गर्‍यो। नेपालको संविधान भनेर जुन नाममा सहमति भएको छ त्यसले पनि विगत पाँच वर्षमा भएका कुनै पनि परिवर्तनहरू (जस्तो गणतन्त्र र सङ्घीयताप्रतिको प्रतिबद्धता) लाई जनाउँदैन।

[३९] यसमा भाषाको कुरा पनि आउँछ। गैरमाओवादी पात्रहरूले घरीघरी समायोजनबाट नेपाली सेना "प्रदूषित" हुन्छ भन्ने गरेका छन्। शिविरबाट निकालिएका केही लडाकूहरूले भोग्नुपरेको तिरस्कार र उपेक्षा पनि अर्को पाटो हो। जनमुक्ति सेना र युद्धमा मारिएका अथवा बेपत्ता भएकाहरूको परिवारजन लडाकूहरूको भविष्य मोलतोलका लागि मात्र पार्टी नेतृत्वले प्रयोग गर्ने गरेकोमा उनीहरूको आलोचना गर्छन् र कहिलेकाहीं बदला लिने धम्की पनि दिने गर्छन्। माओवादी र अन्य प्रकाशनहरूमा लडाकूहरूका थुप्रै विचारहरू हालसालै छापिएका छन्, उदाहरणका लागि, "प्रचण्ड कमरेडलाई शिविरको पत्र", *जनआस्था*, २० अप्रिल २०११; र "फुटबादीलाई हाम्रो आँगनमा ठाउँ छैनः एक सहिद पत्नीको पेरिस डाँडालाई पत्र", *लाल रक्षक*, २६ जून २०११। हेर्नुहोस् क्राइसिस ग्रुपको बिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि उल्लेखित।

[४०] अक्सर गरेर "जनविद्रोह" लाई माओवादी क्रान्तिको अर्को सम्भाव्य चरणका रूपमा लिने गरिन्छ। यो सामान्यतः सहरकेन्द्रित रहन्छ र जनपरिचालनको सन्दर्भमा यो जनमुक्ति सेना र मिलिसियाको आवश्यकता पर्ने छापामार युद्धभन्दा मूलभूत रूपमा फरक हुन्छ भनेर व्याख्या गरिन्छ।

[४१] जुन निष्कर्षका आधारमा माओवादीहरू मूलधारका पार्टीहरूसँग गठबन्धन गरेर शान्ति प्रक्रियामा गएका थिए ती बदलिएका छैनन्: सैन्य विजय असम्भव थियो र वाञ्छित पनि थिएन। पार्टीले राज्यशक्ति प्राप्त मात्र नगरी त्यसलाई कायम पनि राखिराख्ने हो भने माओवादीले सत्ता कब्जा गर्नका लागि अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल थिएन र परम्परागत कम्युनिस्ट मोडेल नेपालमा काम लाग्ने थिएन। हेर्नुहोस् क्राइसिस ग्रुपका रिपोर्टहरू, *नेपालका माओवादीः तिनका लक्ष्य, संरचना र रणनीति; नेपालका माओवादीहरूः विशुद्धतावादी कि व्यवहारवादी*, दुवै माथि उल्लेखित। पार्टीले अहिले आफ्नो सङ्गठनात्मक सञ्जाल र साधनस्रोतहरूलाई धेरै मात्रामा फैलाएको छ र तिनबाट निकै बल प्राप्त गरेको छ। यसको अर्थ अब अन्य बहस र सङ्घर्षमा जनमुक्ति सेनाका सदस्य, हतियार र प्रतीकहरू प्रयोग गरिने छैन भन्नेचाहिँ होइन।

[४२] पार्टीभित्रका मतभेदको जानकारीका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि उल्लेखित।

[४३] प्रचण्ड एनेकपा (माओवादी) का अध्यक्ष, पार्टी संसदीय दलका नेता, सङ्गठन विभागका वास्तविक प्रमुख हुन् र बेलाबखत विरोधाभासपूर्ण विज्ञप्तिहरू आउने गरे तापनि उनी जनमुक्ति सेनाका सर्वोच्च कमाण्डर पनि हुन्। भट्टराईको छनोट स्वाभाविक हुने थियो, तर उनलाई सन् २००८ मा पार्टी संसदीय दलको नेता बनाइएन। सन् २०११ मा पार्टी पुनर्संरचना हुँदाखेरि उनले त्यस पदको दाबी गरे पनि त्यो पाएनन्। तर माओवादीको नेतृत्वमा गठन हुने अर्को सरकारको प्रधानमन्त्री बन्न उनले पार्टीको समर्थन पाए। उनले सम्मान पाउनका लागि मात्र ती दुवै पद खोजेका थिएनन्; संसदीय दलको नेता भएपछि पार्टीको अध्यक्ष पदका लागि चुनौती दिन सक्ने सम्भावना बढ्छ। जस्तो नेकाले देखाएको छ, निर्णय लिने अधिकार दुई शक्तिकेन्द्रमा विभाजित भएपछि अन्य पार्टीहरूसँग प्रभावकारी रूपमा वार्ता गर्न अप्ठेरो हुन्छ। नामका लागि किरण पार्टीको शक्तिशाली सङ्गठन विभागका प्रमुख भए पनि उनमा कार्यकारी अधिकार थिएन। उनलाई त्यो अधिकार त दिइयो, तर त्यसो हुँदैमा पार्टीका मुख्य सङ्गठनकर्ताहरूको निष्ठा प्रचण्डबाट किरणतिर सर्छ भन्ने ग्यारेन्टी छैन। महासचिव रामबहादुर थापा "बादल" ले जनमुक्ति सेनाको प्रमुखको बढुवा पाएबाट उनको भूमिका कस्तो हुनेछ त्यो बताउने बेला भएको छैन। उनका सम्बन्धहरूमा भइरहने फेरबदल, सबै खेमाबाट उनलाई प्राप्त समर्थन र धेरै कमाण्डरहरूसितको उनको निकट सम्पर्कको आफ्नै महत्त्व छ, तर समग्र माओवादी सेनाको भविष्यबारे निर्क्योल नभएसम्म सेनाउपर प्रचण्डको पकड खकुलो हुने छाँट छैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून-जुलाई २०११। मन्त्रालयहरूको भागबण्डा माओवादीहरूका लागि विभाजनकारी रह्यो। सरकार गठन भएपछि आफ्नो भागमा आएका क्याबिनेट मन्त्री र राज्यमन्त्रीहरूको पद भर्न माओवादीहरूलाई पाँच महिना लाग्यो। जुलाई २०११ मा सबै खेमाको भाग पुग्ने गरी मन्त्रिपरिषद्मा पार्टीको प्रतिनिधित्वबारे पुनः सम्झौता हुँदा प्रचण्डले मन्त्रिमण्डल पुनर्गठन गर्न प्रधानमन्त्रीलाई अनिच्छुक पाए। उनी सहमत त भए, तर त्यसका लागि माओवादीहरूले आफ्नो समर्थन फिर्ता लिने धम्की दिनुपर्‍यो।

[४४] हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि उल्लेखित।

यी कारणहरूले गर्दा माओवादी सेनाका केहीलाई जनमुक्ति सेनालाई टुट्टा पर्ने गरी कुनै सहमति होला कि भन्ने डर पस्यो।[४५] प्रचण्डका पार्टीभित्र र बाहिरका आलोचकहरूलाई के कुरा राम्ररी थाहा छ भने उनलाई बाहेक गरेर कुनै सहमति हुन सक्दैन। पार्टीको सामु समायोजन र पुनःस्थापनाबाहेक अरू पनि थुप्रै महत्त्वका विषय भएकाले प्रचण्डले समायोजनबारे अरू पार्टीहरूसित बडो कडाइसाथ मोलमोलाही गरिरहेको भान दिएर वास्तवमा संविधान लेखन प्रक्रियाको नेतृत्व गर्दै अरू पार्टीहरूसितको मतभिन्नतालाई साँघुरो बनाएर नयाँ संविधान बनाउन सम्भव छ भन्ने देखाउन सक्छन् र संविधान लेखन माओवादी आन्दोलनको एउटा प्रमुख लक्ष्य हो। बेलाबखत उनको कुरा काट्ने काम भए तापनि जनमुक्ति सेनाका कमाण्डरहरू उनीप्रति औधी बफादार छन्। उनले समायोजन र पुनःस्थापनाबारे हुने कुनै पनि सहमतिलाई गतिलो अन्जाम दिन सक्नुपर्छ। पार्टीले दुई सेना मिसाउने कुरा गर्न छाड्नाले जनमुक्ति सेनाको आकाङ्क्षाको बेवास्ता भएको हुन सक्छ, तर प्रत्येक लडाकूको व्यक्तिगत हितलाई यसै फासफुस पार्न सकिँदैन। त्यसो गर्नाले भविष्यमा प्रचण्डको हैकममा चुनौती आउन सक्छ। गुटबन्दीले यसै पनि खलल पैदा गरेको छ र संविधान लेखन प्रक्रियामा माओवादी नेताहरूले गरेका सम्झौताहरूले गर्दा प्रचण्डको प्रतिष्ठामा आघात पर्न सक्छ र उनले काम सम्पन्न गराउन नसकेको ठहरिन सक्छ।[४६]

समायोजन गरिएका लडाकूहरूलाई तदनुरूपको जिम्मेवारी दिइनुपर्छ र उनीहरूमाथि नेपाली सेनाको भर्ना नियम लागू गरिनु हुँदैन भन्ने जस्ता जनमुक्ति सेनाका कमाण्डरहरू तथा किरणले लिएका अडानहरू सम्झौतावार्ताभित्र परिसकेका छन्।[४७] यी तर्कहरू आन्तरिक शक्तिसङ्घर्षमा उपयोग भइरहेका छन्। तर मन्त्रालयको राम्रो बाँडफाँड हुँदैमा वा कुनै खास व्यक्ति प्रधानमन्त्री हुँदैमा यी कुराहरूको टुङ्गो आफ से आफ लाग्छ भनी ठान्नुचाहिँ गल्ती हुनेछ। यी सबै अन्तरसम्बन्धित लक्ष्यहरू हुन् र ती बदलिरहन सक्छन्।

## २. लडाकूहरू के सोच्छन्?

लडाकूहरूका मागलाई डोऱ्याउँदै लैजानु गाह्रो काम हो। संविधानसभाको निर्वाचन सम्पन्न भएपछि पार्टी र जनमुक्ति सेनाको सम्बन्धलाई पुनर्परिभाषित गरिएको थियो। अनि आम लडाकूहरूमा र तल्ला तहका अधिकृतहरूमा पार्टीको भूमिका र नेताहरूको कार्यशैली आलोचनाको विषय रहेको छ। पार्टी नेतृत्व जनमुक्ति सेनाको आम तहबाट टाढिँदै गएको छ र पार्टीले आफ्नो भनाइ र अडानबारेको सूचना तल्लो तहसम्म पुऱ्याउन कमाण्डरहरूलाई सेतुका रूपमा प्रयोग गर्ने गरेको छ। वरिष्ठ नेताहरू शिविरहरूमा विरलै गएका छन्। नेताहरूले गरेका उल्लेखनीय भ्रमण भनेको सन् २०१० मा अयोग्य लडाकूहरूले शिविर छाड्दा र माओवादी सेना सरकारलाई हस्तान्तरण गर्दाखेरि जनवरी २०११ मा भएको थियो।[४८]

---

[४५] नेपाली सेनामा ७,०००-८,००० जना माओवादीहरूलाई ठाउँ दिने कुरा भइरहेको छ र एकाध हजारलाई प्रहरी र अर्धसैनिक बलमा समावेश गर्ने कोसिस माओवादीहरूले गर्न सक्नेछन्। क्राइसिस ग्रुपसँग अन्तरवार्ता, काठमाडौं, जुलाई २०११। कोइरालाले वचन दिएका थिए भनेर प्रचण्डले दाबी गर्ने गरेको अङ्कभन्दा यो सङ्ख्या दुई गुणा बढी छ।

[४६] उदाहरणार्थ, राष्ट्रपतीय पद्धति माओवादीको मूल माग रहेको थियो, पार्टीहरू अहिले अर्ध-राष्ट्रपतीय पद्धतिमा जान सहमत भएका देखिन्छन्। सङ्घीयतासम्बन्धी सम्झौतावार्ताको नतिजा यस्तै हुन्छ भनेर भन्न सकिने अवस्था छैन र प्रचण्डले राज्यहरूको सङ्ख्याका बारेमा छलफल गर्न सकिने बताएका छन्। यस्ता सहमतिहहरूमा जान सक्ने उनी एक्ला माओवादी नेता होइनन्। भट्टराई नजिकका एक जना वरिष्ठ पार्टी सदस्यले भने, "सङ्घीयता, शासकीय स्वरूप, निर्वाचन प्रणाली जस्ता संविधानका टुङ्गो लाग्न बाँकी विषयहरू वैचारिक प्रकृतिका होइनन्। ती सवालहरूउपर छलफल गर्न हामीलाई मार्क्सवाद वा लेनिनवाद वा माओवाद केहीले छेक्दैन।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०११। यी सवालहरू वैचारिक नहुन सक्छन् तर तिनबारेका निर्णयहरूले राज्य सत्ताको संरचनालाई निर्धारण गर्नेछन्। त्यो माओवादीहरूका लागि विचारधारा जत्तिकै महत्त्वको हुनेछ। पार्टीले धेरै कुरामा सम्झौता गऱ्यो भन्ने पर्नु हुँदैन, किनभने कार्यकर्ता र एनेकपा (माओवादी) भित्रका खेमाहरूले संवैधानिक मुद्दाउपर लिइने निर्णयहरूलाई नजिकबाट नियालिरहेका हुनेछन्। काइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून २०११। क्राइसिस ग्रुपको रिपोर्ट पनि हेर्नुहोस्, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित; रिपोर्ट नं. १९९, *नेपालः पहिचानको राजनीति र सङ्घीयता,* १३ जनवरी २०११।

[४७] लडाकूहरूले प्रायः बडो कसिएर "म मेरो छाती नपाउने छैन" भन्ने गर्छन्। तर उमेर र शिक्षाको आवश्यकता सम्बन्धमा नेपाली सेना र नेकाले लचकता देखाए भने त्यसलाई नस्वीकारी उनीहरूलाई धर छैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून २०११।

[४८] पार्टीको युद्धकालीन प्रणालीअन्तर्गत प्रत्येक एकाइमा एक जना सैन्य कमाण्डर र एक जना कमिसार रहने गर्थे। त्यसमा कमिसारको अधिकार भने बढी हुने गर्थ्यो। विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि पार्टीले त्यसमा फेरबदल ल्यायो। त्यस बेलादेखि सैनिक मामिलालाई जनमुक्ति सेनाको जनरल स्टाफ मिटिङले हेर्ने गरेको छ। जनमुक्ति सेनाका सर्वोच्च कमाण्डर प्रचण्ड कायमै रहे र दैनन्दिन कामहरू हेर्ने कमाण्डर नन्दकिशोर पुन "पासाङ" भए। सन् २०१० मा प्रचण्डले आफू जनमुक्ति सेनाको प्रमुख नरहने र पासाङ नै कमाण्डर हुने घोषणा गरे, तर भनाइअनुरूप परिवर्तन भएको देखिएन। जनरल स्टाफ मिटिङको समानान्तरमा सुरक्षा अथवा सैन्य र समायोजन ब्युरो रहेको छ, जसले राजनीतिक नेतृत्व प्रदान गर्थ्यो। यसको नेतृत्व पनि प्रचण्डले नै गर्थे र उनको मातहतका "इन्चार्ज" का रूपमा वर्षमान पुन "अनन्त" थिए। पार्टीका निर्णयहरू यिनै निकायहरूमार्फत सम्प्रेषित हुने गर्छन्। संविधानसभाको निर्वाचनपछि सैनिक ब्युरोले समायोजनसम्बन्धी कामहरूमा बढी समय दिने गरेको छ र हालका वर्षहरूमा शिविरमा राजनीतिक प्रशिक्षणहरू नगण्य मात्र भएका छन्। तर, लडाकूहरूले नियमित सैन्य तालिमका साथै "सहरी विद्रोह" को तालिम लिने गरेको बुझिएको छ। केही गरी अन्य पार्टीहरूले संविधानसभा वा शान्ति प्रक्रियाको बाटो छाडे भने सहरी विद्रोह जरुरी हुन्छ भन्ने माओवादी धारणाका कारण सहरी विद्रोहको तालिम पनि दिइएको हुनुपर्छ। पार्टीको सङ्गठन चित्रमा जनरल स्टाफ मिटिङमा प्रचण्डको मातहतमा चार जना डेपुटी कमाण्डरहरू (पासाङ, अनन्त, चन्द्रप्रकाश खनाल "बलदेव" र जनार्दन शर्मा "प्रभाकर"), सातओटा डिभिजनका कमाण्डरहरू र पार्टी मुख्यालयका सुरक्षा कमाण्डरलाई देखाइएको छ। सैन्य अथवा सुरक्षा ब्युरोमा प्रचण्ड र अनन्तभन्दा तल पासाङ, प्रभाकर, बलदेव, तेस्रो डिभिजनका कमाण्डर धनबहादुर मास्की "राजेश", चौथो डिभिजनका कमाण्डर तेजबहादुर वली "प्रतीक" र पहिलो डिभिजनका कमाण्डर सन्तु दराइँ "परवाना" छन्। बादललाई जनमुक्ति सेनाको सुपरीवेक्षण गर्न बनेको नयाँ आयोगको प्रमुख बनाइएको छ। तर चेन अफ कमाण्ड अझ पनि पासाङकै हातमा छ र प्रचण्डको स्थान बादलले र जनरल स्टाफ मिटिङको स्थान आयोगले लिने हो कि भन्ने कुरा अहिले पनि अस्पष्ट नै छ। सङ्गठनात्मक रूपले सैन्य र पार्टीको विभेद स्पष्ट हुन सक्छ, तर पार्टीले धेरै जनाको सम्बन्ध दुवैतिर जोडिएको छ भन्नेतर्फ पनि विचार पुऱ्याउनुपर्ने हुन्छ। सेना

केही कमाण्डरहरूले उमेरका कारण नेपाली सेनामा वृत्ति थाल्न सक्दैनन् र केहीको न्यूनतम शैक्षिक योग्यता पुग्दैन। धेरैले नेपाली सेनामा मेजर जनरलको तहमा पुग्ने आशा अहिल्यै छाडिसकेका छन्।[४९] केही भने निर्णयकारी निकायहरूमा सदस्य बनिसकेका छन् र केही जिल्ला वा राज्यस्तरीय समिति जस्ता पार्टी संरचनामा ठाउँ पाउनेमा ढुक्क छन्।[५०]

ब्रिगेड र बटालियन कमाण्डरहरूको अवस्था केही जटिल छ। नेपाली सेनामा उनीहरूले केही गर्न सक्ने सम्भावना देखिन्छ — उनीहरूमध्ये धेरै जना तरुना छन् र केहीले हाइस्कुलसम्मको शिक्षा हासिल गरेका छन्। त्यति हुँदाहुँदै पनि उनीहरू नेपाली सेनाको प्रणाली र प्रवृत्तिबारे अनभिज्ञ छन् र उनीहरूले आफ्नो औपचारिक शिक्षालाई बढाउँदै लैजाने सम्भावना पनि छैन।[५१] सबभन्दा मुख्य कुरा त नेपाली सेनामा प्रवेश गर्नु व्यक्तिगत तवरमा उनीहरूका लागि राम्रो नहुन सक्छ। उनीहरूले राजनीतिक पात्रका रूपमा कार्य गर्न पाउने छैनन् र माओवादी सेनामा उनीहरूले पाएका दर्जा नेपाली सेनामा सम्भवतः कहिल्यै पाउने छैनन् र उनीहरूले विभेदकारी वातावरणमा रहेर काम गर्नुपर्ने पनि हुन सक्छ। हुन त एनेकपा (माओवादी) ले कुनै वचन दिएको छैन, तर पार्टीमा रहँदा नै मध्यम तहका कमाण्डरहरूले इज्जत, प्रभाव र आय आर्जन गर्न सक्नेछन्। यो समूह पार्टी नजिक छ र उनीहरूमध्ये धेरै जना पार्टीले अह्राएको काम खुरुखुरु गर्ने खालका छन्। केहीले पार्टीले दिन नसक्ने दर्जा र तहको माग गर्न पनि सक्नेछन्। त्यस्ताहरूले समायोजनलाई नकार्नेछन्।

माथ्ला तहका कमाण्डरहरूमा रहेको आत्मविश्वास तल्ला तहका लडाकूहरूमा पाइन्न। कम्पनी कमाण्डरभन्दा तल्ला तहका अधिकृत र आम लडाकूहरू सुरक्षा बलमा उनीहरूलाई प्रवेश गराउन सम्झौतावार्तामा पार्टीले माथ्ला तहका अधिकृतलाई जत्तिकै महत्त्व दिने हो होइन त्यसबारे अन्योलमा छन्। मध्यम तहका कमाण्डरहरूझैं उनीहरूले युद्धमा भाग लिने कारण र आकाङ्क्षाहरू पनि बेग्लाबेग्लै छन्। उनीहरूमध्ये केही युद्ध अझै सकिएको छैन भनी ठान्छन् अथवा आफूलाई पार्टी विरुद्ध हुने सम्भावित षडयन्त्रबाट पार्टीलाई जोगाउने जगेडा शक्तिका रूपमा हेर्छन्।[५२] राज्यको रूपान्तरण हुन नसके कम्तीमा आफ्नो निजी जिन्दगी त राम्रो होस् भनी सोच्नेहरू पनि छन्। त्यसबाहेक आफूलाई धोखा दिइयो भनेर निराश हुनेहरू पनि छन्, मानौं उनीहरूले कैयौं अमूल्य वर्षहरू खेर फाले र अब उनीहरूलाई नेताहरूले आफ्ना वाचा पूरा गर्छन् भन्नेमा विश्वास छैन।[५३]

---

र पार्टी नेताहरूका बीच कायम यस्तो जटिल सम्बन्ध पार्टीको कार्य विभाजनको खाकामा प्रतिबिम्बित भएको देखिन्न। त्यसले गर्दा भविष्यमा के हुने हो भन्न गाह्रो छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जून-जुलाई २०११।

[४९] केही वरिष्ठ माओवादी लडाकूहरूलाई नेपाली सेनामा तुलनात्मक रूपले माथिल्लो तहमा समायोजन गर्ने प्रश्नबारे अझसम्म गम्भीरतापूर्वक छलफल चलाइएको छैन, तर कर्णेल (महासेनानी दर्जासम्मको सम्भवतः मिल्न सक्नेछ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जुलाई २००१। जितेन्द्र देव पनि हेर्नुहोस्, "Juggling twin priorities", *The Kathmandu Post*, २७ जुलाई २०११। जनमुक्ति सेनाका सातओटा डिभिजनहरू छन्, प्रत्येक डिभिजनलाई एक जना कमाण्डरले नेतृत्व गरेको हुन्छ। तीनओटा ब्रिगेडहरू मिलेर एउटा डिभिजन बनेको हुन्छ। तीनओटा बटालियनको एउटा ब्रिगेड हुन्छ, तीन कम्पनीको एउटा बटालियन, तीनओटा प्लाटुनको एउटा कम्पनी र तीनओटा सेक्सनको एउटा प्लाटुन हुन्छ। प्रत्येक एकाइमा एक जना कमाण्डर र एक जना सहायक कमाण्डर हुन्छन्। एउटा डिभिजनमा ३६४ कमाण्डर र ३६४ सहायक कमाण्डरहरू हुन्छन्। (सातौं डिभिजन अलि फरक ढङ्गले बनाइएको छ, त्यसका तल्ला तहमा कमाण्डरहरू थोरै छन्।)

[५०] आठ जना वरिष्ठ कमाण्डरहरूमध्ये छ जना केन्द्रीय कमिटीका सदस्यहरू छन्,अन्य दुई जना राज्य समितिका सदस्यहरू छन्। सन् २००८ देखि पार्टी धेरै ठूलो भएको छ। केन्द्रीय कमिटीको सदस्य सङ्ख्या ३५ बाट १४६ पुग्यो। राज्य समितिहरू ठूला भए, युनियन जस्ता भ्रातृ सङ्गठनहरूका सदस्य र आकार बढे। यसो हुनाका धेरै कारणहरू हुन सक्छन्: पार्टीको सम्बन्ध फराकिलो हुँदै जाँदा नयाँ प्रवेशीहरूलाई स्थान दिनाले यसो भएको हुन सक्छ, सानो वाम पार्टीसँग एकता भएको कारणले हुन सक्छ (जस्तो सन् २००९ मा एकताकेन्द्र मसालसित एकता भएको थियो) र सके जनमुक्ति सेनाका सदस्यहरूलाई क्रमशः राजनीतिमा समाहित गर्दैं लैजानुपर्ने कारणले पनि हुन सक्छ। सन् २०१० मा भएको पालुङटार प्लेनममा १,१०० भन्दा धेरै कमाण्डरहरूले भाग लिएका थिए, खरिपाटीमा सन् २००८ मा भएको बैठकमा केवल २२० कमाण्डरहरूको सहभागिता थियो। सन् २००५ मा चुनबाङ प्लेनम हुँदासम्म जनमुक्ति सेनाका तीनओटा डिभिजनहरू थिए, जसको नेतृत्व एक जना कमिसार र एक जना कमाण्डरले गर्थे, कमाण्डरको मातहतमा एक जना सहायक कमाण्डर रहने व्यवस्था थियो। एक जना कमाण्डर (पासाङ) बाहेक सबै कमाण्डरहरूले मूलधारको राजनीतिमा प्रवेश गरे र अहिले उनीहरू स्थायी कमिटी सदस्य भएका छन्। प्रत्येक डिभिजनमा तीनतीनओटा ब्रिगेडहरू थिए जसको नेतृत्व कमिसार र कमाण्डरले गर्थे। अहिलेका धेरै डिभिजन कमाण्डरहरू र केही सहायक कमाण्डरहरू यसै समूहबाट तानिएका छन्। दुई जना ब्रिगेड कमिसारहरू, टोपबहादुर रायमाझी "अनिल" र गणेशमान पुन "रश्मी", ले राष्ट्रिय राजनीति र पार्टी जीवनमा ठूलो स्थान ओगटिसकेका छन्। जनमुक्ति सेनाको दर्जाबाट उनीहरूको राजनीतिक प्रभाव प्रतिबिम्बित हुँदैन, तल्ला तहका अधिकृतहरू सेनामा प्रवेश गर्नुभन्दा पहिला पार्टीमा भर्ना भएका हुन सक्छन् र त्यसकारणले उनीहरू शक्तिशाली रहेका हुन्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून-जुलाई २०११।

---

[५१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, सेनाका अवकाशप्राप्त जर्नेलहरू, काठमाडौं, अप्रिल २०११।

[५२] धेरैले माओवादी आन्दोलनको कार्यसूचीप्रति विश्वास लागेर भर्ना भएका थिए, केही भने जबर्जस्ती भर्ना गराइएका थिए। केहीले सशस्त्र भिडन्तमा भाग लिएका थिए, केही भने भान्से, भरिया र हलकाराको रूपमा काम गरेकाहरू थिए। कैयौंचाहिँ माओवादी मिलिसियामा आबद्ध रहेर काम गरेकाहरू थिए। कोहीकोहीचाहिँ किशोरावस्थामा वाम राजनीति गर्ने विद्यार्थीहरू थिए। यस्ता युवाहरूलाई समातिने खतरा थियो, त्यसैले उनीहरू जनमुक्ति सेना अथवा मिलिसियामा भर्ना भएका थिए। युद्धको अन्त्य र समायोजनको प्रतिबद्धता एउटा अवसर थियो, विशेषतः जनमुक्ति सेनाका पूर्णकालीन काम नगर्ने सदस्यहरूका लागि। खास गरिकन महिलाहरूका लागि पार्टीसमर्थित सुरक्षाजालो बेगर आफ्ना गाउँमा फर्कने विकल्प हुन सक्दैन थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पूर्व र वर्तमान माओवादी लडाकूहरू, अनुसन्धानकर्ताहरू, अप्रिल-मे २०११। युद्धमा भाग लिएका र शिविरमा मोहभङ्ग भएका कमाण्डरको अनुभवका लागि, हेर्नुहोस् खगेन्द्र संग्रौला, "कमाण्डरका आँसुको कथा", *कान्तिपुर/ कोसेली*, २३ जुलाई २०११।

[५३] जनमुक्ति सेनाका सदस्यहरू र माओवादीसँग नजिक रहेका पर्यवेक्षकहरूसँग भएको कुराकानीमा साविकको दर्जा घट्ने कुराले सबैलाई छोएको पाइयो, खासगरी कमाण्डरहरूका हकमा कस्तो सम्झौता गरिनुपर्छ भन्ने कुराको चेतना पनि उनीहरूमा यथेष्ट छ। एक जना अनुसन्धानकर्ताले भने, "उनीहरूमध्ये धेरै जसो अशिक्षित र अति गरिब छन्। तिनीहरूले कुनै समस्या खडा गर्दैनन् र नगद प्याकेज राम्रो भएको खण्डमा उनीहरूमध्ये धेरै नेपाली सेनामा जाने छैनन्।" यो

केही लडाकूहरू उनीहरूका साध्य, साधन र वास्तविक परिणाम अमिल्दो भएको स्वीकार्छन्। कति लडाकूहरू युद्ध सुरु हुँदा भर्खर किशोरावस्थामा प्रवेश गरेका थिए र अहिले उनीहरूका छोराछोरी भइसकेका छन्।[५४] "मेरो छोराले युद्धमा लड्न नपरोस् भन्ने चाहन्छु। युद्धमा म त भाग्यले बाँचे त्यसका लागि म धन्य ठान्छु," मध्यम तहका एक जना कमाण्डरले भने।[५५] अर्काले भने, "म माओवादी हुँ। उस बेला लड्नुबाहेक हामीसित कुनै उपाय थिएन। तर अहिले परिस्थिति बदलिएको छ। हामी कसरी विकसित हुँदै जाने त्यो सोच्नुपर्छ।"[५६]

यसप्रकार बढ्दै गएको नैराश्यलाई अहिलेसम्म त थामथुम पारिएको छ, तर उनीहरूको धैर्य टुट्दै गएको देखिन्छ।[५७] यसको अर्थ तुरुन्तै नेतृत्व विरुद्ध बगावत भइहाल्छ भन्ने होइन। शिविरमा अनुपस्थित रहनेहरूको सङ्ख्या निकै उच्च रहेको बताइन्छ। उनीहरूले बाहिर गएर अर्थोकै गर्ने वा पार्टीका लागि काम गर्ने गरेको हुन सक्छ र लडाकू रहँदा हैसियतका साथै जीवनस्तर सुधार्ने सम्भावना घट्दै गएको भए पनि उनीहरूले जेनतेन त्यसलाई धानिरहेका हुन सक्छ। माओवादी पार्टीका जानकार समर्थकहरू, अनुसन्धाता र माओवादी आन्दोलनलाई नजिकबाट नियालिरहेका पत्रकारहरू तथा छिटफुट गरिएका सर्वेक्षणहरूको निष्कर्षमा धेरै जना लडाकूहरू सैनिक जीवनलाई निरन्तरता दिन चाहँदैनन्।[५८] अवकाशको प्याकेज वा पुनःस्थापनाका विकल्पहरू आकर्षक भएमा उनीहरू गैरसैनिकका रूपमा जिउन चाहन्छन्।

## ख. नेपाली सेना

नेपाली सेनाको परम्परागत संस्थापनाको दृष्टिमा माओवादी लडाकूहरू र एउटा वर्गका रूपमा राजनीतिज्ञहरू अभिशाप हुन्। यद्यपि पहिलेका केही लडाकूहरूलाई सेनामा मिसाउनुपर्छ भन्ने कुरालाई अहिले उनीहरूले मानेको देखिन्छ। अनौपचारिक तवरमा प्रस्तुत गरिएको भए पनि नेपाली सेनाको प्रस्तावले सम्झौतावार्ताको आधार प्रदान गरेको छ। नेपाली सेनाले शान्ति प्रक्रियामा अवरोध पुऱ्याएको छ भन्ने आमधारणामा केही सुधार ल्याउन खोज्दै त्यस प्रस्तावले नेपालको खास सेना आफू मात्र भएको दाबी गरेको छ। अझ अगाडि बढेर त्यसमा समायोजन सेनाको इच्छा मुताबिक हुने बताइएको छ, जो माओवादीले आफ्ना व्यावसायिक जनमुक्ति सेनालाई प्रजातान्त्रिकरण गरिएको नेपाली सेनामा गाभ्ने आशा विपरीत छ।

माओवादी लडाकूहरूलाई सामेल गर्नाले आफ्नो सङ्गठनको व्यावसायिक र अराजनैतिक प्रकृतिमा खलल पर्छ भन्ने तर्क नेपाली सेनाले लगातार राख्दै आएको छ। सेनाको यस प्रकारको चित्रणप्रति धेरै स्वतन्त्र पर्यवेक्षक र सेनाभित्रकै केही सहमत छैनन्। तर जर्नेलहरूलाई अन्तरध्वंश हुने ठूलो डर अवश्य छ। यो डर समायोजन गरिएपछि पहिलेका विद्रोहीहरूले सेनामा बगावत मचाउँछन् वा तिनमध्येका केही टाउको दुखाइको कारण बन्छन् भन्नेबाट मात्र उब्जेको होइन। सेनाका जवानहरूमा अहिले नै उनीहरूलाई र अधिकृतहरूलाई गरिने व्यवहारमा आवश्यकताभन्दा बढी नै भिन्नता भएकोमा र युद्धताका सबै अधिकृतहरू खतरासित भिड्न तयार थिएनन् भन्ने प्रभाव परेबाट असन्तुष्टि रहेको छ।[५९] सेनाको बजेट बढ्दै जानुमा र जवानहरूको अवस्थामा सुधार ढिलो हुनुमा पनि कुनै तालमेल देखिँदैन।[६०] अर्को कुरा, धेरै माओवादी लडाकूहरू र नेपाली सेनाका तल्ला तहका सदस्यहरूको पृष्ठभूमि समान छ। यी कारणहरूले गर्दा "चेन अफ कमाण्ड"मा स्थानीय तवरमा बेलाबखत चुनौती आउन सक्दछ।[६१]

यस्तो डरले नेपाली सेनाको नेतृत्वलाई केही गतिला सुधार ल्याउन झकझक्याउनु पर्ने हो, तर युद्धविराम भएको पाँच वर्ष भइसक्दा पनि प्रस्तावित परिवर्तनबारे आलङ्कारिक काम मात्रै भएका छन्। सन् २००३ र २००६ को बीचमा सेनाको सङ्ख्या झन्डै दोब्बर बढ्यो[६२] र सन्

---

कुरा सही हुन सक्ला, तर यसको अर्थ के पनि हो भने समायोजन र पुनःस्थापनाको कार्यसूची जनमुक्ति सेनाका माथ्लो वर्गले तय गरेका छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून २०११।

[५४] ३,८४६ जना महिला लडाकूहरूमध्ये ५० प्रतिशत महिलाका बच्चा छन् भन्ने अनुमान गरिएको छ। दीपक ज्ञवाली, "अधिकांश लडाकू महिला अयोग्य" , *राजधानी,* १४ जून २०१०। स्पष्टतः जनमुक्ति सेनाका पुरुष लडाकूहरूका पनि सेनाभन्दा बाहिरका स्त्रीहरूबाट जन्मेका बच्चा छन्।

[५५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २०११।

[५६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०११।

[५७] एक जना कमाण्डरले लेखेका छन्: "हामी हाम्रो (समायोजनको) मुद्दा चाँडै टुङ्गियोस् भन्ने चाहन्छौं। यी झ्यालखाना (शिविर) मा हाम्रो बसाइ लम्बिनु हुँदैन।" "क्याण्टोनमेण्टका केही कुरा" र "कमाण्डरको आँसुको कथा" पनि हेर्नुहोस्, दुवै माथि उल्लेखित।

[५८] एक जना पत्रकारले जनमुक्ति सेनाका ५० प्रतिशत लडाकूहरू पुनःस्थापना प्याकेज मात्र तयार छन् भनेर लेखे। २५ देखि ३० प्रतिशत लडाकूहरू सुरक्षा बलमा समायोजित हुनेछन् वा राजनीतिमा फर्कने छन्, जुन पार्टीको इच्छामा भर पर्ने कुरा हो, १५ प्रतिशतले मात्रै युद्धमा अझै विश्वास गर्छन्। चुडामणि भट्टराई, "सेनाको नयाँ सर्त", *नेपाल,* २२ मे २०११। सेफरवर्ल्डले गरेको सर्भेक्षणअनुसार व्यक्ति व्यक्तिसँग अन्तर्वार्ता लिँदा ६० प्रतिशत लडाकूहरूले यदि पुनःस्थापना प्याकेज आकर्षक भएको खण्डमा आफूहरू नागरिक जीवनमा फर्कन इच्छुक भएको बताए। "Common ground? Gendered assessment of the needs and concerns of Maoist army combatants for rehabilitation and integration", Saferworld, नोभेम्बर २०१०, पृ. २३। एक जना वरिष्ठ माओवादी पत्रकारले जनमुक्ति सेनाका करिब ७० प्रतिशत लडाकूहरू सुरक्षा बलमा जान नचाहेको बताए। लामो समयदेखि अनुसन्धानमा लागेका एक जना अनुसन्धानकर्ताको भनाइमा कति नगद दिइँदैछ र पुनःस्थापना प्याकेजको मूल्य कति हुन्छ त्यसका आधारमा लडाकूहरूले यस कुराको टुङ्गो लगाउनेछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे-जून २०११।

[५९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, फेब्रुअरी २०११। उदाहरणार्थ, जनरल रणध्वज अङ्गहाङ लिम्बू पनि हेर्नुहोस्, "Lessons of War – 2", *The Kathmandu Post*, २४ फेब्रुअरी।

[६०] नेपाली सेनाका सबै तह र दर्जाको तलब तथा ग्रेड निजामती सेवाको स्केलसँग मिलाइएको हुन्छ। आ.व. २०११/२०१२ को बजेटमा निजामती कर्मचारीहरूको तलब ३० र ४३ प्रतिशतको बीचमा बढाइएको छ। तर सुरक्षा बलले काम गर्ने अवस्था सधैं सजिलो हुँदैन र तल्ला तहमा काम गर्नेहरूका लागि व्यावसायिक प्रगतिका विकल्पहरू सीमित छन्।

[६१] २०११ को सुरुमा भएको एउटा घटनाका लागि, हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[६२] नेपाली सेनामा ९०,००० जवान छन् र ५,००० स्थानहरूको बाँकी पदपूर्ति सायद सेनाले छिटै गर्न थाल्नेछ। शिविरहरू खालि हुन थालेपछि नेपाली सेना र केही राजनीतिज्ञहरूले त्यसलाई सेनाउपर भर्ती गर्नमा लागेको पाबन्दी हटेको सङ्केतका रूपमा हेर्ने सम्भावना देखिन्छ। युद्धताका नेपाली सेनाले सिपाही भर्ना र

२००१ र २०११ को अवधिमा रक्षा बजेटमा चार गुना वृद्धि भयो।[६३] ब्यारेकहरूमा बस्ने ठाउँको अभाव छ र सेनाका लगभग ४० प्रतिशत जवानहरू युद्धताका खडा भएका अस्थायी आधार शिविरहरूमा बस्छन्।[६४] सेनालाई प्रजातान्त्रिकरण गर्ने योजना अपर्याप्त छ। सेनाले आफूलाई प्रतिनिधिमूलक, समावेशी र भेदभावरहित रहेको बताउँदै आएको छ, यद्यपि अनेकन् सबुद-प्रमाणहरू त्यस दाबी विपरीत पाइएका छन्।[६५]

आफ्नो संस्थागत वातावरण "प्रदूषित" हुन सक्छ र "राजनीतिक रूपमा दीक्षित" लडाकूहरूले उत्पात मचाउन सक्छन् भन्ने आपत्ति रहँदारहँदै पनि नेपाली सेना समायोजित लडाकूहरूलाई तह लगाएर राख्न सक्ने कुरामा निकै ढुक्क छ। सेनाभित्रको असन्तुष्टिलाई माओवादीहरूले उल्लेखनीय मात्रामा उपयोग गर्ने सक्ने कुरामा पनि शङ्का छ।[६६] त्यसबाहेक, नेपाली सेनाको प्रस्तावअनुरूप माओवादी लडाकूहरूले एउटा निर्देशनालयअन्तर्गत रहनुपर्नेछ र त्यहाँ नेपाली सेनाका खारिएका सदस्यहरू र सशस्त्र प्रहरी तथा नेपाल प्रहरीबाट आएकाहरूको सङ्ख्या उनीहरूको भन्दा धेरै बढी हुनेछ। जनमुक्ति सेनाका केही लडाकूहरू आफूलाई हावादारी तालले बनेको गुरिल्ला सेनाको सदस्य नभई सही ढङ्गको सेना सावित गर्न तत्पर रहेको र चेन अफ कमाण्ड मान्न तयार भएको बताउँछन्।[६७]

समायोजित लडाकूहरूलाई नेपाली सेनाभित्र गरिने व्यवहारले केही समस्या निम्त्याउन सक्छ। केही घोचपेच र भेदभावको व्यवहार हुनु अवश्यम्भावी छ, तर नेपाली सेनाको नेतृत्वले माओवादी लडाकूहरूलाई होच्याउने वा छुट्टयाउने व्यवहार गरिनु हुँदैन भन्ने बुझेका छन्।[६८] सेनाप्रमुख गुरुङले अहिले समायोजनका लागि ढोका खोलेका छन्, तर अहिले लिइएका निर्णयहरूको कार्यान्वयन उनका उत्तराधिकारीहरूमा भर पर्नेछ।[६९] समायोजनबारे सहमति भएपछि माओवादी लडाकूहरूले अनेक किसिमका तालिम लिनुपर्ने हुन्छ र त्यसका लागि कैयौं महिना वा एक वर्षभन्दा बढी समय पनि लाग्न सक्छ। अनि सेनाध्यक्ष गुरुङले सेप्टम्बर २०१२ मा अवकाश लिनेछन्। प्रधानमन्त्री खनालअन्तर्गतका विभिन्न समितिहरूले उठाउन खोजे जस्तै पछि आउने सरकारहरूले पनि त्यस्तै अप्ठ्यारा प्रश्नहरू उठाए भने अब हुने सेनाप्रमुखले समायोजन र सेनालाई जवाफदेही तथा कुरा सुन्ने बनाउने प्रयासलाई सन्तुलित बनाउँदै लैजानुपर्ने हुन्छ। गुरुङले झैं भावी सेनाध्यक्षले पनि व्यक्तिगत प्राथमिकताहरू, सेनाभित्रको होडबाजी र सञ्जाल तथा राजनीतिज्ञहरूसित व्यक्तिगत तवरमा गरिएका समझदारीहरूमा सन्तुलन कायम गर्नुपर्ने हुन्छ।

सेनाका जर्नेलहरूले आफूहरू राजनीतिज्ञहरूको पकडबाट स्वतन्त्र छौं भनी गर्व गर्ने गरेबाटै "प्रजातान्त्रिकरण" बारेको संशय प्रस्ट हुन्छ।[७०] प्रहरीको कुरा भिन्न छ, वरिष्ठ प्रहरी अधिकृतहरूले पनि पार्टीहरूसामु झुक्नुपरेको छ। निरपेक्ष दृष्टिकोणबाट हेर्ने हो भने नेपाली सेना भ्रष्ट राजनीतिज्ञहरूबाट मुक्त मात्र छैनन् उनीहरू समग्रमा स्वतन्त्र देखिन्छन्।[७१] नाम मात्रको रक्षा मन्त्रालय छ, अप्रभावकारी राष्ट्रिय सुरक्षा परिषद् पनि छ र राज्य मामिला तथा आर्थिक समितिहरू पनि छन्, तर

---

तालिम दुवै काम छिटोछिटो गर्थ्यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०११। नेपाली सेनाको सङ्ख्या घटाउने राजनीतिक निर्णय नाटकीय ढङ्गमा गरिरहनु जरुरी छैन। साधारण र सजिलो स्वेच्छिक अवकाश लिने प्रक्रियाबाट त्यो थाल्न सकिन्छ।

[६३] सन् २००१ देखि नै रक्षा मन्त्रालयलको बजेट दुई वर्षबाहेक प्रत्येक आ.व.मा बढ्दै आएको छ। आ.व. २००१/२००२ मा रु. ४ अर्ब ५२ करोड रहेको बजेट बढेर आ.व. २००५/२००६ मा रु. १० अर्ब ९०करोड पुग्यो (त्यो सबभन्दा पछिल्लो युद्धकालीन बजेट थियो) र आ.व.२०११/२०१२ मा रु. २० अर्ब १ करोड पुगेको छ (तथ्याङ्क अर्थ मन्त्रालय)। यो रकम नेपालको कुल बजेटको करिब ५.२५ प्रतिशत हो। हतियार तथा सेना व्यवस्थापनको अनुगमनबारेको सम्झौताले नेपाली सेनालाई हातहतियार वा युद्धसामग्री खरिद गर्नमा रोक लगाएको छ। सेनाले शान्ति सेनासम्बन्धी आम्दानी-खर्चको अलग्गै हिसाब राख्ने गरेको छ र यसको नियन्त्रणमा सैनिक कल्याणकारी कोषको रु. १६ अर्ब छ। नेपाली सेनाका लागि उसले सेवा प्रदान गर्ने वन तथा भूसंरक्षण (राष्ट्रिय निकुञ्ज संरक्षण गरेबापत) र सूचना तथा सञ्चार (सञ्चार उपकरण र टेलिकम्युनिकेसन टावरहरूलाई संरक्षण गरेबापत) जस्ता सम्बन्धित मन्त्रालय र विभागहरूबाट पनि रकम विनियोजन हुने गर्छ।

[६४] हेर्नुहोस् क्राइसिस ग्रुपको ब्रिफिङ, *नेपालको लागछोड शान्ति प्रक्रिया,* माथि उल्लेखित। तर, हरेक वर्ष स्थायी आवासहरू थप्ने काम भइरहेको छ।

[६५] ऐ.ऐ.।

[६६] नेपाली सेनाका अवकाशप्राप्त केही वरिष्ठ अधिकारीहरूको भनाइमा युद्धकालमा माओवादीहरूले नेपाली सेनामा घुसपैठ गर्ने प्रयास गरेका थिए। केही गोप्य सूचना चुहुनेबाहेक उनीहरूको प्रयासबाट सेनाभित्रको आदेश र नियन्त्रण प्रणालीमा कुनै ठूलो असर पुर्याउन सकेन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून-जुलाई २०११।

[६७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०११।

[६८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जुलाई २०११।

[६९] गुरुङले छाड्ने विरासतबारे मूल्याङ्कन गरिहाल्नु अहिले धेरै चाँडो होला। सेनाको करिब २५० वर्ष लामो इतिहासमा ऐतिहासिक रूपले उपेक्षित आदिवासी अथवा जनजाति समूहको तर्फबाट सेनाध्यक्ष हुने उनी पहिलो व्यक्ति हुन् र नेपाली सेनाले उसले सेवा पुर्याउने जनसङ्ख्याको समुचित प्रतिनिधित्व गर्नुपर्छ अनि ऐतिहासिक रूपले उपेक्षित समुदायहरूले मनासिब अवसर पाउनुपर्छ भन्नेमा उनी सहमत हुने आशा राख्न सकिन्छ। तैपनि, उनी आफ्नो संस्थाको संस्कार, संहिता र स्वार्थबाट बाँधिएका छन्। मे २०११ मा भएको सम्झौताअनुरूप सेनामा मधेसीहरूको प्रतिनिधित्वलाई बढाउन सैनिक ऐनको संशोधन गर्न उनी राजी भए पनि सेनामा मधेसीहरूको सङ्ख्या धेरै भएपछि उनीहरूलाई अन्य समुदायका जवानहरूसँग मिसाउने वा उनीहरूको अलग्गै एकाइ बनाउने वा उनीहरूलाई अन्य "लडाकू" समूहका जवानहरू रहेका पैदल सेनामा सेवा गर्न दिने वा इन्जिनियरिङ र त्यस्तै लड्न नपर्ने काममा सीमित राख्ने भन्ने विषयहरूमा छलफल हुन सकेको छैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अप्रिल २०११।

[७०] "राजनीतिक नेताहरूलाई भेट्न जाँदा हामी कहिल्यै मुस्कुराउँदैनौं", अवकाशप्राप्त एक जना जर्नेलले भने। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अप्रिल २०११।

[७१] धेरैले नेपाली सेनालाई नजिकबाट नियाल्ने गरेका छैनन्। उदाहरणार्थ, प्रेस र बैङ्कहरूसित मध्यस्थ भई काम गर्नेहरू अनौपचारिक कुराकानीमा सामान खरिदमा र शान्ति सेनाबाट हुने आम्दानीमा अनियमिता हुने गरेको बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी, मार्च, जुलाई २०११। तर मिडियामा राम्रोसित अनुसन्धान गरिएका सप्रमाण लेखहरू विरलै आउँछन्। सेनाका अधिकृतहरू स्वयंले नेपाली सेनाउपर लगाएको भ्रष्टाचारका आरोपहरूका निम्ति हेर्नुहोस्, "सेनाको गुहार रक्षामन्त्रीले सुन्लान्?" *साँघु*, ८ अगस्ट २०११। अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अदुअआ) वरिष्ठ प्रहरी अधिकृतहरूउपर समेत अनुसन्धान र कारबाही गर्न सक्रिय रहने गर्छ तर अदुअआ ऐनबमोजिम नेपाली सेनालगायत मन्त्रिपरिषद्का निर्णयहरू, संवैधानिक अङ्गहरू, अदालतहरू र गैससंहरूउपर अनुसन्धान गर्न सकिन्न। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, टेलिफोनवार्ता, अदुअआ अधिकारी, काठमाडौं, अगस्ट २०११।

तिनले पारदर्शिता, जवाफदेही र सुधारका अप्ठ्यारा प्रश्नहरूलाई अगाडि ठेल्न चाहँदैनन्।[७२] यस्तोमा आफ्नो स्थान सुरक्षित राख्नलाई नेपाली सेनाले दिलोज्यान दिनु आश्चर्यको कुरा होइन।

[७२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मे २०११।

## ५. समायोजन, पुनःस्थापना र अवकाश

लगभग कति जना लडाकूहरूलाई समायोजन, पुनःस्थापना र राजनीतिक कार्य वा "स्वेच्छिक अवकाश" दिन सकिन्छ भन्ने कुरा माओवादी पार्टी र जनमुक्ति सेनाले नै बताउन सक्छन्। अरूलाई लडाकूहरूका प्राथमिकता र योग्यता के छन् भनी ठहर गर्न गाह्रो छ। कुनकुन लडाकूहरू कुनकुन समयमा जनमुक्ति सेनामा पसेका हुन् र सन् २००७ देखि उनीहरू के गर्दै आएका छन् भन्ने कुरा दर्शाउने कुनै आधिकारिक अभिलेख छैन र पार्टीले त्यस्तो रेकर्ड भए पनि त्यसलाई सायद देखाउन चाहँदैन।[७३] लडाकूहरूको पृष्ठभूमि, योग्यता र चाहनाबारे अन्तर्राष्ट्रिय निकायहरूलगायत अन्य गैरमाओवादी पात्रहरूसित थोरै मात्र जानकारी छ। त्यसले गर्दा उनीहरूबाट मागिएको सहयोग प्रदान गर्नलाई चाहिने योजना बनाउन र छलफल अघि बढाउन उनीहरूलाई अप्ठेरो परिरहेको छ।[७४]

### क. समायोजन

#### १. प्रस्ताव

नेपाली सेनाले पहिले प्रधानमन्त्री नेपाललाई १५ जनवरी २०११ र पछि उनका उत्तराधिकारी खनाललाई २९ मार्चमा बुझाएको प्रस्तावमा सेनाले पहिलेको भन्दा छुट्टै लाइन लिएको छ। पहिले सेना समायोजनको पक्षमा थिँदै थिएन।[७५] प्रस्ताव सेनाबाट आएको भए तापनि यसबारेको

[७३] शिविरमा कति सङ्ख्यामा पूर्णकालीन लडाकूहरू रहने गर्छन् भन्ने प्रश्न मनासिब छ। स्पष्ट छ, बितेका वर्षहरूमा यो सङ्ख्या घटिरहेको छ। विभिन्न स्रोतहरूबाट र जनमुक्ति सेनाबाट समेत प्रमाणीकरण पूरा गरेका केही लडाकूहरूले शिविर पसेको केही महिनामा नै शिविर छाडेका थिए भन्ने जानकारी प्राप्त भएको छ। निजी कुराकानीमा बाहिरका व्यक्तिहरूलाई शिविरहरूमा १३,०००-१४,००० लडाकूहरू मात्रै रहेको पार्टीले सकार्छ। तर पार्टी नजिकका स्रोतहरूको अनुमान भने लडाकूहरूको सङ्ख्या त्यसभन्दा थोरै छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रुअरी र जून २०११। तैपनि, अयोग्य लडाकू निष्कासन प्रक्रियाबाट के देखिएको छ भने अहिले भौतिक रूपमा शिविरहरूमा रहने लडाकूहरूको सङ्ख्या कम छ भन्दैमा तालिम, नगद र नेपाली सेनामा प्रवेशको अवसर मिल्ने भएमा समायोजन-पुनःस्थापनाका बेला नफर्केलान् भन्न सकिन्न।

[७४] संयुक्त राष्ट्र विकास कार्यक्रम र सरकारसित प्रमाणीकरण गर्ने बेला सङ्कलित सूचनाहरू छन्। तर यकिन सङ्ख्या तोक्न र व्यक्तिगत विवरणमा भएका परिवर्तन पत्ता लाउन गाह्रो छ। किनभने माओवादी सेना बाहिरियाहरूलाई विश्वसनीय तरिकाले टाउको गन्ती गर्ने वा लडाकूहरूबारे व्यवस्थित ढङ्गबाट सूचना सङ्कलन गर्ने काम गर्नदिन हिच्किच्याउँछन् चाहे त्यो शान्ति तथा पुनर्संरचना मन्त्रालय (जुन मन्त्रालयमा शिविर व्यवस्थापन समितिको कार्यालय छ) होस्, चाहे हतियारका कण्टेनरहरूको अनुगमन गर्ने जिम्मा पाएको अनमिन होस्, चाहे सुरुसुरुमा लडाकूहरूको पारिश्रमिकबापतको रकम सरकारलाई प्रदान गर्ने विश्व बैंक होस् अथवा शिविरहरूमा सीपमूलक तालिम र शैक्षिक कक्षाहरू सञ्चालन गर्ने जर्मन सहयोग संस्था जिटीजेड होस्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, फेब्रअरी-मे २०११।

[७५] यो खण्ड मुख्यतः चूडामणि भट्टराईको लेख "सेनाको नयाँ सर्त", माथि उल्लेखित, भोजराज भाट, "नयाँ कोल्टे", माथि उल्लेखित, " राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय", *महिमा राष्ट्रिय साप्ताहिक*, २ जून २०११ र क्राइसिस ग्रुपसँग

सम्झौतावार्तामा सेना नेपथ्यमा बसिरहेको छ। त्यस प्रस्तावका आधारमा सम्भवतः नेकाले सम्झौतावार्ता गर्नेछ।[७६]

प्रस्तावमा माओवादी लडाकूहरूलाई नेपाली सेनामातहतको नयाँ निर्देशनालय (महानिर्देशकको कार्यालय, सुरक्षा तथा राष्ट्रिय विकास निर्देशनालय) अन्तर्गत गाभिनुपर्ने सुझाउ गरिएको छ।[७७] त्यसको कर्मचारीगण ३५ प्रतिशत माओवादी सेनाका लडाकूहरू, ३५ प्रतिशत सेनाका र १५- १५ प्रतिशत नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका सदस्य मिलेर बन्नेछ। त्यसले विकास कार्य, प्राकृतिक प्रकोप राहत व्यवस्थापन, औद्योगिक सुरक्षा र वन्यजन्तु संरक्षणको कार्य गर्नेछ।[७८] निर्देशनालय कत्रो बनाउने भन्ने कुरा (र कति जना माओवादी लडाकूलाई समायोजन गर्ने भन्ने कुरा) नेपाली सेनाले राजनीतिक पात्रहरूकै जिम्मामा छाडिदिएको छ, तर भर्ना प्रक्रिया सम्बन्धमा भने कडा अडान लिएको छ।[७९]

माओवादी लडाकूहरूले समायोजित हुनाका लागि तोकिएका धेरै मापदण्डहरू पालना गर्नुपर्ने हुन्छ र तिनैका आधारमा दर्जा पनि निर्धारण हुनेछ। ती मापदण्डहरू यसप्रकार छन्:

**मानवअधिकारबारे जाँचबुझ।** राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको उल्लङ्घन गर्ने लडाकूहरू समायोजनका लागि अयोग्य हुनेछन्। उनीहरूले अरू मापदण्ड पूरा गरे पनि मानवअधिकारसम्बन्धी मापदण्ड प्रवेशका लागि निर्णायक हुनेछ। यसको मूल्याङ्कन राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्रको मानवअधिकार कार्यालय, सेनाको आफ्नै मानवअधिकार फाँट र नेपाल प्रहरीमा परेको उजुरी वा त्यहाँ रहेको रेकर्डका आधारमा गरिनेछ। निशस्त्र मानिसलाई मारेको वा अन्यायपूर्वक मानिस मारेको ठहर भएको व्यक्ति अयोग्य हुनेछ।

**शरीरिक मापदण्ड।** लडाकूहरूले नेपाली सेनाद्वारा निर्धारित न्यूनतम आवश्यकताहरू पूरा गर्नुपर्नेछ।

**स्वास्थ्यसम्बन्धी।** लडाकूहरूले स्वास्थ्यसम्बन्धी परीक्षा उत्तीर्ण गर्नुपर्नेछ।

**शिक्षा।** लडाकूको शैक्षिक योग्यताबाट समायोजनपछि उनीहरूको दर्जा निर्धारण हुनेछ। केही पदहरूका लागि शिक्षाको स्तरमा लचकता अपनाइनेछ।[८०]

**सेवा अवधि।** युद्ध सुरु भएदेखि अहिलेसम्मको समयलाई गणना गर्दा लडाकूले बढीमा सोह्र वर्ष सेवा अवधि पूरा गरेको मानिनेछ। (लडाकूहरूको पेन्सन बढोस् भन्ने हेतुले यो समयावधि तोकिएको हो) जनमुक्ति सेनाको ब्रिगेड कमाण्डरले अन्य सबै मापदण्ड पूरा गरे पनि नेपाली सेनामा सहायक रथी (ब्रिगेडियर जनरल) हुनाका लागि आवश्यक सेवा अवधि पूरा गरेको मानिने छैन।[८१]

**उमेर।** नेपाली सेनाले विभिन्न तहमा भर्नाका लागि तोकिएको उमेरभन्दा दस वर्ष बढी उमेरका लडाकूहरूलाई भर्ना लिनेछ।

**सैनिक ज्ञान।** लडाकूहरूमा सैनिक ज्ञान र उपयुक्त हातहतियार चलाउन सक्ने सामर्थ्य हुनुपर्छ।

माओवादी सेनामा जुन दर्जामा रहेको हो त्यही दर्जा धेरै लडाकूहरूले नपाउन सक्छन्। निर्देशनालयको प्रमुखमा नेपाली सेनाका रथी (लेफ्टिनेन्ट जनरल) वा उपरथी (मेजर जनरल) को नियुक्ति हुनेछ, त्यसको अर्थ जनमुक्ति सेनाका कमाण्डरले त्यो पद केही वर्षसम्म पाउन सक्ने छैन।[८२] नेपाली सेनाको वर्तमान सङ्गठनात्मक संरचना हेर्दा प्रतिहजार समायोजित लडाकूहरूमा सेनानी (मेजर) को दसओटा पद र क्याप्टेन तथा सेकेन्ड लेफ्टिनेन्टको १७० ओटा पद हुने देखिन्छ। लडाकूहरूले आफूलाई नेपाली सेनाको अभ्यास र स्तर अनुकूल तुल्याउन

---

अन्तर्वार्ताहरू, काठमाडौं, मार्च, जून र जुलाई २०११ मा आधारित छ। क्राइसिस ग्रुप ब्रिफिङ पनि हेर्नुहोस्, *नेपालको लागछोड शान्ति प्रक्रिया*, माथि उल्लेखित। सन् २००८ को आरम्भमा नै सेनाले पाँचओटा सम्भाव्य विकल्पहरूमध्ये एउटा भनेर अलग्गै निर्देशालयअन्तर्गत रहने मिश्रित फौजको मोडेल बनाएको थियो। जनरल कटवालको समायोजन विरोधी चर्को अडान भएकाले यसबारे सार्वजनिक रूपमा कहिल्यै छलफल भएन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका अवकाशप्राप्त अधिकृत, काठमाडौं, मार्च २०११।

[७६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेका नेता, काठमाडौं, जून २०११।

[७७] अहिले नेपाली सेनामा ११ ओटा निर्देशनालयहरू छन्। तीबाहेक, सैनिक प्रहरी जस्ता अन्य कार्यालय र शाखाहरू साथै अपरेसन र बन्दोबस्तीका कार्यालयहरू आदि पनि छन्।

[७८] चूडामणि भट्टराई, "सेनाको नयाँ सर्त", माथि उल्लेखित।

[७९] भोजराज भाट, "नयाँ कोल्टे", माथि उल्लेखित।

[८०] नेपाली सेनामा सेकेण्ड लेफ्टिनेण्ट (सहायक सेनानी) को अधिकृत पदमा प्रवेश चाहनेले बाह्र कक्षा अथवा इन्टरमिडियट तह उत्तीर्ण गरेको हुनुपर्छ र उमेर १८ देखि २१ वर्षको हुनुपर्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका अधिकृत, काठमाडौं, जुलाई २०११। धेरै लडाकूहरूले शिविरमा रहँदाको समयलाई राम्ररी उपयोग गरेका छन्। केही हजार लडाकूले प्रौढ शिक्षा कक्षाहरूमा भाग लिएका छन्, धेरै जनाले एस.एल.सी. परीक्षा पास गरेका छन् र माओवादी सेनामा भएको निरक्षरहरूको सङ्ख्या नाटकीय ढङ्गले घटेको छ। एउटा अनुमानअनुसार निरक्षरहरूको सङ्ख्या १,००० भन्दा बढी रहेकोमा त्यो घटेर १०० भन्दा पनि कम भएको छ। अहिले करिब १७ प्रतिशतले दस कक्षा ( एस.एल.सी.) पास गरेका छन्, ४१ प्रतिशतले कक्षा ८ पूरा गरेका छन् र ३३ प्रतिशतले प्राथमिक तहको शिक्षा हासिल गरेका छन्। "Skills development activities: the journey continues …", GIZ, मार्च २०११।

[८१] नयाँ भर्ना हुने सेकेन्ड लेफ्टिनेण्ट (सहायक सेनानी) सुरुको तालिम कोर्स पूरा गरेपछि लेफ्टिनेण्ट (उपसेनानी) हुन्छ। लेफ्टिनेण्टले क्याप्टेन (सहसेनानी) हुनलाई थप दुईओटा तालिमहरू (कमाण्डो र यङ अफिसर्स् सर्भिसेस्) पूरा गर्नुपर्छ। त्यो पूरा गर्न प्रायः चार देखि पाँच वर्ष लाग्छ। मेजर (सेनानी) बन्नका लागि सेवावधि आठ वर्ष हुनुपर्छ। हुन त यसमा केही हेरफेर हुन सक्छ। विद्रोह चम्केका बेला लडाइँमा पर्ने क्याप्टेन (सहसेनानी) हरूको पदोन्नति छिटोछिटो हुन्थ्यो। कर्णेलहरूले २२ वर्ष सेवा गरेको हुनुपर्छ। ब्रिगिडियर जनरल (सहायक रथी) र त्यसभन्दा माथिल्लो दर्जामा पदोन्नति हुन स्टाफ अथवा वार कलेज पूरा गर्नुपर्छ। डिभिजन व्यवस्थापनसम्बन्धी नेपाली सेनाको प्रशासनिक कोर्स पूरा गर्नेले पनि ब्रिगेडियर (बाहिनीपति) को पद पाउन सक्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाको अधिकृत, काठमाडौं, जुलाई २०११।

[८२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २०११।

तथा वैचारिक पुनर्अभिमुखीकरणका लागि दुई वर्षसम्मका तालिमहरू लिनुपर्ने हुन्छ।

समायोजित माओवादी लडाकूहरूको दर्जा उनीहरूको पहिलेको दर्जा, उनीहरूको शिक्षा र सेवा अवधि हेरी मिलाइनेछ। सेवा अवधिका आधारमा मात्र हेर्दा माओवादी लडाकूहरूलाई नेपाली सेना सबभन्दा माथिल्लो पदमा सेनानी (मेजर) सम्मको दर्जा दिन राजी छन्। पदोन्नति सम्बन्धमा प्रस्ट खुलाइएको छैन, तर त्यो प्रचलित नियम, सेवा अवधि र प्राप्त तालिमहरूका आधारमा गरिने आशा गर्न सकिन्छ। प्रस्तावित निर्देशनालयको बजेट सुरक्षा बजेटबाट नभई सम्बन्धित मन्त्रालयहरूबाट तानिनेछ।[८३]

## २. लक्ष्मण रेखा, सहमतिका बिन्दुहरू र जोखिम

माओवादी लडाकूहरू र नेपाली सेना दुवैलाई एकसाथ खुसी पार्ने, राज्यको हित रक्षा पनि हुने तथा नेपाली सेनामा सुधार ल्याउने दीर्घकालीन लक्ष्य पनि पूरा हुने समायोजनको मोडेल पाउन सजिलो नहोला। केही विषयको समाधान खोज्न सजिलो होला भने केहीको नहोला।

**नयाँ निर्देशनालय।** नयाँ निर्देशनालयमा सबै सुरक्षा बलका कर्मचारी गण हुनेछन् र त्यो कुरा माओवादीहरूले मानेका छन्। यसभन्दा अघि त उनीहरू आफ्ना लडाकूहरूलाई छुट्टै "नयाँ बल" अन्तर्गत समायोजन गरिनुपर्छ भन्दै आएका थिए।[८४] अरू पार्टीहरूलाई त्यो कुरा मान्य थिएन। उनीहरूलाई डर राज्य संयन्त्रभित्रै माओवादीहरूको देशद्रोही बल खडा होला भन्ने थियो। नेपाली सेनाले अवश्य पनि यसबारे विश्लेषण गरेको हुनुपर्छ र माओवादी लडाकूहरूलाई मूल सेनाबाट अलग्याई उनीहरूमाथि निगरानी राख्नु नै कल्याण हुने सोचेका होलान्। त्यसमा जनमुक्ति सेनाका कति जनालाई मिसाउने भन्ने ठूलो कुरा होइन, तर निर्देशनालयमा विभिन्न निकायको सहभागितको अनुपात भने निश्चय नै छलफलको विषय हुन सक्छ।

अरू पार्टीहरूको सोचाइमा माओवादीहरूले नेपाली सेनाभित्र रहेर स्थानीय राजनीतिमा प्रभाव पार्न नसक्लान् जो प्रहरी र सशस्त्र प्रहरीमा रहँदा उनीहरूले गर्न सक्छन्। सायद त्यो सोचाइ ठीकै होला। समायोजन भए नेपाली सेनामा नै हुन्छ भन्ने मोटामोटी मान्यता बनेको छ, तर दर्जा र पदहरू सजिलै मिल्ने भए प्रहरी र अर्धसैनिक बलमा समायोजन हुनुपर्छ भनेर माओवादीहरूले कुरा उठाउन पनि बेर छैन।[८५]

**क्षेत्राधिकार।** यो विषयबारेको छलफलचाहिँ निकै कठिन हुन सक्छ। एनेकपा (माओवादी) भिड्नलाई तिखारिएको, हतियारलैस, खटिन तम्तयार लडाकू बलको एक हिस्सा बन्न चाहन्छ। नेपाली सेना भने त्यही कामचाहिँ नयाँ निर्देशनालयबाट नगराउनेमा कटिबद्ध छ। सेनाले गर्दै आएको कार्यहरूमा अरूभन्दा केही आकर्षक र इज्जतिलो काममा शान्ति सेनामा खटिनुलाई मानिन्छ। राष्ट्रिय निकुञ्जहरूलाई सुरक्षा दिने काम पनि राम्रो मध्येमै पर्छ।[८६] माओवादीहरूले केही गरी सशस्त्र प्रहरी बल वा नेपाल प्रहरीमा समायोजन गरिनुपर्छ भन्ने कुरा उठाए भने गैरमाओवादी पार्टीहरूले नेपाली सेनाको प्रस्तावमा जनाएको सहमति र नेपाली सेनामा नै समायोजन गरिनेछ भन्ने दृष्टिकोणउपर पुनर्विचार गर्नैपर्ने हुन्छ। भूतपूर्व माओवादी लडाकूहरूलाई हतियार दिएर पैदल सेनाका रूपमा राख्ने (त्यसप्रकार ब्यारेकभित्रै सीमित राख्ने) कि स्थानीय समुदायसित उठबस गर्ने प्रहरीका रूपमा खटाउने? अथवा औद्योगिक सुरक्षाको जिम्मेवारी दिने? उनीहरूले यो प्रश्न गर्नैपर्ने हुन्छ।[८७] माओवादीहरूले पनि लडाकूहरूलाई समायोजन गरिएको ठाउँमा प्राप्त हुने क्षेत्राधिकार वा ठूलो पद कुन चाहिएको हो त्यसको निधो गर्नैपर्छ।

**दर्जा।** दर्जामा एकरूपता ल्याउने प्रयासको विरोध हुनेछ र लडाकूहरूको चित्त बुझ्ने गरी त्यसको समाधान नगरिएमा त्यो नेपाली सेनाभित्र तनाव र द्वन्द्वको स्रोत बन्न जानेछ। लडाकूहरूको भनाइमा उनीहरूको सैनिक क्षमताको मान्यता स्वरूप पनि उनीहरूलाई सुहाउँदो दर्जा दिइनुपर्छ, किनभने उनीहरूले युद्धमा हारेका थिएनन् र यो उनीहरूको योगदानको प्रतीकात्मक स्वीकारोक्ति पनि हुनेछ। तर यस कुरामा अरू पार्टी नाक खुम्च्याउँछन्। केही कमाण्डरहरू उनीहरूको शैक्षिक योग्यताको कमीबाट खडा हुने समस्यालाई पनि बुझ्दछन् तर उनीहरूको विचारमा

---

[८३] यदि यो प्रस्तावित कार्यदिशउपर पार्टीहरूको स्वीकृति भयो भने पूर्वाधार निर्माणका लागि नेपाली सेनाले भौतिक योजना तथा निर्माण मन्त्रायलबाट, उद्धार तथा राहत कार्यका लागि गृह मन्त्रालय, जिल्ला विकास समिति, नगरपालिका र विभिन्न नगर निकायहरूबाट तथा औद्योगिक सुरक्षाका लागि उद्योग मन्त्रालयलबाट बजेट प्राप्त गर्नेछ। वन सुरक्षाका लागि वन तथा भूसंरक्षण मन्त्रालयलबाट बजेट पाउनेछ। बाँकी कामहरूका लागि अर्थ मन्त्रालयवाट बजेट निकासा सोझै हुनेछ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, इमेलबाट, अगस्ट २०११।

[८४] सन् २०१० मा अनन्तले समायोजनका लागि माओवादीहरूले चाहेका विकल्पहरू प्रस्तुत गरेका थिए। सबभन्दा उत्तम विकल्प भनेको सम्पूर्ण जनमुक्ति सेना मात्र भएको एउटा छुट्टै नयाँ बल बनाउने र त्यसले औद्योगिक, राजमार्ग, सिमाना र राष्ट्रिय निकुञ्जहरूको सुरक्षालागायत अरू कार्यहरू हेर्ने भन्ने थियो। यो विकल्पबाट अहिले विद्यमान सुरक्षा बलमा कुनै असर नपर्ने देखिन्थ्यो र सुरक्षा बलमा सुधारका छुट्टै उपाय गर्न सकिन्थ्यो। अर्को विकल्प भनेको जनमुक्ति सेनाका एकाइहरूलाई नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा समायोजन गर्ने भन्ने थियो। तेस्रो विकल्पचाहिँ पूर्वमाओवादीहरू र अहिलेका सुरक्षा बलका सदस्यहरू बराबर रहने गरी अर्को नयाँ बल बनाउने भन्ने थियो। वर्षमान पुन, "अनन्त", "नेपालमा सेना समायोजन", *रातो झिल्को*, अप्रिल-सेप्टेम्बर २०१०।

[८५] नेकाका वार्ताकारहरू प्रायः शान्ति सम्झौतामा समायोजनाबारे परेको "सुरक्षा बलमा प्रचलित मापदण्डअन्तर्गत समायोजन गरिनेछ" भन्ने शब्दावलीमा जोड दिने गर्छन्। उनीहरूले प्रहरी र सशस्त्र प्रहरीलाई छाडिदिएका छन्। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा जनमुक्ति सेनाका पूर्वलडाकूहरूले के गर्न सक्छन् भन्नेबारेमा गैरमाओवादी पार्टीहरूको चासो हुनु ठीकै हो। दुवै संस्थाहरूलाई राजनीतिक पार्टीहरूले खेलाउने र दुरुपयोग गर्ने गरेका छन्। तिनमा हुने समायोजनले माओवादीहरूको प्रभाव बढाउन सक्छ। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजनीतिक संस्कार*, माथि उल्लेखित।

[८६] शान्ति सेनामा भाग लिन चाहने पूर्वमाओवादी लडाकूहरूलाई पनि संयुक्त राष्ट्रसङ्घीय शान्ति परिचालन विभागले त्यही छानबिन प्रक्रिया लागू गर्नुपर्छ जुन नेपाली सेनाका सदस्यहरूलाई लागू हुन्छ, विशेषगरी कमाण्ड पद सम्हाल्ने अधिकृतहरूका लागि।

[८७] यदि निर्देशनालयलाई औद्योगिक सुरक्षाको जिम्मा दिइएको खण्डमा केही वर्षदेखि एनेकपा (माओवादी) र उसका युनियनहरूको मार सहनुपरेका उद्यमी र उत्पादकहरू निःसन्देह दिक्क मान्नेछन्, किनभने यो चोरी सिकारी आफै वन्यजन्तुको रक्षक बनेको जस्तो हुनेछ।

यसको समाधान फेला पार्न सकिन्छ। उदाहरणका लागि, उच्च तहका पदहरू सबै नेपाली सेनामा नै नखोजेर प्रत्येक सुरक्षा बलमा केही उच्च पदको माग गर्न सकिन्छ।[८८] त्यसैगरी नेतृत्वको प्रश्नमा पनि एनेकपा (माओवादी) ले निकै लड्डी गर्नेछ। तर भूतपूर्व माओवादी लडाकूलाई निर्देशनालयको नायब प्रमुखको पद दिएर उनीहरूलाई शान्त पार्न सम्भव छ।[८९]

**समायोजन एकाइगत कि व्यक्तिगत।** प्रस्तावमा कम्पनी वा बटालियन नेपाली सेनामा एक ढिक्का रहने गरी एकाइगत समायोजन हुने हो वा कसरी हुने हो त्यसबारे उल्लेख छैन। भूतपूर्व लडाकूहरूप्रति हुन सक्ने नराम्रो व्यवहारको विरुद्ध एकाइगत समायोजन माओवादीहरूका लागि बिमा पोलिसी जत्तिकै हुनेछ भने अरू पार्टीहरूको दृष्टिमा यसो गर्नु भनेको नेपाली सेनालाई नै अस्थिर बनाउन सक्ने खतरनाक समूहहरूलाई प्रवेश दिनु हुनेछ जो समायोजनको अभीष्टको विरुद्ध हुनेछ। जनमुक्ति सेनाका चारदेखि छ जना लडाकूहरूको समूहलाई अनौपचारिक रूपमा सँगै बस्न दिनु त्यसको मध्यमार्ग हुनेछ।[९०]

विद्यमान सुरक्षा बलहरू छाडेर नयाँ बन्ने निर्देशनालयमा आउन चाहने उम्मेदवारहरू पाउन गाह्रो हुन पनि सक्छ, खासगरी निर्देशनालयलाई सकेसम्म भुत्ते बनाउने हो र यसका सदस्य शान्ति सेनामा जान नपाउने हो भने। सन् २००१ मा सशस्त्र प्रहरी बल खडा गरिँदा यसमा आउन चाहने नेपाली सेना र नेपाल प्रहरीका सदस्यहरूलाई पदोन्नतिको आकर्षण दिइएको थियो।

**छानबिन।** समायोजित हुने माओवादी लडाकूहरू मानवअधिकार उल्लङ्घनको क्रियाकलापमा संलग्न भए नभएकोबारे छानबिन गरिनुपर्ने नेपाली सेनाको अडान आफैमा विडम्बनापूर्ण छ, किनभने शान्ति सेनामा जाने नेपाली सेनाका सदस्यहरूको त्यसैगरी छानबिन गरिनुपर्ने संयुक्त राष्ट्रको प्रस्तावलाई नेपाली सेनाले मात्र इन्कार गरेको थियो।[९१] माओवादी पनि यसलाई मात्र तयार नहोलान् किनभने यही नियम नेपाली सेनाका हकमा लागू गर्न निकै गाह्रो काम हो। तर आरोप लागेकालाई नेपाली सेनामा केही नभए पनि पदोन्नति रोक्का गर्न सकिन्छ र शान्ति सेनामा नखटाउन सकिन्छ। केलाई विश्वसनीय आरोप मान्ने, कमाण्डर र कमिसारलाई समेत जवाफदेही बनाउने गरी कमाण्डको जिम्मेवारीलाई कसरी ठहर गर्ने, त्यही मान्यतालाई नेपाली सेनाको हकमा कसरी लागू गर्ने, अनि यी सबै कुरालाई न्यायिक प्रक्रियासित तथा भविष्यमा आउने सत्य निरूपण तथा मेलमिलाप आयोगका कार्याधिकारसित कसरी जोड्ने आदि विषयमा प्रस्ट सम्झौता हुनुपर्छ। यस प्रावधानबारे हालसम्म कुनै छलफल गरिएको छैन, तर यसलाई कुनै यत्नले अघि बढाउने हो भने त्यसबाट नेपाली सेनाका सदस्य र अझ राजनीतिक नेताहरूलाई पनि कार्बाही गर्न सकिने नजिर प्राप्त हुनेछ।

समायोजनबाट नेपाली सेनालाई फाइदा पुग्ने सम्भावना पनि नभएको होइन, तर यस विषयमा बहुधा छलफल हुँदैन। केही पर्यवेक्षक र विश्लेषकहरूको भनाइमा माओवादी लडाकूहरूले उनीहरूको सामरिक परिचालनमा निकै ठूलो खुबी र सङ्कल्प देखाएका थिए।[९२] उनीहरूको गुरिल्ला युद्धको निपुणता शान्ति कायम गर्ने काममा खटिएका सेनाका लागि विषम परिस्थितिसित लड्न उपयोगीसिद्ध हुन सक्नेछ।[९३]

## ख. पुनःस्थापना र अवकाश

समायोजनमा जान नचाहने वा आवश्यक योग्यता पूरा नगर्ने लडाकूहरूका सामु दुईओटा विकल्प हुनेछन् — सीपमूलक तालिमहरू लिएर "पुनःस्थापनाको" बाटो लिने वा राजनीतिक र सामाजिक कार्यतिर लाग्ने, जसलाई कोही कोही "स्वेच्छिक अवकाश" पनि भन्ने गर्छन्। पछिल्लो विकल्पअन्तर्गत भूतपूर्व लडाकूहरूले नगद रकम पाउनेछन् र शिविर छाड्नेछन्। नगद रकम दिएर गरिने बिदाइ (स्वर्णिम बिदाइ) सम्बन्धमा

[८८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जुलाई २०११।

[८९] नेकाभित्र कोहीकोही यस विचारप्रति खुला रहेका बताइन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जुलाई २०१०।

[९०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१०।

[९१] संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा जाने आफ्ना अधिकृतउपर छानबिन भएकामा नेपाली सेना एकदमै बेखुसी भएको तथ्यका यथेष्ट प्रमाणहरू छन्। काठमाडौंस्थित मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्च आयोगको कार्यालयले शान्ति प्रक्रियाको एउटा भागको रूपमा छानबिन संयन्त्र राख्ने प्रस्ताव गर्दा त्यस संस्थाको नेपाल प्रतिनिधिलाई नेपाली सेनाले सैन्य मामिलामा टीकाटिप्पणी गरेर आफ्नो कार्यादेशको उल्लङ्घन गरेको भनेर आरोप लगायो। जब संयुक्त राष्ट्रले सन् २००६ मा दिलीप रायमाझी, सन् २००७ मा तोरण सिंह र सन् २०१० मा नेपालभूषण चन्दलाई संयुक्त राष्ट्रको वरिष्ठ सैन्य पदमा मनोनीत गरिएकोमा उनीहरूमाथि मानवअधिकारको हनन गरेको आरोप लागेकोमा र जनरल चन्दलाई मानवअधिकारसम्बन्धी चलिरहेको अनुसन्धानमा व्यवधान पुऱ्याएको आरोप लागेकोमा प्रश्न उठाएको थियो त्यति बेला नेपाली सेनाले सार्वजनिक र व्यक्तिगत तवरमा ठूलो आपत्ति जनाएको थियो। उदाहरणका लागि, हेर्नुहोस् कमलराज सिग्देल, "Litmus test for government", *The Kathmandu Post*, २९ नोभेम्बर २००९; र फणीन्द्र दाहाल, "NA loses peacekeeping post", *The Kathmandu Post*, २९ जुलाई २०११। नेपाली सेनाले युद्धविरामपछि शान्ति सेनामा जानबाट आफ्ना १७५ जना सदस्यहरूलाई रोकेको बताउँछ, तर उसले यी मामिलासम्बन्धी सूचनाहरू न त मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयमा उपलब्ध गराएको छ न त आन्तरिक छानबिनको नीतिहरूबारे नै जानकारी दिएको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, OHCHR, टेलिफोन, अगस्ट २०११। द्वन्द्वकालका मानवअधिकारसम्बन्धी सर्वोच्च अदालतमा परेका मुद्दाहरूमा नेपाली सेनाका प्रतिनिधिहरूले जुन तर्कहरू प्रस्तुत गरेका छन् त्यसबाट विगतमा नेपाली सेनाका सदस्यहरूबाट भएका मानवअधिकार हननको जिम्मेवारी लिने र भविष्यमा त्यस्तो हुनबाट रोक्ने नीतिहरू ल्याउने प्रयासलाई सेनाले रोक्ने अडान प्रस्ट हुन्छ। यी तर्कहरू हुन्: अहिलेका सेनाका सदस्यहरूउपर लागेका अभियोगहरूलाई सम्बोधन गर्न सामान्य सैन्य अनुशासनात्मक कार्यविधि काफी छ, युद्धताका भएका मानवअधिकार उल्लङ्घन कुनै नीतिअन्तर्गत भएका थिएनन्, व्यक्तिगत तवरमा मानवअधिकार उल्लङ्घनमा संलग्न सेनाका सदस्यहरूलाई सजाय दिइसकिएको छ। आफ्नै सम्बन्धमा भने "पत्यारिलो अभियोग" कै आधारमा शान्ति सेनाको कामकारबाहीबाट नेपाली सेनालाई अलग्याउन नसकिने तर्क नेपाली सेनाले पेस गरेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मानवअधिकारवादी वकिल, इमेल, अगस्ट २०११। उदाहरणार्थ, "Maina's murder: Impunity claim in NA ridiculous", *The Kathmandu Post*, ८ अप्रिल २०११, पनि हेर्नुहोस्।

[९२] Sam Cowan, "Inside the People's Liberation Army: A Military Perspective", *European Bulletin for Himalayan Research*, vol. 37, Autumn-Winter २०१०।

[९३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाली सेनाका अवकाशप्राप्त अधिकृत, काठमाडौं, अप्रिल २०११।

भएका राजनीतिक छलफलहरू त्यति विवादास्पद रहेका छैनन्। तर पुनःस्थापनाबारेको छलफलचाहिँ निकै ध्यान पुऱ्याएर गर्नुपर्ने हुन्छ। समायोजन सम्बन्धमा जस्तै पुनःस्थापनाबारेको बुझाइ पनि बेग्लाबेग्लै छन्।

माओवादीहरूले सुरुमै नेपालमा निशस्त्रीकरण, विघटन र पुनःस्थापनाको प्रक्रिया हुँदै हुँदैन भनेका थिए, किनभने उनीहरूको दृष्टिमा माओवादी सेना पराजित सेना होइन। तर लडाकूको भविष्यबारेको छलफलहरूमा तिनै कुरा प्रतिबिम्बित भइरहेका धेरै लडाकूहरूलाई महसुस भएको छ। परम्परागत राजनीतिक पार्टीहरू, दातृ निकायहरू साथै माओवादी नेतृत्वमा रहेका केही व्यक्तिहरूको दिमागमा पुनःस्थापना भन्नेबित्तिकै असन्तोष र अशान्तिको खतरालाई घटाउनु हो भन्ने नै परेको छ। तर लडाकूहरू त्यस शब्दप्रति नै आपत्ति जनाउँछन्। उनीहरूको भनाइमा उनीहरूले केही गल्ती गरेका छैनन् त्यसैले उनीहरूलाई पुनःस्थापना गरिरहनुपर्ने खाँचो छैन। त्यसैगरी, उनीहरू "जनता" सँग कहिल्यै पनि अलग भएकै थिएनन् भने समाजमा पुनःसमायोजन गर्ने प्रश्नै उठ्दैन। त्यसबाहेक, उनीहरूमध्ये धेरै जना आफूले छाडेर आएका घरमा फर्केर जान चाहँदैनन्।[९४]

नभन्दै, बितेका वर्षहरूमा लडाकूहरूले शिविरबाहिर गएर धेरै थोक गरेका छन्। उनीहरूले काम गरेका छन्, बिहे गरेका छन्, बच्चा जन्माएका छन्, मानिसहरूसित सम्बन्ध विकसित गरेका छन्, पार्टीको गतिविधिमा सरिक भएका छन् र बेलाबखत आफ्ना घर पनि गएका छन्। तर पुनःस्थापनाको प्रश्न अरू कुरासित पनि जोडिएका छन्। ती हुन्, पुनःस्थापनाप्रतिको दृष्टिकोण, त्यसबाट मिल्ने इज्जत वा भौतिक लाभ।

अयोग्य ठहरिएका लडाकूहरूलाई सन् २०१० मा गरिएको निष्कासन कार्यबाट प्राप्त अनुभवले के देखाएको छ भने लडाकूहरू छाडे साँढे भएर मनपरी गरिहिँड्ने वा सशस्त्र समूहहरूमा लाग्नेभन्दा पनि असन्तोषको खतरा पुनःस्थापनाका विकल्पहरू राम्रोसित तयार नपारिएका कारण र उनीहरूका अपेक्षा बढाइएका कारण उत्पन्न हुने गर्छ। नेपालका माओवादी र गैरमाओवादी दुवै राजनीतिक वर्गका साथै दातृ संस्थाहरूले त्यस अनुभवबाट सिकेका छन्। केवल तालिमको प्याकेज दिनाले लडाकूहरूमा क्रोध र अपमानको भावना बढाउने काम हुन्छ। श्रम बजारमा जतिसुकै माग भए पनि व्यावसायिक तालिमलाई तल्लो स्तरको कामका रूपमा हेर्ने गरिन्छ र त्यसबाट मान्यता र पुरस्कार पाउने लडाकूहरूको आशा पूरा हुन सक्दैन।

त्यसै हुनाले शिविरवासीहरूका आँखा "स्वेच्छिक अवकाश" लिनेहरूलाई कति रकम दिने भनेर राजनीतिक पार्टीहरूबीच भइरहेको छलफलमा टाँसिएका छन्। विशेष समितिको सचिवालयमा नगद रकम दिने लगभग समझदारी बनिसकेको छ र अन्य विकल्पहरूबारे छलफल जारी छ।[९५] यसबाट समायोजन र पुनःस्थापना प्रक्रियाको गतिलाई बढाउन अवश्य मदत पुग्छ, तर यस कार्यबाट पर्ने बृहत्तर सामाजिक प्रभावहरूलाई नियोजित राख्नका लागि सरकार तथा राजनीतिक पार्टीहरूले पटके निर्णयहरू लिनुभन्दा द्वन्द्वपीडित अन्य समूहहरूलाई समेत समेट्ने गरी क्षतिपूर्ति र मुआब्जाबारे विस्तृत नीति तयार पार्नेबारे सोच्नु राम्रो हुन्छ।[९६]

नगद लिने विकल्प विशेषतः महिला लडाकूहरूका लागि महत्त्वपूर्ण हुनेछ। उनीहरूले आन्दोलनमा भाग लिएर कट्टर पितृसत्तात्मक समाज र त्यसले निर्धारण गरेको परम्परागत अपेक्षा र लैङ्गिक भूमिकालाई लत्याएका थिए। त्यसपछि सम्भवतः अन्तरजातीय विवाह बन्धनमा बाँधिएका हुन सक्छन्। यस्ता क्रियाकलाप गरेबाट उनीहरूले प्राप्त गर्ने उपेक्षा र वञ्चनाका कारण महिला लडाकूहरूले जनमुक्ति सेनाबाट बाहिरिएपछि नयाँ जीवन सुरु गर्नलाई एकदमै ठूलो चुनौतीको सामना गर्नुपर्ने हुन्छ। त्यस्तो कठिन निर्णयबाट उत्पन्न परिस्थितिलाई झेल्न उनीहरूसित आर्थिक स्रोत हुनु अति राम्रो कुरा हो। उनीहरूलाई दिइने आर्थिक सहयोगको रकम अरूको भन्दा बढ्ता हुनुपर्छ भन्ने छैन, तर समायोजनले बहुसङ्ख्यक महिलाहरूको हितलाई विशेष ध्यान दिएको छ भनी देखाउन भने जरुरी छ।[९७] बच्चा भएका महिलाहरूको परिस्थितिले

---

[९४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०१०।

[९५] अवकाश लिँदा हरेक व्यक्तिलाई रु. ३००,००० देखि रु. ८००,००० सम्मको रकम दिनेबारे छलफल भइरहेको छ। छलफलमा सुरक्षा बलहरूसरहको ग्रेडअनुसार सेवा अवधि, पारिश्रमिक र निवृत्तिभरणको लाभलाई ध्यान दिइएको छ। केही गैरमाओवादी वार्ताकारहरूका लागि "नगद समस्या होइन"। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, मे २०११। त्यसैगरी, नेपाली सेनामा समायोजन हुने लडाकूहरूको तलब र निवृत्तिभरणलाई नेपाली सेनामा नगई पुनःस्थापनाका विकल्प रोज्नेहरूलाई दिइने माओवादीले गरेको क्षतिपूर्तिको हिसाबसँग मिलान गरिनेछ। पीडितहरूलाई दिइने क्षतिपूर्ति पनि अर्को विषय हो, तर यसको संवेदनशीलतालाई मध्यनजर राखी यसउपरको छलफललाई टड्कारो पारिएको छैन।

[९६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, इमेल, अगस्ट २०११। शान्ति तथा पुनःस्थापना मन्त्रालयका अनुसार युद्धमा १६,००० भन्दा धेरै मानिसहरू मारिए। कर्तव्यपालनको सिलसिलामा मारिएका नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका जवानका परिवारले क्षतिपूर्ति स्वरूप रु. ७५०,००० पाए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपाल प्रहरी अधिकृत, काठमाडौं, अगस्ट २०११। माओवादी सरकारले सन् २००८-२००९ मा ८,००० जनालाई सहिद घोषणा गऱ्यो र माधव नेपालको नेतृत्वको एमाले सरकारले पनि १,६२६ भन्दा धेरै नागरिकलाई त्यसरी नै सहिद घोषणा गऱ्यो। प्रत्येक परिवारलाई क्षतिपूर्तिबापत रु. १००,००० दिइयो। राहत तथा पुनःस्थापना विभाग, शान्ति तथा पुनर्निर्माण मन्त्रालय। यो अन्तरिम राहत हो र कुल राहत राशि रु. १० लाख हुने अपेक्षा राखिएको छ। सन् २००६ को जनआन्दोलनमा मारिएका २६ जनाका परिवारले एकमुष्ठ रु. १० लाख पाएका थिए र मासिक रूपमा रु. १०,००० पाउँदै आइरहेका छन्। द्वन्द्व व्यवस्थापन विभाग, शान्ति तथा पुनर्निर्माण मन्त्रालय। द्वन्द्वकालमा घाइते भएका ५,८८६ मध्ये ३,००० जनाले क्षतिपूर्ति पाएका छन्। यिनीहरूमध्ये धेरै जनाले रु. २००,००० भन्दा बढी रकम पाएका छैनन्। ऐ.ऐ.।

[९७] ३,८४६ महिला लडाकूहरूमध्ये ६० प्रतिशत विवाहित छन्, ५० प्रतिशतका बालबच्चा छन् र १० प्रतिशत अपाङ्ग छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी पार्टी स्रोत काठमाडौं, जुलाई २०११। यी तीनओटा वर्गीकरणमा कतिपय कुरा समान छन्,तर विवाहित र बच्चाकी आमालाई प्रवेश नदिने नेपाली सेनाको नियम नहटाउने हो भने कम्तीमा ६० प्रतिशत महिला लडाकूहरू समायोजनका लागि लायक हुने छैनन्। हालका वार्ता प्रारम्भ हुनुअघि नेपाली सेनाका अधिकारीहरूले कहिलेकाहीँ जनमुक्ति सेनाका महिला लडाकू र दलित जस्ता प्रतिनिधित्व कम भएका समुदायका सदस्यहरूलाई माओवादी लडाकूहरूको समायोजन र सेनालाई बढी समावेशी बनाउने दुइटा गहन जिम्मेवारीलाई पूरा गर्न

गर्दा उनीहरू बस्ने र पुनःस्थापनाको सिलसिलामा उनीहरूले लिने तालिमको विकल्प सीमित हुन सक्छ।[९८] धेरै महिलाहरू आफ्ना गाउँमा फर्कन नचाहलान् वा नसक्लान्। तसर्थ महिलाहरूको स्थिति जनमुक्ति सेनाका पुरुष लडाकूहरूको भन्दा बेग्लै छ।

नगद रकम दिनेबारे कुनै आधिकारिक मत उपलब्ध छैन। तर निशस्त्रीकरण, विघटन र पुनःस्थापना विषयक विशेषज्ञहरू भने यसलाई पटक्कै रूचाउँदैनन्।[९९] दातृ संस्थाहरू भित्रभित्रै नेपालको हकमा यसलाई असल विकल्प मान्छन्, यद्यपि रकम वितरण कार्य राम्रोसित हुन नसके आर्थिक हिनामिना हुने वा राजनीतिक असहमति हुने वा उपलब्ध रकमलाई राजनीतिक पात्रहरूले अन्यत्र लैजान खोज्ने सम्भावना नभएको होइन र त्यो कुरा सबैले बुझेका छन्। यसको राजनीतिक संवेदनशीलतालाई बुझेर कुनै पनि दातृ संस्थाहरूले यस किसिमको भुक्तानीका लागि रकम दिन सक्दैन।[१००] तर स्वर्णिम बिदाइ बृहत् सहमतिको एउटा भाग हुने पक्का छ। किनभने यसबारे अन्तर्राष्ट्रिय अभिमत जेसुकै होस् वा जोसुकैले त्यो रकम तिरोस्, सबै नेपाली पार्टीहरू नगद रकम दिनुपर्छ भन्नेमा सहमत छन्।[१०१]

तसर्थ दातृ संस्थाहरू र राजनीतिक पात्रहरूका सामु तत्काल उपस्थित केही चुनौतीहरू छन्। पहिलो अवकाश लिनाका फाइदाहरू त्यति आकर्षक हुँदाहुँदै लडाकूहरूलाई पुनःस्थापनाको विकल्प रोज्न के आकर्षण दिन सकिन्छ भन्ने हो। यस सम्बन्धमा मोटामोटी तवरमा निकालिएको फर्मुलाअनुसार तालिम र नगदको अनुपात[१०२] यसरी मिलाउने जसले गर्दा त्यसको समग्र मूल्य अवकाशको प्याकेजभन्दा बढी होस् र बढीभन्दा बढी लडाकूहरूले पुनःस्थापनाको बाटो रोजुन्। दातृ निकायहरूले नेपालमा चाहिएभन्दा बढी पैसा खर्च गर्दछन् भन्ने मानिसको सोचाइ छ, त्यसैले यो फर्मुला अपनाएको खण्डमा पैसाको सदुपयोग बढी हुनेछ।[१०३]

वितरण गरिएको नगद रकममध्ये कति भूतपूर्व लडाकूहरूको हातमा पर्छ र कति पार्टीले पाउँछ भन्नेमा अरूको चासो देखिएको छ।[१०४] सम्झौतावार्तामा बस्ने नेकाका प्रतिनिधिहरू आफूहरूबाट पहिले गल्ती हुन गएकोमा पछुतो मान्छन् जस्तो, संविधानसभाको निर्वाचन अगावै समायोजन हुनु पर्नेमा उनीहरूले जोड दिनुपर्थ्यो।[१०५] अहिले आएर जनमुक्ति सेनाको विघटन गरिएबाट अर्को आमनिर्वाचन हुनुअघि माओवादी पार्टीले आर्थिक

पनि सेना भर्ना लिन तयार रहेको बताउने गर्थे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मार्च २०११।

[९८] धेरै वार्ताकार र केही दाताहरूको विचारमा पुनर्वर्गीकरणको प्रक्रिया सरु गर्नु समायोजनका लागि अयोग्य ठहरिनेहरूलाई अलग्याउनु जत्तिकै सजिलो हुनेछ, जस्तै अपाङ्गहरू र दूध ख्वाउने आमाहरू। अनि, बाँकी समायोजनमा जान चाहनेहरूको सर्वेक्षण गर्न सकिनेछ। सङ्ख्यासित सम्बन्ध राख्ने जनमुक्ति सेनाका अन्य विषय जस्तै माओवादीहरू अपाङ्गहरूको यकिन सङ्ख्या सार्वजनिक गर्न रुचाउँदैनन्। केहीको अनुमान उनीहरूको सङ्ख्या ५६० देखि ७०० सम्म छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संयुक्त राष्ट्र कर्मचारी, काठमाडौं, अगस्ट २०११। यस अनुमानलाई पार्टीको आन्तरिक हिसाबसँग भिडाउन गाह्रो छ, उदाहरणार्थ, पार्टीको आन्तरिक हिसाबमा कुल महिला लडाकूहरूमध्ये १० प्रतिशत (अर्थात् ३०० मा केही बढी) अपाङ्ग छन्।

[९९] नगद सहयोगको लाभ र हानिबारेको प्राज्ञिक बहस निकै जीवन्त छ। संयुक्त राष्ट्रको समायोजित निःशस्त्रीकरण, विघटन र पुनःसमायोजन मापदण्ड (IDDRS) ले नगद दिने कुरालाई इन्कार गर्दैन, तर एकैचोटि ठूलो रकमको किस्ता दिनलाई होसियारी गराउँछ र जिन्सी सहयोग गरेर आर्थिक समायोजन गर्ने सिफारिस गर्दछ। "4.30 Social and Economic Reintegration", IDDRS।

[१००] दातृ संस्थाहरूले लडाकूहरूको समाजमा लडाकूहरूको "पुनःप्रवेश"लाई सहज बनाउन छोटो समयका लागि थोरैतिनो भत्तालगायत केही सरसहयोग उपलब्ध गराउन सक्छन्। तर यस किसिमका सरसहयोग गर्नलाई केही अड्चनहरू छन्: पहिलो त हो, सम्बन्धित सबै नेपाली पात्रहरूले स्वर्णिम बिदाइलाई नै प्राथमिकता दिएका छन् र परेमा घरेलु स्रोतबाटै त्यो रकम तिर्नुपर्छ भन्ने पक्षमा छन्। दोस्रो, सरसहयोगको रकम सानो भए पनि त्यसको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन गर्ने तथा प्रतिवेदन तयार पार्ने आदि प्रशासनिक काम धेरै समय लाग्ने र झन्झटिलो हुन्छ, जुन काम दातृ संस्थाहरूले सरकारी निकायहरूको मदतबिना गर्न सक्तैनन्। अनि सरकारी निकायहरू यी झिनामसिना कामका लागि विभिन्न कारणले तयार नहुन सक्छन्। तसर्थ, दातृ संस्थाहरूले आफ्नो सहयोगलाई तालिम कार्यक्रमहरूको आयोजना र सञ्चालन, मनो-सामाजिक परामर्श र समायोजन तथा पुनःस्थापना प्रक्रियाको अनुगमन कार्यमा सीमित राख्नु जाती हुनेछ।

[१०१] नगद दिने सम्बन्धमा थप विषयको छलफलका लागि, हेर्नुहोस्, अंश V.B.2 तल।

[१०२] तालिम भइरहँदा लडाकूहरूले पनि पाउने प्रशिक्षणवृत्तिबाहेक उनीहरूले पाउने यो रकम बेग्लै हो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २०११।

[१०३] शिविरबाट निक्लने लडाकूहरूका लागि यस प्याकेजको मूल्यलाई प्रतिव्यक्ति २,३६४ अमेरिकी डलर पर्दछ। त्यसमा मनो-सामाजिक सहयोग, स्वास्थ्योपचार, रोजगारसम्बन्धी परामर्श, बच्चाको हेरविचारका लागि पारिवारिक मरमद्दत र प्रशासनिक खर्च समावेश छ। यी कुराहरू समावेश नगरी चलाइने तालिम कार्यक्रमका लागि प्रत्येक व्यक्ति खर्च २,००० डलर हुन आउँछ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संयुक्त राष्ट्र अधिकारीहरू, इमेल, काठमाडौं, जून र अगस्ट २०११। उदाहरणका लागि, निष्कासनमा परेका लडाकूहरूले आफूले लिएका मोबाइल फोनको मर्मत खर्च साँच्चिकै त्यति महँगो हुन्छ र भनी सोधेका थिए। लडाकूहरूका लागि विशेष कार्यक्रम ल्याउने हो भने अर्कै कुरा हो, नत्र यसै तालिम कार्यक्रममा उनीहरूलाई मिसाउने हो भने प्रतिव्यक्ति लागत यसभन्दा घटाउन सकिन्छ। सङ्ख्या यकिन गर्न नसक्ने स्थिति भए पनि त्यसले योजना बनाउन सजिलो नै बनाउँछ। तथापि यी कार्यक्रमहरूमा गैरमाओवादी सहभागीहरूलाई कसरी समावेश गर्ने त्यसबारे दातृ संस्थाहरूले सोच्नुपर्दछ। यस प्रक्रियाको व्यवस्थापन सरकार वा संयुक्त राष्ट्र जोबाट भए पनि मनो-सामाजिक सहयोग जस्ता "अतिरिक्त" कुरालाई बेवास्ता गर्न वा त्यसलाई रुपियाँमा तौलेर हेर्न हुँदैन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संयुक्त राष्ट्र अधिकारीहरू, इमेल, अगस्ट, २०११।

[१०४] लडाकूहरूले पाउने रु. ५,००० बाट रु. १,००० मासिक रूपमा पार्टीमा बुझाउँछन् भन्ने सुनिन्छ। त्यसबाहेक उनीहरूले पाउने भत्ताबापतका अन्य केही रकम पनि उनीहरू रहेका बटालियन वा ब्रिगेडहरूले राख्ने गर्छन्। दैनिक भत्ताबापतको रकम रु. ७२ देखि रु. ११० सम्म हुन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जनवरी, जुलाई २०११। अवकाश लिन चाहनेहरूका लागि प्रस्ताव गरिएको नगद प्याकेज आकर्षक छ र त्यसबाट पार्टीले पहिले जसरी नै आफ्नो भाग कटाउने हो भने पार्टीको ढुकुटीमा धेरै वृद्धि हुनेछ। नोभेम्बर-डिसेम्बर २००६ देखि जुलाई २०११ सम्ममा लडाकूहरूको तलबका लागि सरकारले ४ अर्ब ६० करोड खर्च गरिसकेको छ। क्राइसिस ग्रुपसँग टेलिफोन अन्तर्वार्ता, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, जुलाई २०११। यो भत्ता रकम नेपाल शान्ति कोषबाट (नेपाल पिस ट्रष्ट फन्ड) दिइन्छ। त्यस कोषमा सरकार र विभिन्न दातृ संस्थाहरूले बराबर मात्रामा रकम जम्मा गर्ने गरेका छन्।

[१०५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, काठमाडौं, जून २०११।

लाभ उठाउन नपाओस् भन्ना खातिर अवकाश र पुनःस्थापनाको विकल्प रोज्ने लडाकूहरूलाई नगद रकम कसरी बाँडिने हो त्यसबारे उनीहरूले छलफल गर्नुपर्छ। अवकाश लिएर राजनीतिक काममा लाग्ने लडाकूहरूलाई एकमुष्ठ रकम नदिएर त्यसलाई निश्चित समयभित्र किस्तामा दिने उपायहरू गर्न सकिन्छ। पहिलो किस्ताको रकम भने गतिलै हुनु जरुरी छ, किनभने त्यसबाट उनीहरूले केही काम थाल्न सक्ने हुनुपर्छ। त्यस्तो रकम कसरी खर्च गरिन्छ त्यसको हिसाब राख्नु त सम्भव हुँदैन।

त्यसपछिका किस्ता रकम सरकारी बोन्डका रूपमा दिन सकिन्छ वा वैदेशिक रोजगार कम्पनीलाई सोझै भुक्तानी दिन सकिन्छ वा ससाना कारोबारका लागि थोरै ब्याजमा ऋण दिन सकिन्छ। पुनःस्थापनाको विकल्प रोज्ने लडाकूहरूको हकमा भने उनीहरूले रोजेका तालिम पूरा गरेपछि मात्र रकम भुक्तानी दिने व्यवस्था गर्न सकिन्छ।

समायोजित नहुने र तुरुन्तै पुनःस्थापनाको प्याकेज पनि लिन नचाहने लडाकूहरूलाई पार्टी सङ्गठनको काममा लगाइने जनमुक्ति सेनाका वरिष्ठ कमाण्डरहरू र एनेकपा (माओवादी) का अधिकारीहरू बताउँछन्। अवकाश लिने अथवा राजनीतिक काम गर्न चाहने लडाकूहरू जे भए पनि पार्टीमै जान रुचाउने छन्, जहाँ उनीहरूले आफ्नो मर्यादा कायम राख्ने, सङ्गठनमा अघि बढ्ने र आम्दानीको जोहो गर्ने सम्भावना पनि हुन्छ।[१०६] पार्टीले पनि सङ्गठनमा काम गर्ने अनुभवी र प्रतिबद्ध कार्यकर्ताहरू पाउँछ। क्षेत्रीय तहका एक जना माओवादी नेता र जनमुक्ति सेनाका भूतपूर्व कमिसार ढुक्क थिएः "१९,००० नै गाउँ फर्कने हो भने हामी अर्को चुनाव जित्छौँ।"[१०७] तर सबै लडाकू पार्टीमा समाहित हुन्छन् भन्ने पक्कापक्की छैन। माओवादी पार्टी र जनमुक्ति सेनाका नेतृत्वले अयोग्य लडाकूहरू निष्कासित हुने बेलामा पनि यस्तै ठूला कुरा गरेका थिए। उनीहरूले निष्कासनमा पर्ने लडाकूहरूलाई सरकार र संयुक्त राष्ट्रबाट मिल्ने प्याकेज स्वीकार नगर्न अनुरोध गरेका थिए र उनीहरूले शिविर छाड्दा हरेकलाई केही नगद रकम पनि दिएका थिए। धेरै भूतपूर्व लडाकूहरूले उनीहरूलाई दिइएको वचन खोक्रो भएको अनुभूति गरेका छन्।[१०८]

## १. विगतको अनुभवः वाइसीएल र अयोग्य लडाकूहरू

जनमुक्ति सेनाका पहिलेका लडाकूहरूका दुइओटा समूहबाट नागरिक जीवन सुरु गर्न चाहने लडाकूहरूलाई कस्तो हुन सक्छ भन्ने सङ्केत मिल्दछ। माओवादी लडाकूहरूको एउटा ठूलै जत्था शिविरहरूमा पस्दै पसेन वा पसे पनि प्रमाणीकरण प्रक्रिया थालिनुअघि नै शिविर छाडे र त्यस बखत भर्खरै गठन गरिएको वाइसीएलमा लागे।[१०९] जनमुक्ति सेनाका पहिलेका लडाकूहरूको ठूलो सङ्ख्या भित्री तहमा रहेर बनेको वाइसीएलले धेरै ठाउँमा स्थानीय राजनीतिक संरचनामा पेलेर पस्न सक्ने बल माओवादीहरूलाई प्रदान गऱ्यो।[११०]

सन् २०१० को ७ जनवरी र ८ फेब्रुअरीको बीचमा जनमुक्ति सेनाले शिविरहरूबाट ४,००८ अयोग्य ठहरिएकामध्ये लगभग २४०० लडाकूहरूलाई बाहिर पठाएको थियो। अनमिनले गरेको प्रमाणीकरणमा नाबालकहरू र जनमुक्ति सेनामा पछि भर्ना भएकाहरूलाई माओवादी सेनाका लडाकू भन्न नमिल्ने ठहर गरेको थियो। उनीहरूको निष्कासन धेरै कारणहरूबाट समस्यामूलक थिए र ती हुनु सायद स्वाभाविक पनि थियो। भर्ना हुँदाका बखत नाबालक पनि रहेका र शिविर छाड्न पनि चाहने लडाकूहरूलाई त्यसो गर्न दिइयो र त्यो ठीकै पनि थियो। तर निष्कासन हुने बेलासम्म आइपुग्दा उनीहरूमध्ये धेरै जनाको उमेर १८ वर्ष वा त्यसभन्दा माथि पुगिसकेको थियो। उनीहरूका दृष्टिमा उनीहरूलाई जनमुक्ति सेना र माओवादी पार्टीबाट जबर्जस्ती अलग पारिनु अनावश्यक थियो र त्यो उनीहरूमाथिको प्रहार थियो। जनमुक्ति सेनामा निकै लामो समय बिताइसकेका हुनाले र मोर्चामा लडिसकेका पनि हुनाले धेरैले आफूलाई पक्का लडाकू ठानेका थिए।[१११] जनमुक्ति सेनामा प्रवेश गरेर आफुखुसी त्यहाँ बसेकाहरूले शिविरबाट बाहिरिनु पर्दा आफूलाई दिशाविहीन र अपमानित भएको पाए।[११२]

संयुक्त राष्ट्रले सुझाएको र पहिलो पटक शान्ति तथा पुनर्निर्माण मन्त्रालयका प्रतिनिधिहरूद्वारा प्रस्तुत पुनःस्थापनाका उपायहरूलाई पनि अपमानका रूपमा हेरिएको थियो। संयुक्त राष्ट्रका विभिन्न निकायहरू रहेका एउटा समूहले व्यावसायिक सीपको तालिम, सानातिना उद्यम र कारोबारका लागि सहयोग तथा औपचारिक शिक्षा आदि मिलाइएको एउटा प्याकेज अघि सारेको थियो।[११३] त्यसबाट लडाकूहरू रुष्ट हुने एउटा कारण त के थियो भने सुरुमा मन्त्रालयका अधिकारीहरूले लडाकूहरूका इतिहास र सन्दर्भलाई उल्लेखै नगरी पुनःस्थापनाका विकल्पहरूलाई सर्सती यसै प्रस्तुत गरे।

---

[१०६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २०११। एक जना कमाण्डरले लेखेः "हामीहरू पैसा कमाउन जनमुक्ति सेनामा लागेका होइनौं, तर त्यसको मतलब अरूहरूले थुप्रो कमाइराखेको हेरी बस्छौं भन्ने पनि होइन।" राम ढकाल, "ऋतिक", माथि उल्लेखित।

[१०७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, मे २०११।

[१०८] अयोग्य ठहरिएर निष्कासनमा परेकाहरूमा रहेको असन्तुष्टि मरेको छैन। अझसम्म उनीहरू पार्टीले उनीहरूलाई सहयोगको राम्रो प्याकेज प्रदान गरोस् र त्यो प्रमाणीकरणमा परेका लडाकूहरूलाई दिइने प्याकेज जत्तिकै होस् भन्ने माग गरिरहेका छन्। सन् २०११ को जुलाई र अगस्टमा अवकाशप्राप्त पूर्वलडाकूहरूको एउटा ठूलो समूह माओवादी नेतृत्वसित वार्ता गर्न काठमाडौं आएका थिए। उनीहरूले एक दिन काठमाडौं बन्द पनि गरेका थिए।

[१०९] यकिन सङ्ख्या उपलब्ध छैन, तर ७,००० भन्दा माथि भएको अनुमान गरिएको छ।

[११०] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको राजीतिक संस्कार*, माथि उल्लेखित।

[१११] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अयोग्य लडाकूहरू, सुनसरी, झापा, पाँचथर, अप्रिल, २०११। "Children in the Ranks: The Maoists' Use of Child Soldiers in Nepal", Human Rights Watch, फेब्रुअरी २००७।

[११२] सबै जनालाई यसै श्रेणीमा राख्न सकिन्न। उमेर नपुगेका कारणले अयोग्य भएकाहरूको के गुनासो थियो भने उनीहरूलाई जबर्जस्ती भर्ना गरिएको थियो, ढाँटेर ल्याइएको थियो वा उनीहरूका धेरै साथीहरू भर्ती भएकाले उनीहरू पनि आएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, जनमुक्ति सेनाका अयोग्य लडाकूहरू, सुनसरी, झापा, पाँचथर, अप्रिल २०११, अनमिनका पूर्वकर्मचारीहरू, काठमाडौं, मे २०११।

[११३] "Assistance to the Peace Process", संयुक्त राष्ट्र विकास कार्यक्रम, नोभेम्बर २०१०। दातृ संस्थाहरूको सहयोगमा बनेको नेपालका लागि संयुक्त राष्ट्र शान्ति कोषबाट यो रकम बेहोरिएको थियो। जून २०१२ मा समाप्त हुने दुई वर्षे प्रक्रियाका लागि ९० लाख ४५ हजार अमेरिकी डलर खर्च हुनेछ।

प्याकेजमा त्यस्तो खराबी केही थिएन[११४] (यद्यपि कृषिमा आधारित विकल्पहरू सुनेर सबै रिसाएका थिए)।[११५] तर पुनःस्थापना कार्यबाट बृहत्तर समाजमा कुनै आक्रोश उत्पन्न नहोस् र फेरि सशस्त्र विद्रोह नउठोस् भन्ने मनसायले प्याकेजलाई धेरै आकर्षक बनाइएको थिएन। त्यसमा उपयोगी कुराहरू परेका भए तापनि लडाकूहरू वास्तवमा को हुन्, माओवादी सेना र पार्टीसित उनीहरूको सम्बन्ध कस्तो छ र उनीहरू घर फर्कन चाहन्छन् चाहँदैनन् वा फर्कन सक्छन् सक्दैनन् भन्नेबारे कुनै कुरा नबुझी प्याकेज तयार पार्ने तरिका प्रत्युत्पादक थियो।

माओवादी पार्टी र जनमुक्ति सेनाले पनि गम्भीर किसिमका केही पाइला चाले। प्रमाणीकरण कार्य सकिएपछि नाबालक र पछि भर्ना भएका ठहरिएका लडाकूहरूलाई जनमुक्ति सेनाले उनीहरूलाई अझै पनि अरू लडाकूसरह मानेको र अरूसरह उनीहरूको पनि सुरक्षा बलहरूमा समायोजन हुनेछ भनेर आश्वस्त पारेका थिए। संयुक्त राष्ट्र विकास कार्यक्रमलाई शिविरहरूमा गई उनीहरूका आवश्यकताबारे अध्ययन गर्न दिइएन, जसले पुनःस्थापनाको प्याकेज उपर असन्तुष्टि बढाउने काम गऱ्यो। नेतृत्वले सन् २००९ को आखिरीतिर अयोग्य लडाकूहरूलाई निष्कासन गर्ने निर्णय लिइसक्दा पनि उनीहरूलाई त्यो अस्थायी भएको र उनीहरू छिटै फर्केर आउनेछन् भनिएको थियो। केही लडाकूहरूले भनेअनुसार उनीहरूलाई वास्तविक कुरा बताइएको थिएन र हठात् निष्कासनमा पर्नु पर्दा उनीहरूलाई ठूलो धक्का लागेको थियो।[११६] पुनःस्थापनाको प्रयासलाई पनि पार्टीले रोक्ने काम गऱ्यो। पार्टीले अयोग्य ठहरिएका लडाकूहरूलाई सरकारी प्याकेज स्वीकार गर्न हुँदैन भन्यो। पार्टी र जनमुक्ति सेनाका वरिष्ठ नेताहरू आफूहरूबाट गल्ती हुन गएको र निष्कासनमा पर्ने लडाकूहरूउपर उचित ध्यान दिन नसकेको स्वीकार गर्छन्। निष्कासित लडाकूहरूउपर भएको अर्घेलोलाई पार्टीले अहिले आएर सच्याउन खोज्दा त्यसको सोझो प्रभाव समायोजन र पुनःस्थापनाबारेको सम्झौतावार्तामा पर्नेछ, किनभने माओवादीहरूले ती लडाकूहरूलाई पनि समावेश गरिनुपर्ने कुरा उठाउनेछन्।[११७]

यस क्रममा धेरै महत्त्वपूर्ण प्रावधानहरू हराएर गए, हुन त तालिमका साथसाथै मनोसामाजिक सहयोग र असल वृत्ति विकासबारे परामर्श दिएर पछिल्लो समयमा संयुक्त राष्ट्रबाट त्यस खाडललाई पुर्ने काम भयो। यी कुराहरू समायोजन तथा पुनःस्थापनाको प्रक्रियामा महत्त्वपूर्ण रहिरहनेछन्, त्यसका साथै महिला लडाकूहरूलाई खास किसिमको सहयोग दिने कुरा पनि उत्तिकै महत्त्वको हुनेछ।[११८]

निष्कासनको प्रक्रिया सुरु भएको केही महिनापछि नै अयोग्य ठहरिएका धेरै लडाकूहरूलाई पार्टीमा आफूलाई ठाउँ मिल्दैन र पार्टीका अन्य सञ्जाल पनि स्वतन्त्र रूपमा काम गर्न चाहनेहरूका लागि खुला हुँदैन भन्ने यथार्थबोध भइसकेको थियो। धेरै अयोग्य लडाकूहरूले घर फर्कने निर्णय लिए र फर्के पनि। तर उनीहरू घरमै बसिरहने हुन् वा होइनन् त्यो प्रस्ट भइसकेको छैन।[११९]

समग्रमा नागरिक जीवनमा फर्कंदाको अनुभव मिश्रित रहेको छ। सम्भावित रोजगारदाताहरूले आफूलाई विश्वास नगरेको केहीको गुनासो रहेको छ। अरूचाहिँ युद्धकालमा शत्रु कमाएकोले आफू असुरक्षित रहेको अनुभव गर्छन्। सबै नभए पनि केही महिला लडाकूहरू आफ्नो चरित्रमा धब्बा लागेको ठान्छन्। खासगरी अन्तरजातीय विवाह गर्ने र जसका पतिहरू अझै शिविरमा छन् तिनलाई यो समस्या बढी परेको छ।[१२०] स्थानीय तवरमा पनि मानिसहरू सुरक्षासम्बन्धी केही गडबडी भयो वा हुन लाग्यो भने वा कुनै खास अपराधको घटनामा निष्कासित लडाकूहरूलाई नै दोस्याउने गर्छन्। तर लडाकूहरू सशस्त्र समूहमा लागेका वा अन्य आपराधिक गतिविधिहरूमा संलग्न भएका प्रमाणहरू भने भेटिएका छैनन्।[१२१]

---

[११४] माओवादी कमाण्डरहरूको उपस्थितिमा निष्कासन प्रक्रिया चलेको बखत कुनै पनि लडाकूले प्याकेजप्रति रुचि देखाएनन्। संयुक्त राष्ट्रका कर्मचारीले हरेक लडाकूसित गरेका छुट्टाछुट्टै कुराकानीमा करिब १० प्रतिशतले मात्र त्यो प्याकेज रुचाएको बताए। तर पछि त्यस कार्यक्रमको पैसा नलाग्ने फोनमा जानकारी माग्नेहरूको सङ्ख्या बढ्यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, संयुक्त राष्ट्र अन्तरसंस्था पुनःस्थापना कार्यक्रम (UNIRP) का कर्मचारीहरू, जुलाई २०११। सन् २०११ को जुलाईको मध्यसम्ममा करिब २,४०० मध्ये ७७२ जनाले आफ्नो कोर्स पूरा गरे, ३५० जनाभन्दा धेरैले रोजगार पाए र ९१० जनाले तालिम लिइरहेका थिए। "Bi-weekly report", UNIRP, १९ जुलाई २०११।

[११५] जनमुक्ति सेनाका बहुसङ्ख्यक लडाकूहरू ग्रामीण पृष्ठभूमिबाट आएका छन्। एक जना लडाकूले सन् २००९ मा मन्त्रालयका अधिकारीलाई कराएर भनेका थिए, "मेरा बा बङ्गुर पालन गर्थे, तपाईंले मलाई त्यो कसरी गर्ने भनेर सिकाउन पर्दैन", क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं।

[११६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अवकाश दिइएका लडाकूहरू, सुनसरी र पाँचथर, अप्रिल २०११।

